# मधेशी आयोगको

# छैठौं वार्षिक प्रतिवेदन
(आ.व. २०८०/८१)




## मधेशी आयोग, नेपाल
२०८१

# मधेशी आयोगको

## छैठौं वार्षिक प्रतिवेदन

(आ.व. २०८०/८१)

मधेशी आयोग, नेपाल

२०८१

# मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन

प्रकाशक - मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं. +९७७-०१-५२६९१८५

हेल्पलाईन : ११४८

टोल फ्रि : १६६००११६१८५

अङ्क - छैठौं

Website :www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकारः ©मधेशी आयोग

कम्प्युटर-मुद्रण — दीपकिरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, विजुलीबजार, काठमाडौं

# नेपाल

संघीय नेपालको प्रादेशिक सिमाङ्कन





# नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।



*सम्माननीय राष्ट्रपतिज्यूलाई पाँचौ वार्षिक प्रतिवेदन बुझाउनुहुदै आयोगका माननीय अध्यक्षज्यू*



*सम्माननीय राष्ट्रपतिज्यूसँग आयोगका पदाधिकारीहरू*



*सम्माननीय राष्ट्रपतिज्यूसँग आयोगका कर्मचारीहरू*



# आयोगका पदाधिकारी




**डा. विजय कुमार दत्त**
मा. अध्यक्ष
मो. ९८५४०२२८८२



**जीवछ साह**
मा. सदस्य
मो. ९८५२८३३३४४



**रेणु देवी साह**
मा. सदस्य
मो. ९८४२८२०३२७



**विजय कुमार गुप्ता**
मा. सदस्य
मो. ९८४८०५४३५३



**आभा कुमारी सिंह**
मा. सदस्य
मो. ९८०३४७३३१४



**नरेश राज खरेल**
सचिव
मो. ९८४१८१३१०२

मधेशी आयोग
ज्वागल, ललितपुर

प.सं.: २०८१/८२
च.नं. १६

फोन नं. ०१-५२६५१८९
टोल फ्रि नं. १६६००११६१८५

मितिः २०८१।४।१८

सम्माननीय राष्ट्रपतिज्यू ,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

**विषय- छैठौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक बर्ष २०८०/८१ मा सम्पादन गरेका कार्यको छैठौं वार्षिक प्रतिवेदन यसै पत्रसाथ पेश गरेको छु ।

भवदिय

डा. विजय कुमार दत्त
अध्यक्ष

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"
Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

# मन्तव्य

चैतन्य विज्ञान र पदार्थ विज्ञानको मुलमन्त्र नै जीवस्य जीवो जीवनम् को रहेको छ । यसले मानव अधिकार र मानवीय अधिकारको मानवमैत्री र मानवीय मुल्यलाई पुर्णरुपेण् अंगीकार र स्वीकार गरेको छ । कर्मादित्य र फलादित्यको पथगामिनी हुनको लागि जयार्थी, योगार्थी, लगायतका जनरक्षार्थीको स्पन्दन र प्रतिस्पन्दनको परार्थ र परमार्थलाई व्यक्तिगत र  संस्थागत भाव, भावना र भविष्यगामी हुनै पर्ने देखिन्छ । अपरिहार्य र अर्द्ध-अपरिहार्ययतालाई विभक्तियुक्तामा राख्नु पर्छ । मानवलाई मानवताको प्रबलीकरण र सबलीकरणको विद्वता मात्र हैन प्रज्ञतालाई अर्हिनस उपकरणको विनियोग हुनु पर्ने देखिन्छ। सत्यम् वदः  प्रियम् वदः जनमुखि भवः को सहि मार्गचित्र बनाउनु विकल्परहित विकल्प र अत्योत्तम पथ हुन । अदेहीमा देहि र विदेहीमा देहिको दिव्यदृष्टि पथका सबै अधिकारवादी आयोग, संघ, संस्था र सँगठनहरु पथिक रहेका छन/ वनेका छन् । सन्यस्थ, ज्ञानस्थ र एकलव्यी ध्यानस्थले सुर्योदयमा सौन्दर्यमात्र हैन सुर्यास्तमा पनि सौन्दर्य को परम् ध्येय र उद्देश्य देखिने समत्वमा एकत्व र एकत्वमा समत्व कै लागि मधेशी आयोगको स्थापना भएको छ ।

कुनै पनि संस्था निर्माणका लागि विचार-उद्देश्य, नीति, सँगठन, संरचना, मानवस्रोत, भौतिक स्रोत, अनुगमन, मुल्यांकन र सो अनुसार पुनः कार्यसंचालनको आवश्यकता हुन्छ । मानव अधिकारका सिद्धान्त र मानवीय मुल्यका अवधारणानुसार सोऽहम् पथका पथिक हुनु पर्ने हुन्छ जसवाट समाजवादको हुंदै साम्यवादतिरको वाटो अग्रसारित हुन्छ । तर, व्यवहार र आचरणमा दासोऽहम् पथ अवलम्वन गरेको देखिन्छ । कालान्तरमा वा कुनै कालखण्डमा सो सिद्धान्त यदि राज्यले अवलम्वन गरेको थियो भने सो अवस्थालाई सुधार्न पापोऽहम् को भावनालाई आत्मिकरुपले नै राज्य स्वीकार्यगरि मानवोचित्त भावना अंगीकारगरि समाधानार्थ पथका पथिक हुन्थ्ये र हुनुपर्ने हुन्छ । यसै अवस्थालाई नै सर्वस्वीकार्य गरिएको देखिन्छ। तर, नेपालीय परिपेक्षमा यि भावनालाई निषेधित गर्न प्रयास गरेको पाइन्छ । व्यक्त गर्न सक्ने लाई नै व्यक्ति भनिन्छ र सो नै मानव अधिकारको आधारभुत तत्व हुन । तर, अव्यक्तताको भुमरी यत्र, तत्र र सर्वत्र रहेको छ । वृषभको रुपधारण अझै रहेकै छ ।

निश्चल र कलकल धारा प्रवाहित कहिले हुन्छ यक्ष जिज्ञासु जन जन रहेका छन्। आयोग कर्मानुबन्ध र त्रृणानुबन्धमाको भावनावाट प्रेषित र सम्प्रेषित छ । त्वदियंवस्तु वाट युक्ति र तृप्ति निर्वासनाको अवस्था जटिल रहेको छ । भावशालीको अवस्था हुनुपर्नेमा रुधिरान्धताको शक्तिले आक्छादित गरेको छ ।

संविधानको धारा ४२ मा सामाजिक न्याय सम्बन्धी व्यवस्था गरिएको छ र सोहि अनुसार पहिचान, पहुँच र प्रतिनिधित्वको को व्यवस्था लिखतममा गरिएको भएतापनि सो व्यवस्था उचितरुपमा व्यवहारपरक हुन नसकेको यर्थाथता लुकाएर पनि लुकिन्न ! विद्यमान अवस्थामै पहिचानभित्रको पहिचान, पहुँचभित्रको पहुँच र प्रतिनिधित्वभित्रको प्रतिनिधित्वमा गम्भिर संकट देखा परेका छन् ! वस्तुतः वर्गीयताको अवस्था कोसौं टाढा रहेको छ । तथ्यपरक रोग अनुसारको औषधी जसले सामाजिक न्याय निरुपणमा प्रभावकारी भई काम गर्छ । सो अग्नितापी हुन सकेको छैन । Beating the Drum without reason & rhythm को यर्थातता विद्यमान छ । अमावशमा पुर्णिमाको खोजीको उर्ध्ण्यगमनको खोजी हुनु पर्ने हुन्छ ।

अधिकार र कर्तव्यलाई हेर्न जात भित्रका वर्ग र वर्गभित्र रहेका जातहरुको यथार्थपरक समस्या समीचिनतः निदान गर्नु आवश्यक छ । आयोगले तथ्यपरक समस्या समाधार्थ अहोरात्र कार्यमा लागेको छ ! सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय न्याय, प्रशासनिक, राजनितिक, शैक्षिक र आरक्षित अवस्थाको अध्ययन आयोगले गरि संवैधानिक दायित्व अनुसार अग्रसारित गरेको छ । अति न्यून स्रोत र साधनका बावजुद पनि स्थापनाकाल देखि नै यसले कानुनीरुपमा परिभाषित जिम्मेदारी अनुसार समस्या पहिचान, वर्ग पहिचान, लोगो निर्माण, पदाधिकारीदेखि कर्मचारी सम्म प्रविधियुक्त व्यवस्था, पञ्चवर्षिय रणनितिक योजना निर्माण, उजुरी संकलन तथा कार्वाहीको सिफारिश, मघेशको परिभाषा र जातजातिको थरको निरुपण, खण्डीकृत तथ्यांकको प्रकाशन, राज्यमा मधेशी समुदायको पहुँच र मधेश प्रोफाइल अद्यावधिक गरि प्रकाशन गरेको छ । स्थापनाको छैठो वर्षमा पनि आयोगको वेरुजु शुन्य रहेको छ र, आयोग पुरष्कृत र सम्मानित समेत भएको छ।

प्राप्त कानुनी अधिकार अनुसार, आयोगले नीति निर्माणमा सहयोगी र जनचेतनामुलक कार्यक्रम सम्पादन गर्दै आएको छ ।

यि हिमालयसरि चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्नु नै आयोगको र्निविकल्प विकल्प रहेको छ । अविरामित पथका अथकित पथिक भई आयोगले कार्यहरु सम्पादन गरेको छ । नेपालीय माटोको सुगन्धलाई अझ वढि सुगन्धित गर्नु नै निसन्देह, प्रथमतः Nation then Emotion को पवित्र भावना आयोगको रहेको छ । मुलुक दर्शन अत्यावश्यक छ । तर, मुलुकभित्र रहेका रैथाने भुमिपुत्रहरुलाई अधिकारमुखी र कर्तव्यमुखी वनाउने कार्य र जिम्मेवारी पनि लोकतांन्त्रिक राज्य कै रहेको छ, समुचित हुन सकेको छैन ।

मुलुकभित्र खासगरी मधेशी लक्षित र केन्द्रित दीर्घकालीन समस्या जरैदेखि समाधान गर्नका लागि सकारात्मक सोचलाई गुणात्मक शिक्षासँग, गुणात्मक शिक्षालाई व्यवसायिक सीपसँग, व्यवसायिक शीपलाई रोजगारसँग, रोजगारलाई गुणस्तर उत्पादनसँग

गुणस्तरीय उत्पादनलाई उचित वजारसम्म, उचित वजारलाई समग्र मुलुकको विकाससँग समन्वय गर्नुपर्ने हुन्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक जस्ता आधारभुत आवश्यकताहरुलाई राज्यले नै संचालन गर्नु श्रेयस्कर हुनेछ ।

आद्रा/अदरा/अरदरा पर्वको सम्बन्धी आयोगले नवउत्खनन् गर्ने प्रयास गरेको छ जुन यसप्रकार रहेको छ :

कृषि कर्म र धर्मको लागि आवश्यक नक्षत्र आर्दा/अदरा/अरदरा नक्षत्र अत्यावश्यक नक्षत्र हो । यस नक्षत्रमा कृषकहरुले सनातनीहरुले मात्र हैन प्रत्येक समुदायले धान संस्कृतिमा आधारित कृषिकर्म को कार्यको प्रारम्भ गर्दछ ।

नेपालको सामाजिक,सांस्कृतिक र पारम्परिक जीवनमा कृषिमै मुख्यतः आधारित रहेको कुरा सर्वविदितै रहेको छ । यस नक्षत्रमा अवनीमा अरणीले आर्द्रता प्रदानगरि उर्जाको उर्द्धरोहन गर्दछ । बर्षभरिका २८ वटै अश्विनी, भरणी, कृतिका, रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पुर्वा फाल्गुणी, उत्तरा फाल्गुणी, हस्त, चित्रा, स्वाति, विशाखा, अनुराधा,

ज्येष्ठा, मुल, पुर्वाषाठा, उत्तराषाठा, श्रवण, घनिष्ठा, शतभिषा, पुर्वाभाद्रपद, उत्तराभाद्रपद, रेवतीर अभिजीत नक्षत्र हुन ।

यी नक्षत्रहरुमा तराई-मधेशका भुगोल मिथिला, भोजपुरा, अवध लगायतका क्षेत्रमा पारम्परिक संस्कृतिको रुपमा प्रत्येक घर घरमा रहेका कुलदेवी/कुलदेवता हरुको सामाजिक, सांस्कृतिक, धार्मिक तथा पारम्परिक भावनाहरुसँग नैतिक तथा कर्तव्यमुखी अनुशासनमा सम्वद्धताका लागि श्रद्धापुर्वक पुजन गर्ने परम्परा रहेको छ । यस्तो जीवनसँग अपरिहा्र्य रहेको नक्षत्रको महात्विक संचारिकरण दिनानुदिन ओझेलमा पर्दै गएको छ ।

मधेशी आयोगको ऐनमा अक्षरांकित अधिकार, ईतिहास र संस्कृतिको पहिचान र त्यसको संरक्षण, सम्वर्द्धन, संरक्षण र प्रवर्द्धन गर्न कार्य रहेकोले आर्दा पर्वको महत्वलाई पुर्नजागरणको लागि मधेशी आयोगले अन्तरक्रिया कार्यक्रम गरेको छ । यसरी तराई मधेशका भुगोलमा रहेका विभिन्न परम्परा, पर्व, मेला, महोत्सवलाई उजागर गर्दै जाने अठोट गरेको छ । स्थापना कालदेखी नै "नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा" तथा सरकारी सेवामा मधेशी समुदायको पहुँच विषयक कार्यक्रमहरु पूर्ण सफल भएका छन् ।

**स्थापनाकालदेखि आयोगले गरेको मुख्य मुख्य केही कार्यहरु**

१. आयोगको लागि आवश्यक पर्ने वैठक संचालन नियमावली, कार्यविधि, नियमावली लगायत कानुनी दस्तावेज तयार गरि कार्यान्वयन गरिएको,
२. आयोगको पन्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यन्वयनको लागि नेपाल सरकारमा पेश गरिएको,
३. आयोगको लोगो, वर्षतालिका निर्माण गरी कार्यान्वयन गरिएको,
४. समुदायको वस्तुस्थिति विवरण प्रकाशित गरी सिफारिश गरिएको,
५. जनतालाई आयोगसँग सहज पहुँचका लागि आयोगलाई पूर्ण प्रविधिमैत्री बनाइ (वेबसाइट, फेसबुक पेज, टोल फ्री, हटलाइन) कार्यान्वयन गरिएको,
६. न्यून स्रोत साधन तथा बजेटको अभाव भएपनि नेपालमा पहिलो मधेशी को हुन् भन्ने अध्ययन गरी मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गरिएको,

७. हाल सम्म (६ आर्थिक वर्ष) मा आयोग शुन्य वेरुजु रहेको र आयोग सम्मानित र पुरष्कृत भएको,

८. मानवीय जनशक्तिको आयोगमा कमी भएतापनि आयोगले परिभाषित कार्य अक्षरशः सुसम्पादन गरेको,

९. विज्ञहरुको सहयोगमा मधेशी समुदायको राज्यमा पहुँच अध्ययन प्रतिवेदन प्रकाशन गरी कार्यान्वयनका लागि नेपाल सरकारमा सिफारिश गरिएको,

१०. मधेशी समुदायका युवाहरुलाई सशक्तीकरण गर्नको निमित्त काठमाडौंमा निशुल्क लोकसेवा तयारी कक्षा संचालन गरिएको,

११. युवाहरुलाई लक्षित गरेर विभिन्न प्रदेशहरुमा लोकसेवा तयारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको,

१२. स्थापनाकालदेखि नै नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम संचालन गरिएको,

१३. विभिन्न संवैधानिक निकायहरु सँग सुमधुर समन्यय गरी सहकार्यमा काम गरिएको,

१४. समन्वय र सहकार्यमा मुलुक दर्शन कार्यक्रम संचालन गरी तराई-मधेशसँग हिमाल र पहाड तथा हिमाल-पहाडका जनतालाई तराई-मधेशका जनतासँग आर्थिक, सामाजिक, सास्कृतिक र आर्थिक सम्बन्ध प्रबर्द्धन गर्न सहयोगी भूमिका निर्वाह गरिएको,

१५. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, नेपाली सेना जस्ता सुरक्षा निकायका प्रमुख तथा उच्चपदस्थ अधिकारीहरु सँग समय-समयमा समसामयिक विषय बारे गहन छलफल गरी नतिजामुखी निष्कर्षहरु निकालिएको र सिफारिस गरिएको,

१६.. राष्ट्रिय गौरवका आयोजनाका उच्चपदस्थ अधिकारीहरुसँग कार्यान्वयनको अवस्था बारेमा गहन विमर्श गरी यथाशीघ्र कार्यान्वयन हेतु सिफारिश गरिएको,

१७. आयोगमा प्राप्त उजुरी उपर तुरुन्त कारवाहीको लागि सम्बन्धित निकायलाई सिफारिश गरिएको र सो प्रतिशत ९० प्रतिशत भन्दा बढी रहेको,

१८. आयोगले गरेका निर्णयहरुको कार्यान्वयन ९५% भन्दा बढी रहेको,

१९. सामाजिक दुर्व्यवहार तथा भेदभाव सम्बन्धी घटनाहरुमा तुरुन्त सिफारिस गरी कारवाही गराईएको,

२०. नेपाल सरकारलाई समय-समयमा विभिन्न घटनाहरु बारे गम्भीर ध्यानकर्षण गराइएको,

२१. विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरुसँग सहकार्य गरी लक्षितवर्गको लागि विभिन्न कार्यक्रमहरु आयोजना गरिएको,

२२. विभिन्न मुलुकहरुका NHRIs सँग Virtual र Physical तवरले सम्बन्ध स्थापित गरी लक्षित वर्गका समस्या समाधान तर्फ कार्य सम्पादन गरिएको,

२३. माटोको सुगन्ध लाई अझ अझबढी सुवासित गर्न र कानुनद्वारा परिभाषित कार्य र आयोगका १०० भन्दाबढी वैठकहरु सर्वसम्मत ढंगले सुसम्पादन गरिएको ।

२४. मुलुकमा One Nation, One Constitution को एकलव्यी भावनामा कानुनको निर्माण र प्रयोग हुनुपर्ने जसबाट मुलुकको एकता, अखण्डता र सामिप्यतामा अभिवृद्धि हुनेछ जस्ता कालजयी कार्य सम्पादन गरिएको ।

२५. आयोगको लोकप्रिय Slogan **"जहाँ समस्या त्यही मधेशी आयोग"** । अक्षरशः कार्यान्वयनको प्रयास ।

२६. आयोग सँग-सँगै रहेको वहुआयामिक समृद्धि र सुशासनको अभियान, पहुँच, रुपान्तरण र सशक्तीकरणको सुप्रस्थान आत्मसात् गरेको ।

यस छैठौं वार्षिक प्रतिवेदन तयारी गर्न प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सम्पुर्ण प्राज्ञजन, पदाधिकारी, कर्मचारी, जनरक्षक लगायतलाई कोटीकोटी नमन र नमस्कार !

जय जानकी, जय नेपाल

जय वुद्ध, जय नेपाल ।

डा. विजयकुमार दत्त
अध्यक्ष
मधेशी आयोग।
vijay.dutta2011@gmail.com

# प्राक्कथन

हाम्रो देश बहुल जातजाति, भाषाभाषीको राज्य हो । बहुलपन हाम्रो परिचय हो । देशमा रहेका विविध जातजाति, भाषाभाषी समुदाय मध्ये मधेशमा रहने जातजाती, भाषाभाषीको हकहितको संरक्षण र सम्बर्द्धनका लागि मधेशी आयोगको स्थापना भएको हो । आयोगको उद्देश्य बमोजिम आयोग आफ्नो कार्य क्षेत्रमा सक्रिय रुपमा कार्यरत छ । आयोगबाट गरिएका सिफारिस र अनुगमनबाट मधेशी समुदायमा भएका गलत क्रियाकलापहरुमा दोषी उम्कन नपाउने र पीडितले न्याय पाउने अवस्था रहेको छ । सालवसाली रुपमा मधेशी आयोगबाट सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश हुने प्रतिवेदनबाट मधेशी समुदायमा थप गर्नुपर्ने सुधारको विषय र यसबाट प्राप्त प्रतिफल र परिणाम सम्बन्धमा समेत उल्लेख गरिने हुँदा मधेशी समुदायको उत्थानका लागि यो प्रतिवेदन कोशे ढुङ्गा सावित हुने कुरामा दुईमत छैन । आयोगको वार्षिक प्रतिवेदन तयारीमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण आयोग परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

नरेश राज खरेल
सचिव
मधेशी आयोग

# विषय सूची


पेज नं.

कार्यकारी सारांश.......................................................................(i-vi)

परिच्छेद— १

प्रारम्भिक.......................................................................१

१.१ पृष्ठभूमी.......................................................................१

१.२ आयोगको उद्देश्य.......................................................................१

१.३ आयोगको काम, कर्तव्य र अधिकार.......................................२-४

१.४ संगठन.......................................................................४

परिच्छेद—२

आयोगबाट सञ्चालित र गतिविधि र कार्यक्रम.......................................५

२.१ हक हितको संरक्षण.......................................................५

२.१.१ उजुरी.......................................................................५

२.१.२ अनुगमनका कार्यक्रमहरु.......................................................६-७

२.२ अधिकार प्रबर्द्धन तथा सशक्तीकरण.......................................७

२.२.१ प्रतिवेदन प्रकाशन.......................................................७

२.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम.......................................७-८

२.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम........... ९-१०

२.२.४ मधेश प्रोफाइल.......................................................१०

२.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया.......................................११-१३

२.३ आयोगका गतिविधिहरु.......................................................१४

२.३.१ आयोगका वैठकका निर्णयहरु.......................................१४

२.३.२ आयोगका प्रेस विज्ञप्ति.......................................................१४

२.३.३ मुलुक दर्शन.......................................................१४

परिच्छेद —३

३.१ सुझाव तथा सिफारिस ..................................................१५-२९

३.१.१ आयोगका तर्फबाट प्रस्तुत गरिएका सुझाव तथा सिफारिस....................................................१५

परिच्छेद— ४

भौतिक स्रोत साधन र उपयोगको अवस्था.......................................३०

४.१ आयोगको भौतिक सम्पत्ति....................................................३०

परिच्छेद —५

उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु....................................३१

५.१ उपलब्धीहरु ........................................................३१-३३

५.२ समस्या तथा चुनौतिहरु..............................................३३-३४

५.३ आयोगको अपेक्षा तथा भावी कदमहरु .................................३५-४०

परिच्छेद—६

कार्यक्रम र लागत ..............................................................४१

६.१ वार्षिक कार्यक्रम र खर्च.....................................................४१

अनुसूचीहरु

अनुसूची- १: मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण.........४२-४५

अनुसूची- २: आयोगमा परेका उजुरीहरुको विवरण............................४६-५१

अनुसूची- ३: प्रदेशगत कार्यक्रमहरु ..............................................५२-६४

अनुसूची- ४: आयोगका पदाधिकारीबाट गरिएका अनुगमनहरु................६५-७७

अनुसूची- ५: मधेश प्रोफाइल.....................................................७८-१७६

अनुसूची- ६: आयोगका बैठकहरु ...............................................१७७-१८५

अनुसूची—७: आयोगका प्रेस विज्ञप्ति ............................................१८६-२१८

अनुसूची—८: भौतिक श्रोत र साधनको अवस्था............................ २१९-२२२

अनुसूची—९: आयोगका आर्थिक विवरण ..................................... २२३-२२८

अनुसूची—१०: विविध क्रियाकलापको फोटो ग्यालरी..................... २२९-२५८

# कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले आफ्नो स्थापना काल देखि संवैधानिक परिधि तथा ऐन कानुन भित्र रही कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

## १. हक हितको संरक्षण

### (क) उजुरी

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी आयोगको ऐनको दफा ७ (ठ) अनुसार सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कानुनी जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल ५८ वटा उजुरी तथा गुनासाहरु आयोग समक्ष प्राप्त भएका छन् । यस आयोगले पिडितलाई न्याय दिलाउन ती वार्षिक रुपमा प्राप्त भएका उजुरीहरुको आवश्यक छानबिन तथा तहकिकातका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाएको छ ।

(अनुसूची २ सँग सम्बन्धित)

### (ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि विकासको समग्र अवस्थाको अनुगमनको लागि नीतिगत पृष्ठपोषण लिई आयोगबाट आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो । जसमा शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, चुरे क्षेत्रको अवस्था, स्थानीय तहको नीति तथा कार्ययोजना तयारी, शान्ति सुरक्षा सम्बन्धी समस्या, महिला हिंसा, घरेलु हिंसा, वालविवाह, लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व, दाइजोप्रथा, मिटरव्याजी पिडित, पर्यावरणजन्य न्याय/जलवायुजन्य न्याय, बाढि पिडित, सुकुम्वासी समस्या, मानव अधिकारको अवस्था, छुवाछुत, विभेद, मधेशी समुदायका अति विपन्न र विपन्न समुदायको आर्थिक अवस्था र भौतिक पूर्वाधारहरुको

अवस्था आदिको बारेमा बुझ्न तथा आगामी दिनमा चालिनु पर्ने कदमको बारेमा सुझाव लिन आयोगबाट विभिन्न समयमा अनुगमन गरिएको थियो ।

(परिच्छेद २/अनुसूची ४ सँग सम्बन्धित)

## २. सम्बर्द्धन

### (क) मधेश प्रोफाइल

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित राष्ट्रिय जनगणना २०७८ को श्रोतमा आधारित रही तयार गरिएको यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको वस्तुस्थिति चित्रण गर्ने दृष्टिकोणले महत्वपूर्ण कार्य गरेको छ । यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको आकार एकिन गर्न, मधेशी समुदायका भाषभाषीको सङ्ख्या एकिन गर्न, मधेशी समुदायसँग सम्बन्धित प्रमुख कला, संस्कृति, परम्पराको एकीकृत अभिलेख कायम गर्न तथा नेपालको मूल प्रवाहमा मधेशी समुदायको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गर्ने दिशामा उपलब्ध साधन स्रोत तथा तथ्याङ्कलाई मध्यनजर गर्दा यस प्रतिवेदनको योगदान निकै महत्वपूर्ण रहेको अपेक्षा गरिएको छ ।

(परिच्छेद २/अनुसूची ५ सँग सम्बन्धित)

### (ख) अन्तरक्रिया कार्यक्रम

आ.व. २०८०।८१ मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन् । आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ । सो सन्दर्भमा कार्यपत्रात्मक कार्यक्रमहरु समेत

सम्पन्न गरिएको थियो । साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ। वोक्सीप्रथा निरुत्साहन सम्बन्धी जनचेतनामूलक मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले वोक्सी प्रथालाई निर्मुल पार्ने उद्देश्यले तयार पारिएको १०० मिनेटको चेतनामूलक सामाजिक डकुमेन्ट्री "**अग्नीदहन**" चलचित्रको बारेमा आयोगको सभाहलमा अन्तरक्रिया गरिएको थियो।पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यक्रमहरु, छुटेका जातजातिहरुलाई समाविष्ट गर्ने कार्यक्रम आदि रहेका छन् । यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सवै सरोकारवालाहरुको उत्तिकै जिम्मेवार र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ ।

(परिच्छेद २ सँग सम्बन्धित)

## २.१ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### (क) सशक्तीकरण

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले आत्मसात गरेको छ । साथै मधेशी समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ । त्यसैगरी मधेशी आयोग ऐनमा मधेशी समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्न, भइरहेका कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा सुधार गर्न, सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्न नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र कार्यक्रम आयोग स्वयमले गर्ने व्यवस्था रहेको छ ।

सोही अनुरुप मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख छ । राष्ट्र निर्माणमा यूवाहरुको भूमिका अहम् हुने हुँदा उनीहरुलाई राज्यको मूलप्रवाहमा ल्याउनुपर्ने आवश्यक हुन्छ । यही कुरालाई मध्यनजर गर्दै मधेशी आयोगले यूवाहरुका लागि "**नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम** " र लोकसेवा आयोगमा सहज पहुँच होस भन्ने हेतुले "**लोकसेवा तयारी कक्षा अभिमुखीकरण कार्यक्रम"** संचालन गरेको थियो । मूलतः मधेशी समुदायको सशक्तीकरण र पहुँचको लागि राज्यले हरेक निकायमा आरक्षणको व्यवस्था गरेको छ । सोही अनुरुप ती व्यवस्थाहरुको बारेमा जानकारी दिने, निजामती सेवा प्रवेश कसरी गर्ने, सेवा भित्र के कस्ता अवसरहरु छन । सेवा प्रवेशका लागि के कति योग्यता आवश्यक पर्छ आदि विषयमा प्रशिक्षण दिने तथा सहभागीहरुका जिज्ञासा संवोधन गर्ने ध्येयले कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा सम्पन्न भयो ।

**(ख) मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम**

परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको वारा जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्विनि प्रदेशको बाँके जिल्लाको नेपालगंजमा कार्यक्रम संचालन गरिएको थियो ।

### (ग) मुलुक दर्शनः

तराई मधेशका नागरिकलाई हिमाल र पहाडका नागरिकहरुसँग र हिमाल पहाडका नागरिकलाई तराई मधेशका नागरिकहरूसँग समन्वय, सहकार्य, सहअस्तित्व र सहभावनालाई अभिवृद्धि गर्नुका साथै एकअर्काको भाव, भावना र भावभूमीलाई नजिकबाट पहिचान गर्नुका साथै **समत्वमा एकत्व र एकत्वमा समत्वको** पवित्र राष्ट्रिय उद्देश्यलाई परिपुर्ति गर्न आयोगले विभिन्न संघसंस्थासँग समन्वय गरी विभिन्न भुगोलका धार्मिक, सामाजिक, सांस्कृतिक केन्द्रहरुसँग विमर्श तथा अन्तरक्रिया गरी सद्भाव बढाउने कार्य गर्दै आएको छ ।

**(परिच्छेद २ सँग सम्बन्धित)**

### (घ) प्रतिवेदन प्रकाशन

यस आयोगले आफूले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो, चौंथो र पाँचौ वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको छ । संविधानको धारा २९४(२) अनुसार कोशी प्रदेश, मधेश प्रदेश, वागमति प्रदेश र सुदुरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखहरु समक्ष आयोगको पाँचौं वार्षिक प्रतिवेदन पेश गरिएको छ ।

## २.२ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल

आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

(परिच्छेद २ सँग सम्बन्धित)

## २.३ आयोगका गतिविधीहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा **अनुसूची - ६** मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो संबैधानिक भूमिका निर्वाह गर्ने क्रममा विभिन्न मितिमा विभिन्न घटना, परिवेश विषयहरुको बारेमा विभिन्न विषयमा २२(बाईस) वटा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा **अनुसूची-७** मा उल्लेख गरिएको छ ।

## ३. सिफारिस

### (क) आयोगबाट गरिएका सिफारिस

मधेशी आयोगको ऐन, २०७४ अनुसार यस आयोगले तराई मधेशमा सामाजिक कुरीतिका रुपमा रहेका महिला हिंसा, घरेलु हिंसा, वालविवाह, लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व न्यूनीकरण, दाइजोप्रथा, बोक्सी/बोक्साप्रथा, शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, चुरे क्षेत्रको अवस्था, स्थानीय तहको नीति तथा कार्ययोजना तयारी, शान्ति सुरक्षा सम्बन्धी समस्या, मिटरव्याजी पिडित, पर्यावरणजन्य न्याय/जलवायुजन्य न्याय, बाढि पिडित, सुकुम्वासी समस्या, मानव अधिकारको अवस्था, छुवाछुत, विभेद, मधेशी समुदायका अति विपन्न र विपन्न समुदायको आर्थिक अवस्था र भौतिक पूर्वाधारहरुको अवस्था, सांस्कृतिक स्थल निर्माणार्थ प्रभावकारी रुपमा कार्य गर्न, चुरेको विनाशलाई रोक्न, तराई-मधेशमा रहेका पुरातात्त्विक महत्वका मठ-मन्दिरलाई उचित संरक्षण र विकास गर्न विश्व-सम्पदा सूचीमा सूचीकृत गर्न सरकारलाई सिफारिस गरिएको छ । **(परिच्छेद ३ सँग सम्बन्धित)**

# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइ विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। नेपाल सरकारको मिति २०७५।०७।२७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो । यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्त नियुक्त हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्य प्रारम्भ गर्नु भई मधेशी आयोगको नेतृत्व गर्दै आउनुभएको छ । त्यसैगरी मिति २०७७।१०।२१ मा सदस्यको रुपमा माननीय सदस्य जीवछ साह, माननीय सदस्य रेणु देवी साह र माननीय सदस्य विजय कुमार गुप्ता र मिति २०७८।३।१० मा माननीय सदस्य आभा कुमारी नियुक्त भई सपथ ग्रहण गरी कार्य प्रारम्भ गरेसँगै यस आयोगले कार्य सुसंचालन गर्दै आएको छ ।

## १.२ आयोगको उद्देश्यः

नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम तोकिएका छन् ।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, ।

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

**यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेका छनः**

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।

## १.४ संगठनः

आयोगको कार्य संचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ । नेपालको संविधानको धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु कार्यरत रहनुभएको छ । आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत सँगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत २६ जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ । सँगठन संरचना र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-१ मा दिइएको छ ।

# परिच्छेद— २

# आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २६२ मा व्यवस्था भए बमोजिम मधेशी आयोगको स्थापना गरिएको छ ।

मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो।

## २.१ हक हितको संरक्षण

### २.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा विभिन्न माध्यमबाट प्राप्त भएको पत्र, व्यक्ति, टेलिफोन, विभिन्न संस्थाहरु, सामाजिक सञ्जाल, मौखिक र विद्युतीय माध्यमबाट कुल ५८ वटा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा उजुरीहरु प्राप्त भएका छन् । आयोगमा प्राप्त हुन आएका उजुरीहरु विभिन्न माध्यमबाट संकलन गर्ने, दर्ता गर्ने, आयोग समक्ष पेश गर्ने, आवश्यक छलफल गर्नुपरेमा आयोगको बैठक बसी छलफल गर्ने र उजुरीको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ । यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको उजुरी सहितको वर्गीकरण अनुसूची-२ मा उल्लेख गरिएको छ ।

### २.१.२ अनुगमनका कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगबाट विभिन्न समयमा पूर्व मेची देखी महाकालीसम्म अनुगमनात्मक कार्य सुसम्पन्न भएको छ । मधेशी समुदायको जनजिविकाका सवाल र मधेशी समुदायको समग्र अवस्थाको अनुगमन गर्ने क्रममा विभिन्न धारणाहरु प्राप्त गरी ती विषयहरुलाई आयोगले गम्भिरतापूर्वक मनन गरी सम्बन्धित निकायमा समस्या समाधानको लागि सिफारिस गर्ने गरेको छ ।

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो । मिटरव्याज पीडित, चुरे संरक्षण, शैक्षिक संस्थाहरुको सशक्तीकरण सम्बन्धी कार्य भएको, स्थानीय तहमा नीति तथा कार्ययोजना सम्बन्धी अवलोकन, विभिन्न जिल्लाहरुमा उत्पन्न शान्ति सुरक्षा सम्बन्धी समस्या समाधानार्थ गरिएका स्थलगत कार्य, लक्षित विद्यालय तहमा दिवा खाजा कार्यक्रमको गुणस्तर सम्बन्धमा, महिला हिंसा र दाइजोको कारण उत्पन्न समस्याहरुको बारेमा, सहकारी पिडित, थर सूचिकरणमा जातजातिको पहिचान सम्बन्धी समस्या, राज्यमा पहुँच नभएका समुदायमा हुने विभिन्न समस्याहरुको बारेमा अनुगमन गरिएको थियो । त्यसैगरी मधेशी समुदायको राज्यमा पहुँचको अवस्थामा अझ प्रभावकारी सुधार हुनुपर्ने देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादहरुको यथार्थपरक जानकारीको लागि कार्यको प्राप्त गर्ने कार्य, साथै आयोगमा दर्ता भएका उजुरीहरु माथि सत्य तथ्य बुझ्ने गरी आयोगबाट अनुगमन भएको थियो ।अति विपन्न र विपन्न समुदायको पारस्परिक सीप, सम्बर्द्धनको अवस्थाको जानकारी प्राप्त गरिने कार्य, हिमाल, पहाड र तराई मधेशका धार्मिक तथा पर्यटकीय स्थलहरुको माध्यमबाट आय आर्जनलाई प्रत्यक्ष प्रभावकारी बनाउने सम्बन्धी कार्यहरु, सामुदायिक तथा सांस्कृतिक सम्बन्ध अभिवृद्धि गर्ने हेतुले जनस्तरमै गरिएका कार्य, सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित

निकायमा सिफारिस गरी पठाइएको थियो । आयोगबाट भएको अनुगमन सम्बन्धी विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।

## २.२ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### २.२.१ प्रतिवेदन प्रकाशन

यस आयोगले आफुले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो, चौंथो र पाँचौं वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको छ ।

संविधानको धारा २९४ (२) अनुसार कोशी प्रदेश, मधेश प्रदेश, वागमति प्रदेश र सुदुरपश्चिम प्रदेशको माननीय प्रदेश प्रमुखज्यू समक्ष पनि प्रतिवेदन पेश गरिसकेको छ ।

### २.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ । यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोँचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन् । परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको वारा

जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्बिनि प्रदेशको बाँके जिल्लाको नेपालगंजमा उक्त कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिबद्ध गरिएको छ । साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ ।

१. नैतिक शिक्षाको माध्यमबाट समग्र मानव जीवनमा वात्सल्य र माधुर्य भाव, समत्वको उर्द्धगमन तिरको यथार्थता प्राप्त हुने हुँदा नैतिक शिक्षाको उन्नयनमा सरकारले प्रभावकारी भूमिका खेल्नुपर्ने ।
२. वृद्धि(Growth), प्रगति(Progress), सफलता(Success) लाई एकत्व बनाउन आर्थिक क्रियाकलापमा नैतिकतासँगै आध्यात्मिकतातिरको सफल यात्राको लागि यो अत्यावश्यक अवयव हुनाले ।
३. यो शिक्षा मानब कल्याणका लागि भएको हुँदा यसको महत्वलाई सवै पक्षले आत्मसात गर्नुपर्ने ।
४. मानवजीवनलाई सामाजिक कु-संस्कार कुरीति र अन्धविश्वासबाट उज्यालो दिशातिर उन्मुख गराउनुपर्ने हुँदा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने ।
५. समाजमा रहेका राम्रा पक्षलाई प्रेरित गर्न यसले महत्वपूर्ण भूमिका खेल्नुपर्ने ।
६. समाज र राष्ट्रको विकासका लागि व्यक्तिगत सदाचार, स्वाबलम्बीले ठूलो भूमिका खेलेको हुन्छ भन्ने कुरामा जोड दिएको हुँदा नैतिक शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी रुपले संचालन हुनुपर्ने ।
७. व्यक्तिको ब्यबहार, विनम्रता, आदर, संस्कार जस्ता आधारभूत आवश्यक मान्यताहरुमा विशेष जोड दिनुपर्ने । जसवाट वाल—वालिकाहरु भविष्यमा असल र कुशल नागरिक भै देश, समाज र विश्व मै अनुकरणीय उदाहरण बन्न सक्ने ।
८. आयोगबाट नै वर्षेनी यस्ता जीवन उपयोगी कार्यक्रमहरु संचालन हुनुपर्ने ।
९. सफलतम व्यक्तिहरुलाई समेत अभिमुखीकरणमा सहभागी गराउनुपर्ने ।

### २.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ । नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ । यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ । यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमबाट मुलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा सम्पन्न भयो । यो कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरुलाई निम्नानुसार लिपिबद्ध गरिएको छ । साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ ।

**प्राप्त सुझावहरुः-**

१. लोक सेवा तयारी कक्षा संचालन तीनै तहको सहकार्य, समन्वयमा प्रभावकारी र फलदायी हुनुपर्ने ।
२. हरेक वर्ष सबै पदको छुट्टाछुट्टै कक्षा संचालन हुनुपर्ने ।

३. सीमित बजेटबाट लोकसेवा तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुने ।
४. लोकसेवा तयारी कक्षा अत्यन्त फलदायी भएकोले यस्ता कार्यक्रमलाई सघनतापूर्वक निरन्तरता प्रदान गर्नुपर्ने ।
५. ग्रामिण भेगमा पनि शहर जस्तो लोकसेवा तयारी कक्षाका संस्थाहरु हुनुपर्ने ।
६. सफल निजामती कर्मचारीहरुको "**जीवन**" सम्वद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष विचार सम्प्रेषण हुनुपर्ने ।
७. लोकसेवा तयारी सम्बन्धी १ दिने कार्यक्रम नभई निश्चित अवधि (३ महिना) को संचालन गर्नुपर्ने ।
८. सरकारी सेवामा पहुँच सम्बन्धी नागरिक समाज, बुद्धिजिवी लगायतको संचारमाध्यमसँग प्रचार-प्रसार, अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

## २.२.४ मधेश प्रोफाइल

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित राष्ट्रिय जनगणना २०७८ को श्रोतमा आधारित रही तयार गरिएको यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको वस्तुस्थिति चित्रण गर्ने दृष्टिकोणले महत्वपूर्ण कार्य गरेको छ । यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको आकार एकिन गर्न, मधेशी समुदायका भाषभाषीको सङ्ख्या एकिन गर्न, मधेशी समुदायसँग सम्बन्धित प्रमुख कला, संस्कृति, परम्पराको एकीकृत अभिलेख कायम गर्न तथा नेपालको मूल प्रवाहमा मधेशी समुदायको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गर्ने दिशामा उपलब्ध साधन स्रोत तथा तथ्याङ्कलाई मध्यनजर गर्दा यस प्रतिवेदनको योगदान निकै महत्वपूर्ण रहेको अपेक्षा गरिएको छ ।

(मधेश प्रोफाइल विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ)

### २.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया

क) बालविवाहलाई निर्मुलीकरण गर्नका लागि Plan International को सहकार्य र मधेशी आयोगको आयोजनामा मधेश प्रदेशको महोत्तरी जिल्लाको बर्दिवासमा मधेश प्रदेशका ८ वटै जिल्लाको धार्मिक गुरु, पण्डितज्यू, पुरोहित, मोल्वीहरुको सहभागितामा वालविवाह अन्त्यका लागि धार्मिक गुरुहरुको भुमिका विषयक कार्यक्रम मिति २०८० चैत्र २२ गते सम्पन्न भयो ।

ख) आयोगले अल्पकालिन, मध्यकालिन र दीर्घकालिन विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ । आ.ब. २०८०।८१ मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन् । आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ । सो सन्दर्भमा कार्यपत्रात्मक कार्यक्रमहरु समेत सम्पन्न गरिएको थियो । साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ । तराई मधेशको भुगोल मिथिला, भोजपुरा, अवध लगायतको क्षेत्रहरुमा प्रकृति पुजन र कृषि कर्म र धर्ममा आधारित नक्षत्र आद्रा/अदरा/अरदरा पर्व मनाउनको लागि महिला तथा सामाजिक मामिला समितिका माननीय सभापति श्री किरण कुमार साहज्यूको

प्रमुख आथित्यता तथा विशिष्ठ अतिथीहरु र सरोकारवालाहरुसँग अन्तरक्रियात्मक कार्यक्रम आयोगको सभाहलमा सम्पन्न भयो ।

वोक्सीप्रथा निरुत्साहन सम्बन्धी जनचेतनामूलक "मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल"ले वोक्सी प्रथालाई निर्मुल पार्ने उद्देश्यले तयार पारिएको १०० मिनेटको चेतनामूलक सामाजिक डकुमेन्ट्री "**अग्निदहन**" चलचित्रको बारेमा आयोगको सभाहलमा अन्तरक्रिया गरिएको थियो। त्यसैगरी तराइमधेशका भूगोलमा बालविवाह न्यूनीकरण सम्बन्धी जनचेतना जगाउने उद्देश्यले निर्माण गरिएको जुना चलचित्र प्रशासरण गर्न गराउन आयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपालका धार्मिक तथा सांस्कृतिक धरोहर तथा विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न सिफारिस गरिएकाहरुमध्ये विश्व प्रसिद्ध जानकी मन्दिर सहितका धरोहरहरुलाई संरक्षण गर्न गरिएका कार्य, पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यहरु, छुटेका जातजातिहरुलाई समाविष्ट गर्ने कार्य, यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सवै सरोकारवालाहरुको उतिकै जिम्मेवारी र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ ।

## सरोकारवालाहरुसँगको वैठक

| सि.नं. | मिति | कार्यक्रमको नाम | सहकार्य संस्था |
|---|---|---|---|
| १ | २०८० साउन २३ | संघीयतामा साहित्यः दशा र दिशा | डा. राजेन्द्र विमल प्रतिष्ठान |
| २ | २०८० साउन २६ | संस्थासँग युवा कार्यक्रम | Yes together we can |
| ३ | २०८० भाद्र २५ | मृतक आरती साहको न्याय सम्बन्धी कार्यक्रम | |
| ४ | २०८० असोज ६ | युवा सशक्तीकरण | संवाद फाउण्डेशन |

| सि.नं. | मिति | कार्यक्रमको नाम | सहकार्य संस्था |
|---|---|---|---|
| | | | |
| ५ | २०८० मंसिर १३ | समावेशीकरण सम्बन्धी अध्ययन प्रतिवेदन सम्बन्धमा | |
| ६ | २०८० फागुन ६ | संघीय निजामती सेवा विद्येयकमा सरोकारवालाहरुसँगको कार्यक्रम | |
| ७ | २०८० फागुन ९ | बहुभाषिक कवि गोष्ठी कार्यक्रम | |
| ८ | २०८० फागुन | होली कार्यक्रम | |
| ९ | २०८१ बैशाख १२ | अग्नीदहन चलचित्र अवलोकन | मान्छे वोक्सी कहिल्यै हुन्न...... |
| १० | २०८० चैत्र ७ गते | मधेशी आयोगको पाँचौ वार्षिकोत्सव कार्यक्रम | |
| ११ | २०८१ बैशाख २ गते | नयाँ वर्ष र जुडसितल | |
| १२ | २०८१ बैशाख | बालविवाह तथा दाईजो उन्मूलन सम्बन्धी कार्यक्रम | |
| १२ | २०८१ जेठ २७ | लोकसेवा आयोगबाट सिफारिस भएका मधेशी समुदायको नवनियुक्त शाखा अधिकृतहरुलाई सम्मान तथा अन्तरक्रियात्मक कार्यक्रम | |
| १३ | २०८१ जेठ ३० | मधेश दिवस मनाउने तिथि/मिति छलफल कार्यक्रम | |
| १४ | २०८१ असार १८ | आद्रा नक्षत्रको बहुआयामिक महत्वबारे अन्तरक्रिया कार्यक्रम | |

## २.३ आयोगका गतिविधिहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार संबैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्न अपेक्षित नतिजा र उद्देश्य प्राप्त गर्न, विवादित विषयवस्तुहरुको निक्यौल गर्न, सरोकारवालाबीच समन्वय कार्य गर्न, समस्याहरुलाई छिटो छरितो तवरबाट समाधान गर्ने क्रममा विभिन्न मितिमा ८ (आठ) वटा आयोगको बैठक बसी विभिन्न विषयमा निर्णय गरेको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

मधेशी आयोग ऐन, २०७४ को कार्यक्षेत्र भित्र रहि मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन, सशक्तीकरण, नीतिगत, कानुनी र संस्थागत सुधारका विषय, मधेशी समुदायभित्रका भाषा, लिपी, संस्कृति, ईतिहास, परम्परा, साहित्य, कलाको संरक्षण, विकासका साथै विभिन्न समयमा सिर्जित समस्याहरुको समाधानका लागि सरकारको भूमिकालाई प्रभावकारी र जनमुखी बनाई दवाव सिर्जना गर्न आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न मितिमा विभिन्न विषयमा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची - ७ मा उल्लेख गरिएको छ ।

### २.३.३ मुलुक दर्शन

तराई मधेशका नागरिकलाई हिमाल र पहाडका नागरिकहरुसँग र हिमाल पहाडका नागरिकलाई तराई मधेशका नागरिकहरूसँग समन्वय, सहकार्य, सहअस्तित्व र सहभावनालाई अभिवृद्धि गर्नुका साथै एकअर्काको भाव, भावना र भावभूमीलाई नजिकबाट पहिचान गर्नुका साथै **समत्वमा एकत्व र एकत्वमा समत्वको** पवित्र राष्ट्रिय उद्देश्यलाई परिपुर्ति गर्न आयोगले विभिन्न संघसंस्थासँग समन्वय गरी विभिन्न भुगोलका धार्मिक, सामाजिक, सांस्कृतिक केन्द्रहरुसँग विमर्श तथा अन्तरक्रिया गरी सद्भाव बढाउने कार्य गर्दै आएको छ ।

# परिच्छेद -३

## ३.१ सुझाव तथा सिफारिस

### ३.१.१ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु पेश गरिएको थियो।

**सिफारिसहरु :**

१. **पहिचान भित्रको पहिचानः-**

जनताको जनअपेक्षानुसार जनरक्षार्थ पहिचान, प्रतिनिधित्व र पहुँचको अवस्थालाई अझ लक्षित वर्गमुखि वनाउन पहिचानभित्रको पहिचान, प्रतिनिधित्वभित्रको प्रतिनिधित्व र पहुँचभित्रको पहुँचको अवस्थालाई कानुनी र व्यवहारिकरुपमा अंगिकारगरि विनियोगमा ल्याएमा सर्वजन हिताय र सर्वजन सुखायको सुखद अवस्था सृजना हुनेछ।

२. **बैंकिङ्ग लगानी विपन्नमैत्रीः-**

मुलुकमा रहेका वैक तथा वितिय संस्थाहरुको लगानी विपन्नमैत्री नभएको देखिन्छ।तसर्थ, लगानीको कम्तीमा ५०% रकम अतिविपन्न, विपन्न र मध्यम वर्गमा हुनुपर्ने जसबाट गरिवीको दुरावस्था र दुष्चक्रबाट जनता र मुलुकले त्राण पाउने छ। यसबाट मुलुक उर्द्धगमनतिर लम्किने छ ।

३. **निजामती सेवामा प्राविधिकिकरणः-**

मुलुकको चतुर्दिक विकासको लागि प्रविधि र प्राविधिक अत्यावश्यक नै हुन्छ । तर, सो अवस्था हालसम्म देखिएको छैन । तसर्थ, निजामति सेवामा पदपुर्ति हुने संख्याको कम्तिमा ६०% संख्या प्राविधिक बनाई सोहि अनुसार पदपूर्तिको कानुनी व्यवस्था सृजना गरी मुलुक अग्रगमनतिर जानेछ ।

## ४. सखडेश्वरी भगवतीलाई विश्व सम्पदा सूचीकृत गर्नः-

विश्व सम्पदा सूचीमा हालसम्मपनि नपरेका सप्तरीका सखडेश्वरी/सखडा भगवती शक्तिपीठलाई विश्वसम्पदामा सूचीकृत गरी श्रद्धालु र पर्यटकलाई अझवढी आर्कषित गरी/गराई रोजगार श्रृजना गर्नु पर्छ । यसवाट, स्थानीय तहको आय,प्रदेश सरकार र संघीय सरकारको आय र राजस्वमा वृद्धि हुनेछ । साथै, भारदह स्थित कंकालिनी माताको मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी मनग्य आय स्रोतको पुर्वाधार वनाई स्वदेशमै रोजगारीको वातावरण निर्माण हुनेछ ।

## ५. उच्च स्तरीय न्यायिक आयोग गठन गर्नः-

०६३/०६४ पछि भएका धार्मिक द्वन्दहरुको अनुसन्धानको लागि उच्चस्तरीय न्यायिक आयोग वनाई उत्पन्न द्वन्दको दीर्घकालीन निरुपण गरी मुलुकमा खासगरी तराई-मधेशमा सामाजिक, सांस्कृतिक समन्वय गर्नुपर्ने देखिन्छ । यसबाट मुलुकको अग्रगामी विकास हुनेछ ।

## ६. एकद्वार प्रणालीः-

मुलुकभित्र विभिन्न धार्मिक कार्यका लागि भित्रिने रकम/जिन्सीलाई एकद्वार प्रणालीबाट मात्र भित्र्याउनु पर्छ । यसबाट मुलुकमा सामाजिक सांस्कृतिक सामंजस्यताको वलियो रुप देखा पर्नेछ ।

## ७. सीमा व्यवस्थापनः-

नेपालसँग जोडिएका सीमा/वोर्डरलाई नियमन गर्नुपर्छ । यसवाट सीमा वारि-पारीका आपराधिक, गैर-कानुनी क्रियाकलापहरुमा नियन्त्रण हुनेछ र मुलुकहरु बीचको चतुर्दिक सम्बन्ध अक्षय हुनेछ ।

## ८. नक्षत्रहरुलाई सार्वजनिकिकरणः-

प्रदेश सरकार, स्थानीय सरकार र संघीय सरकारले कृषिको लागि आवश्यक नक्षत्र आर्दा/अदरा/अरदरा लाई स्थानीय, प्रादेशिक र संघीयरुपमै भव्यताका साथ आयोजना गर्नुपर्ने । यसबाट कृषिमा आधारित नेपालको सामाजिक, सांस्कृतिक र पारम्परिक जीवनमा उर्जा थपिने छ । यसका साथै, बर्षभरिका २८ वटै अश्विनी, भरणी, कृतिका,

रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पुर्वा फाल्गुणी, उत्तरा फाल्गुणी, हस्त, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मुल, पुर्वाषाठा, उत्तराषाठा, श्रवण, घनिष्ठा, शतभिषा, पुर्वाभाद्रपद, उत्तराभाद्रपद, रेवतीर अभिजीत नक्षत्रलाई वुझ्न र पर्व मनाउन सहजता हुनेछ । यी नक्षत्रहरुमा प्रत्येक घर घरमा रहेका कुलदेवी/कुलदेवताहरुको सामाजिक, सांस्कृतिक, धार्मिक तथा पारम्परिक भावनाहरुसँग जोडी पारिवारिक तथा नैतिक अनुशासनमा सम्वद्ध हुन सहजता हुनेछ ।

## ९. पर्यावरण न्यायः-

पर्यावरणलाई सुरक्षित तथा संरक्षित बनाउन पर्यावरणीय न्यायलाई जनसचेतीकरणको माध्यमबाट अग्रसारित गर्नुपर्छ । यसमा डोजरे विकासमा प्रतिवन्ध लाग्नेछ जसबाट प्रकृति संरक्षणमा सहयोग हुनेछ ।

## १०. मूर्त तथा अमूर्त प्राकृतिक सम्पदाः-

मूर्त तथा अमूर्त (Tangible & Intangible) प्राकृतिक सम्पदाहरुलाई प्रविधिकै माध्यमबाट नै व्यवहार र आचरणमै विनियोगगरि संरक्षण गर्नुपर्छ । यसवाट मुलुकभित्र रहेका सम्पदाको माध्यमवाट विविधा पर्यटनमा अभिवृद्धि हुनेछ ।

## ११. निरपेक्ष गरिवी रेखामुनीलाई वास्तविक पहिचानपत्रः-

विपन्न वर्गलाई यथार्तता र वास्तविकताको आधारमा वर्गीकरण गरी पहिचानपत्र प्रदान गरी तिनीहरुलाई राज्यको मुलधारमा प्रवाहीकरण हुन्छ ।

## १२. सामाजिक सुरक्षा भत्ताः-

एकल नागरिक, विधवा/विधुर,ज्येष्ठ नागरिकहरुको संरक्षण मात्र हैन तिनीहरुको अथाह ज्ञान सीपलाई सदुपयोग गरी मुलुक विकासका लागि सदुपयोग गर्नुपर्छ । यसबाट  उनीहरुको सम्मान, सत्कार, संरक्षण लगायतको कार्य हुन्छ ।

## १३. प्राकृतिक पर्यटनः-

नेपालको भूगोलभित्र रहेका वनस्पति, वन्यजन्तु तथा अन्य जीव-जन्तुहरुको संरक्षण गरी वहुआयामिक आय आर्जनबाट मुलुकको तीव्रतम् विकास गर्नुपर्छ । यस कार्यमा सबजनको दायित्ववोध हुनेछ ।

## १४. मातृभाषा दशकः-

मधेशी समुदायको मातृभाषा दशक आयोजना गर्नुपर्ने । मधेशी समुदायका मातृभाषाहरुलाई अझवढी सशक्तीकरण गर्नको लागि मधेशी समुदायको मातृभाषालाई अभियान तह नै सबलीकरण र प्रबलीकरणको लागि सचेतनामुलक सहकार्यमा आधारित कार्यक्रमहरुको आयोजना गर्दा मातृभाषाहरुको जन जनसम्म विस्तारिकरण हुन्छ ।

## १५. लोकनायकहरुलाई सुचीकृत गर्नः-

विभिन्न प्रकारका विभेदहरुवाट समाजलाई त्राण दिन समय समयमा लोकनायकहरु जस्तै दिनाभद्री, बन्ठा चमार, आल्हा-उदल, सलहेश जस्ता नायकहरुलाई जन- जनमा लैजान अध्ययन, अनुसन्धानका साथै पाठ्यक्रम बनाई विद्यालयहरुमा लागु गर्दा तत्कालीन समयको सम्बन्धमा जानकारी हुनुका साथै सामाजिक विभेदवाट त्राण पाउने ज्ञान समेत हुन्छ ।

## १६. कृषिमा आधुनिकिकरणः-

कृषिमा आधुनिकरण, वैज्ञानिकीकरण, बजारीकरण, सहुलियतीकरण प्रकृया व्यवहार र आचरणमै लागु गर्दा मुलुकको सर्वाङ्गगिण विकासमा टेवा पुग्छ ।

## १७. सामाजिक न्यायः-

संविधानको धारा ४२ मा रहेको सामाजिक न्याय सम्बन्धी व्यवस्थालाई प्रभावकारी वनाउन समानता (Equality) समता (Equity) हुँदै न्याय (Justice) मा अपरिहार्य पहुँच आवश्यक हुन्छ । साथै,सामाजिक न्याय सम्बन्धी संरचनाको अनिवार्यतः व्यवस्था गर्नुपर्छ । यसबाट मुलुकको सर्वकालिक विकासमा टेवा पुग्छ ।

**१८. न्यायालयमा मध्यस्थताको अवधारणाः-**

अदालतहरुमा प्रभावकारी मध्यस्थताको व्यवस्था गरी न्यायालयको अवधारणामा लैजानु पर्छ । यसबाट झुठामुद्दाहरुको अवस्थामा न्यूनीकरण हुन्छ र देवानीमुद्दाबाट फौजदारी मुद्दामा परिणत हुने अवस्थामा क्रमशः कमि हुनेछ ।

**१९. फोहरबाट मोहरः-**

फोहरबाट मोहरमा परिणत हुने प्रविधिको अनिवार्यतः प्रावधान लागु गर्नुपर्छ । यसबाट आय आर्जनका साथै सर-सफाईमा टेवा समेत पुग्छ ।

**२०. आयुर्वेद उपचार पद्धतिः-**

आर्युवेदलाई उपचारको प्रथम प्रस्थान विन्दु वनाई जनरक्षक स्वास्थ्य सेवाको प्रबन्ध मिलाउन सके जनतालाई राहत हुनेछ ।

**२१. नैतिक शिक्षाको उपयोगः-**

शाश्वत कर्मलाई प्रबन्धन गरी नैतिक शिक्षा तथा नैतिक अनुशासनको व्यवस्था गरी समाजलाई कर्तव्यामुखीतिर डोऱ्याई एकत्वमा समत्व र समत्वमा एकत्वको विकास हुन्छ ।

**२२. शिक्षामा एकद्वार प्रणालीः-**

मुलुकभित्र संचालित शिक्षण संस्थाहरुमा नेपाली, गणित, विज्ञान, नैतिक शिक्षा, संस्कृत लगायतका विषयहरु अनिवार्यतः शिक्षण को व्यवस्था गरी सम्पुर्ण विद्यार्थीहरुमा संसारका संस्कार र पारम्परिक शाश्वत जीवन विधि र पद्धतिको विकास हुन्छ ।

**२३. सोचमा सकारात्मकताः-**

सकारात्मक सोचलाई गुस्तरीय शिक्षासँग, गुस्तरीय शिक्षालाई व्यवसायिक सीपसँग, व्यवसायिक सीपलाई सर्वसुलभ उत्पादनसँग, सर्वसुलभ उत्पादनलाई अनुकुलन वजारसँग, अनुकुलन वजारलाई व्यवस्थित रोजगारसँग, व्यवस्थित रोजगारलाई मुलुकको समग्र विकाससँग र समग्र विकासलाई जनसमृद्धिसँग कडीकृत गरी लैजानु

पर्ने हुन्छ । यसबाट प्रत्येक वर्गलाई स्वस्वामित्वको भावना जागृत भै मुलुकको सर्वपक्षीय विकास हुनेछ ।

## २४. बगरलाई उपयोगीकरणः-

नदि, खोलालाई ठोस तटबंधको माध्यमबाट नियन्त्रित गरी वगरमा आधुनिक तवरले वृक्षारोपण र उत्पादनमुलक कृषि कर्मलाई प्रोत्साहन गर्नुपर्छ । यसबाट वगरको सदुपयोग, आयस्ताको स्रोतको विकास र पर्यावरणलाई दीर्घकालीन फाइदा हुनेछ ।

## २५. चुरेको संरक्षणः-

### चुरेको उत्पति

भुगोलविद् अनुसार, हिमालयको उत्पतिको समयमा थुप्रिएको गेग्रान जुन कमलो माटो थियो त्यसवाट चुरेको उत्पति भएको हो । यसको फेदिमा नदिले वगाएर ल्याएका ढुंगामाटोले बनेको क्षेत्रलाई भावरको समथर भुभाग बनेको छ । यसको निर्माण करीब ४ करोड वर्ष पहिले भएको देखिन्छ । र, यस पर्वतलाई सबभन्दा कमजोर र कान्छो पहाडपनि भनिन्छ ।

### के हो चुरे ?

नेपालको भूगोलभित्र तराईको उत्तर तथा महाभारतबाट दक्षिण तर्फको भागलाई चुरे/चुरिया/शिवालिक पर्वत भनिएको छ । नेपालको भूगोल बाहिर बर्तमान पाकिस्तानको इन्दस नदि देखि नेपाल-भारतको व्रम्हपुत्रसम्म फैलिएको छ । नेपालको कुल क्षेत्रफलको १२.७८% भुभाग यस पर्वतले ओगटेको छ ! यसले पुर्व ईलामदेखि सुदुरपश्चिमकोसम्मका ३७ वटा जिल्लामा फैलिएको छ । जम्मा जंगलको करीब ७३% भुभाग यसै पर्वतको सेरोफेरोमा पर्छ ।

### चुरेको चरम वेथिति कहिले देखि ?

नेपालमा चुरेको दोहन २०११ सालदेखि शुरु भएको र २०१३ सालमा मलेरिया उन्मुलन अभियान पछि यस क्षेत्रमा मानव वसोवासको क्रम चलेको थियो । २०१८ सालमा तत्कालीन राजा महेन्द्रवाट झोरा क्षेत्रमा वनफडानीगरि भुतपुर्व सैनिकहरुलाई

उदयपुर, झापा, मोरंग र सुनसरी जिल्लामा वसोवास गराएका थिए । यस क्षेत्रले ५१% जनसंख्या ओगटेको छ ।

**संरक्षणका लागि गरिएका प्रयास ?**

चुरे संरक्षणको लागि औपचारिकरुपमा २०६७-२०६८ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरु भए र २०७२ साल आषाढ २ गतेदेखि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति गठनगरी कार्य प्रारम्भ भए । यसले २० बर्षे गुरु योजना निर्माण गरेर पञ्चवर्षिय योजना समेत निर्माण गरे जस अनुसार

प्रथम बर्ष ९ अर्ब ८७ करोड

दोस्रो बर्ष १८ अर्ब २४ करोड

तेस्रो बर्ष २१ अर्ब २० करोड

चौथो बर्ष १८ अर्ब ४८ करोड

पांचौ बर्ष १३ अर्ब ५ करोड ९६ हजार

रहेको थियो ।

## चुनौती

यस पर्वत र क्षेत्रका ३० हजार घरपरिवार जोखिममा रहेका छन् भने यसको दोहनले तराईमधेशका उब्जाउ भूमि कटान, डुबान, पटान र भडानको गम्भिर संकटमा परेको छ । पानीको सतहको अवस्था दयनीय बनेको छ र खोला नालामा संकटै संकट रहेको छ ।

यसलाई संरक्षण गरी प्रकृतिजन्य, मानवजन्य, पर्यावरण न्यायको संकट निवारण हुनेछ।

## २६. UPR सम्बन्धमाः-

UPR मा वर्गीय र जातिय आधारमा सहभागी गराउन राज्यले पहल गर्नुपर्ने देखिन्छ । Universal Periodic Review (UPR) विश्वव्यापी आवधिक समिक्षाले कुनै पनि मुलुकले विश्व मन्चमा गरेको प्रतिवद्धता कति को पुरा गरे? वा गरेन? को समिक्षा गर्ने विश्वव्यापी मन्च हो । यसलाई मुलुकको ऐना भनिन्छ जसमा सरकारले आफ्नो मुलुक र सरकारको अनुहार आफै हेर्छ । प्रत्येक मुलुकमा रहेका OHCHR का कार्यालयले यसको सचिवालयको रुपमा काम गर्छ ।

## यस विश्वव्यापी मन्चमा पहुँचको आधार

क. अल्पसंख्यक

ख. सीमान्तकृतलाई हुने गर्छ । साथै, राज्यको विभेदात्मक व्यवहारले सो लक्षित वर्गलाई के ? कति ? असर पारको छ को आधार लिने गर्दछ । जसमा

   क. जातिय विभेद

   ख. वर्णीय विभेद

व्यवस्था रहेको छ । यी बुँदाहरुको आधारमा राज्यका संविधान, ऐन, कानुनले गरेको व्यवस्थानुसार मुलुकले के ? कति ? कार्यान्वयन गरेको छ भनि राज्यले आफ्ना लिखित दस्तावेज प्रस्तुत गर्छ र त्यस सम्बन्धमा गैर -राज्यका प्रतिनिधिहरु र अन्य सदस्य मुलुकहरुले प्रति जिज्ञासा गर्ने गर्छ ।

विश्वव्यापी आवधिक समिक्षाले मध्यावधि समिक्षा समेत गर्छ । यसै सम्बन्धमा लगातार नेपालभित्रका राज्य र गैर-राज्यका समिक्षात्मक वैठकहरुमा आयोगको सक्रिय सहभागीता रहेको छ । र, विज्ञहरुसँग यसमा प्रत्यक्ष संलग्नता कसरी हुन्छ? को सम्बन्धमा समेत गहन विमर्श हुँदै आएको छ । तर, विज्ञहरुले देखाएका UPR प्रदत्त आधारहरुमा समस्या देखिएका छन् ! गैर-राज्यका संस्था तथा राज्यसँगको सहकार्य अहिलेको लागि विकल्पहीन विकल्प रहेको देखिएको

छ।त्यसमा मधेशी आयोगको पहुँच बढाउनु राज्यको प्रथम कर्तव्य रहेको देखिन्छ ।

## २७. विद्युतमा नियमनः-

विद्युतमा नेपाली जनताको पहुँच वढ्दै गएको सन्देश सकारात्मक रहेको छ । तर, विद्युत प्राधिकरणको लापरवाहि र जनतामा सचेतनाको अभावले दिनप्रतिदिन मृत्युको कारण बन्दैछ । मुलुकमा यो दृश्य/अदृश्य समस्या क्रमशः गम्भिररुप लिदै गएको छ । खासगरी मधेश प्रदेशमा २०७५ सालदेखि २०८० सालसम्म ४४९ जनाले विद्युतको प्रवाहको कारण ज्यान गुमाएका छन् । विद्युतका कारण ज्यान गुमाएकाहरुले राज्यबाट पाउनु पर्ने उचित परिपुरण समेत पाएका छैनन् । राज्य र सरोकारवालाहरुले विद्युत प्राधिकरणलाई अझबढी जिम्मेवार वनाई र जनतालाई सचेत वनाई यस्ता मानवकृत विपदलाई निर्मुलीकरण गरी जनआहतलाई जनराहतका रुपान्तरण गरी बाँच्नु पर्ने  अधिकार र दायित्वको ग्यारेन्टी हुनेछ ।

## २८. प्रकृति संरक्षणः-

मानवजन्य कुकृत्यले प्राकृतिकजन्य आपदा-विपदा दिनप्रतिदिन आफ्नो वहुआयामिक कुप्रभाव क्रमशः फैलाइदै गएको छ । कृत्य मानवजन्य व्यवहार र आचरणका लागि राज्यले जनतालाई  सजग र सचेतको आचरणतर्फ डोर्याइ दैवीप्रकोपलाई न्यूनीकरण तर्फ लैजानु पर्ने देखिन्छ । यसबाट प्रकृतिप्रतिको न्याय र जनताको ज्यानलाई सुरक्षा हुन्छ ।

## २९. विदेह सभ्यताः-

विदेह सभ्यता र अवध सभ्यतामा अनादीकालिन र आदिकालिन उपचार पद्धति (Eternal & Indigenous treatment System) हरुलाई वैज्ञानिक तवरले उपचारका अनिवार्य पद्धतिको रुपमा राज्यले विकास गर्नुपर्छ । यसबाट जनताका जनस्वास्थ्यमा माटोको सुगन्ध अनुसारको अनुकुलन प्राप्त हुनेछ । साथै,जीवन सरल र सहज प्रवाहित भइ राज्यलाई अनुपम सहयोग हुनेछ ।

## ३०. जनककालिन दरवारः-

मिथिला महात्म्य अनुसार जनककालीन दरबारका चारैतिर चारवटा महादेवका मन्दिरहरु अवस्थित थिए । पुर्व-दक्षिण कुनामा कल्याणेश्वर मन्दिर, दक्षिण-पश्चिम कुनामा जलेश्वरनाथ मन्दिर, पश्चिम-उत्तरको कुनामा क्षीरेश्वरनाथ मन्दिर र उत्तर-पूर्व कुनामा मठेश्वर/कुशेश्वरनाथ मन्दिर उल्लेख भएको छ । तर, मठेश्वरनाथको मन्दिर वौद्धिक उत्खननका विषय वनेका थिए । वर्तमान समयमा सो मठेश्वरनाथ मन्दिरको अवशेषहरु स्थानीय तहका अगुवाहरुको सहयोगमा पुरातत्व विभागको उत्खननमा पाइएको छ । सो मन्दिरलाई पुर्णरुपेण उत्खनन गरी तत्कालिन र पुरातात्विक शैलीमै राज्यले निर्माण गरी मिथिलाका इतिहासलाई संरक्षण गर्नु पर्छ। साथै जनकदरबार र ती मन्दिरहरुलाई सडक पुर्वाधारबाट जोडी जनक मार्ग नामांकरण गर्नुपर्छ । यसवाट श्रद्धालु र पर्यटन क्षेत्रमा कायापलट हुनेछ ।

## ३१. आयोगका कार्यक्रमहरुः-

स्थापनाकालदेखी नै संचालित “नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा ” कार्यक्रम तथा सरकारी सेवामा मधेशी समुदायको पहुँच कार्यक्रम पुर्ण प्रभावकारी वनेको छ। यी कार्यक्रमहरुलाई पर्याप्त बजेटका साथ स्थानीय तह, प्रदेश तह र संघीय तहमा कार्यान्वयन गर्नुपर्छ । यसबाट जनता र तहहरुमा नैतिककर्ताको माध्यमबाट नियन्त्रण र समन्वय गर्न सहयोग हुनेछ भनी अर्को तर्फ सरकारी सेवामा यथेष्ठ पहुँचबाट लक्षित समुदायको राज्यप्रति अपनत्व प्राप्त हुनेछ । मुलुकमा भावनात्मक एकिकरणको ठोस आधार प्राप्त हुनेछ ।

## ३२. हुलाकी राजमार्गको निर्माणमा द्रुतीकरणः-

मुलुककै सबभन्दा पुरानो र ऐतिहासिक राजमार्ग हुलाकी राजमार्गको अवस्था जीर्ण रहेकै छ । पूर्व झापाको कचनकवलदेखि पश्चिम कन्चनपुरको गड्डाचौकीसम्म रहेको यो बाटो राणा शासनकाल, पंचायतकाल, प्रजातन्त्रकाल, लोकतन्त्रकाल र गणतन्त्रकालको प्रत्यक्ष साक्षी रहेता पनि राज्यको उदासीनताको चपेटाबाट निस्किन पाएको छैन । परिणामतः ती क्षेत्र र भुगोलका वासिन्दाको जीवनस्तर उठ्न सकेको

छैन । उचित यातायातका पुर्वाधार नभएकै कारण उत्पादित सामग्रीहरुको उचित मुल्य पाउन सकेको छैन भने गरिबी, अशिक्षा, कमजोर स्वास्थ्य अवस्था, कुपोषण लगायतका विषम अवस्थाबाट गुज्रिन वाध्य भएको छ । तसर्थ, हुलाकी राजमार्गका अधुरो र अपुरो कार्य अबिलम्ब सम्पन्न गरी अझवढी प्रभावकारी तवरले मुलुकको निर्माणमा सो भूगोलका जनतालाई सम्पर्कसुत्रमा बाँधी जानुपर्ने देखिन्छ। यसबाट सबै क्षेत्र र भूगोलका जनतामा आपसी र भावनात्मक सम्बन्धको सुदृढिकरण हुनेछ ।

## ३३. निजामती सेवामा समावेशीकरणः-

निजामती सेवा मधेशी समुदायको आरक्षित समुहमा अन्तिम प्रवेश वर्ष कम्तिमा भएका व्यवस्था ३५ वर्ष नै राख्नुपर्ने र महिलाको उमेर ४० वर्ष नै राख्नुपर्ने ! यसबाट आरक्षित र लक्षित वर्गको अपेक्षा पुरा हुनेछ । सम्भव भए पुरुष र महिलाको अन्तिम प्रवेश वर्ष ४० र निवृतिभरणको उमेर ६० वर्ष भएमा अनुभवी कर्मचारीहरुको अनुभवलाई झन् राम्रो तवरले सदुपयोग गर्ने सकिन्छ । साथै,वढुवा वा आरक्षित व्यवस्था हाल भएकै व्यवस्था राखि आरक्षणको मुलमर्मलाई जोगाई राख्नु पर्छ ।

## ३४. संयुक्त अध्ययनः-

संविधानका भाग २७ तह रहेका संवैधानिक आयोगहरुद्वारा संयुक्त अध्ययन गराइएका नेपालमा समावेशीकरणको अवस्था विषयलाई कार्यान्वनको व्यवस्था गरी राज्यमा मधेशी समुदाय लगायत लक्षित वर्गको अपेक्षा र अपनत्वको ग्यारेन्टी गर्नुपर्छ ।

## ३५. घरेलु उपचार पद्धतिः-

स्वदेशी उपचार पद्धति (Indigenous Treatment) लाई आधुनिक विधिवाट प्रयोगगरी यस पद्धतिलाई प्रोत्साहनगरी नेपालको भुगोलमा रहेका जडिबुटी लगायतका सामग्रीहरुलाई सदुपयोग गर्नुपर्छ । यसबाट एकातिर जनताको स्वास्थ्यमा आमुल परिवर्तन हुनेछ भने अर्कोतर्फ, राष्ट्रिय आयमा बृद्धि, प्रगति र सफलताका आयाम थपिने छ ।

## ३६. मधेशी दिवसको तिथिः-

**मधेश दिवसको तिथि सिफारिश देहाय बमोजिमका तिथि सुझाईएका छन :**

- जनक जयन्ती: नेपालका प्रथम विभूति राजा जनक जसलाई विदेह पनि भनिन्छ र उहाँको जन्म अक्षय तृतीयाका दिन भएको र कालान्तरमा त्रेता युगसमेत प्रारम्भ भएको दिनका साथै मधेश भूगोलका मिथिला र अवधमा मात्र होइन सम्पूर्ण वैदिक सनातनीहरुले सोही दिनबाट कृषि कर्म प्रारम्भ गरी नयाँ वर्ष मनाउने गरेको।
- सुगौली सन्धी सन् १८१६ मार्च ४
- मधेश प्रदेश स्थापना भएको मिति २०७८ माघ ३ गते
- मधेशी समुदायको स्थायी पहिचान भएको दिन
- नेपाल सद्भावना परिषद्को गठन मिति
- १७७०-८० मा मधेशी शब्द प्रयोग भएको (श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले तत्कालीन प्रधानसेनापति अभिमानसिंह बस्नेतलाई पत्राचार गर्दा "मधेश नछोड्नु" भन्ने शब्द उल्लेख भएको)
- काठमाण्डौ आउदा पासपोर्ट हटाएको दिन
- २०६२/६३ को दोस्रो जनआन्दोलन भएको दिन २०६२ चैत्र २४
- सीताको जन्म दिन वैशाख शुक्ल नवमी वाल्मीकि रामायणमा आदर्श नारी सीताको जन्म वैशाख शुक्ल नवमी र तिश्य नक्षत्रको योगमा भएको बताइएको छ भने निर्णयसिन्धु' को 'कल्पतरू' मा फाल्गुन कृष्ण अष्टमीको तिश्य योगमा भएको भनिएको छ ।
- गौतम बुद्धको जन्म दिन ई पू ५६३ जन्म वैशाख शुक्ल पूर्णिमाको दिन (सिद्धार्थ बुद्धको कथा अनुसार उनी पुर्व जन्मका बोधिसत्व भएकोले मानिसको दुःखको कारण र दुःखको निवारण के हुन सक्छन् भन्ने कुरामा निकै संवेदनशील थिए। ।

- ✍ मधेशी आयोग ऐन जारी भएको दिन २०७४/०६/२७
- ✍ मधेश गोश्वारा १९७४
- ✍ सर्वोच्चको परमादेश २०७१ फागुन २५
- ✍ अन्तरिम संविधान २०६३ जारी भएको दिन
- ✍ १९१० को मुलुकी ऐन जारी भएको मिति (नेपाल, पहाड, मधेश शब्द उल्लेख भएको ।
- ✍ सरकार र संयुक्त मधेशी मोर्चाबीच ८ बुँदे सम्झौता भएको दिन फाल्गुन १६ गते (२०६४ फागुन १६ गते तत्कालीन प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला र संयुक्त मधेशी मोर्चाबीच भएको ८ बुँदे सम्झौतामा मधेश शब्द उल्लेख भएको।
- ✍ माघ ५ गते बलिदानी दिवस
- ✍ मधेश मध्यदेशको अपवशित रूप हो। मध्यदेशको प्रथम राजा वैवस्वत मनु हो। मध्यदेशमा जल प्रलय हुँदा मत्स्यको सहाराले वैवस्वत मनुले नै प्रागी र बीजको रक्षा गर्न त्रिविष्टप (तिब्बत) पर्वत चढे र प्रलय पश्चात् पुनः तिनलाई लिएर मध्यदेशमा ओर्लेका थिए। यसै दिनलाई मधेश दिवसको रूपमा मनाउन उपयुक्त छ। यो तिथि चैत्र शुक्ल तृतीया हो।

**३७. मातृभाषा दशकः-**

मधेशी समुदायको मातृभाषा दशक मनाउने । यसबाट विभिन्न भुगोल बीच एकताको रक्तप्रसार हुनेछ ।

**३८. मातृभाषा दिवसः-**

मधेशी समुदायको मातृभाषा दिवस मनाउने । यसबाट मधेशी समुदायको मातृभाषाहरुको संरक्षण र सशक्तीकरण हुवेछ ।

## ३९. आरक्षणको नीति:-

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती(मधेशी दलित, मधेशी आदिवासी जनजाति, पीछडा वर्ग) र वर्गको घरदैलो सर्भेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नु पर्दछ ।

## ४०. महिला विदाः-

राज्यको हरेक तह र तप्कामा सहभागितामूलक विकासक्रममा महिलाको उल्लेख्य सहभागिता रहेको छ । तर जैविक विविधताका कारण महिलाको मासिक रुपमा चार दिन उच्च रक्तश्रापको स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको कारण महिला कर्मचारीलाई कम्तिमा ३ दिन विदा राज्यले गर्नु पर्ने ।

## ४१. प्रतिवद्धताः-

महिलाको वैवाहिक हिंसा दाइजोप्रथा र वालविवाह न्यूनीकरण गराउने उद्देश्यले सम्बन्धित वडाको सिफारिस विवाह अगाडि नै अनिवार्य रुपमा लिनु पर्ने कानुनी व्यवस्था गर्नु पर्ने ।

## ४२. राष्ट्रिय एकता:-

मुलुकमा One Nation, One Constitution को एकलव्यी भावनामा कानुनको निर्माण र प्रयोग हुनुपर्ने जसबाट मुलुकको एकता, अखण्डता र सामिप्यतामा अभिवृद्धि हुनेछ ।

## ४३. वर्ग पहिचान र समावेशीकरणः-

अतिविपन्न, विपन्न, मध्यम वर्ग लगायतका निरपेक्ष गरिबी रेखा मुनि भएकाहरुलाई राज्यले यर्थातताको ठोस धरातलमा रहि को-को हुन अतिविपन्न, विपन्न र मध्यम वर्गको पहिचान गरी पहिचान-पत्रको प्रबन्ध गर्नु पर्छ । यसबाट निरपेक्ष गरिबीका रेखामुनि रहेका नागरिकलाई राज्यको मुलधारमा समेटिन मद्दत पुग्नेछ । साथै, बहुआयामिक सशक्तीकरणमा सहयोग पुग्नेछ ।

## ४४. सम्पदामैत्री वातावरणः-

नेपालले सभ्यताको मुहानको रूपमा परिचय स्थापित गरेको छ । यसलाई बहुआयामिक रूपमा संरक्षण, सम्बर्धन र सशक्तीकरणको लागि नेपाल सरकारले सकारात्मक र प्रभावकारी रूपमा काम गर्नुपर्ने देखिन्छ ।यसबाट मुलुकको समग्रतामा बहुआयामिक सशाक्तिकरण हुनेछ ।

# परिच्छेद –४

# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ४.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिई कामकाज गर्दै आइरहेको छ । भाडामा लिइएको घर सानो र साँघुरो भएको हुँदा आयोगका माननीय सदस्यहरु चार जनाको नियुक्ति भइसकेको अवस्थामा वहाँहरुको निजी सहायकहरुको लागि कार्यकक्ष व्यवस्थापनमा अभाव भएको छ । त्यसैगरी दुईवटा भवनबाट सेवा प्रवाह गर्दा सेवाग्राहीलाई पनि असजिलो पर्न गएको छ ।

आयोगमा हाल भएको सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची -८ मा उल्लेख गरिएको छ ।

# परिच्छेद-५

# उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

## ५.१ उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ । विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ । त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. मधेश प्रोफाइल तयार भई प्रकाशित भएको ।

२. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम मधेश प्रदेशको वारा जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्विनी प्रदेशको बाँके जिल्लाको नेपालगंजमा संचालन गरिएको थियो । यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ ।

३. कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यकम सम्पन्न गरिएको छ । यसबाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ ।

४. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ ।

५. सातै प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ।यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन्।

६. वालविवाह तथा दाइजोप्रथा अन्त्यका लागि मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै जिल्लाका विभिन्न समुदायका धर्मगुरुहरु, वुद्धिजिवीहरु, नागरिक समाजका अगुवा तथा संचारकर्मीहरुसँग गहन अन्तरक्रियात्मक तथा प्रतिवद्धात्मक कार्यक्रम महोत्तरी जिल्लाको वर्दिवासमा सुसम्पन्न भएको छ । जसबाट विभिन्न समुदायका धार्मिक स्थलहरुमा हुने गरेको वालविवाह तथा दाइजोप्रथा निर्मुलीकरणको अभियान संचालन हुनेछ ।

७. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ । जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ ।

८. सामाजिक अभियन्ता तथा नागरिक सँगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ ।यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

९. मिटरव्याजी पिडितहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ । जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित बीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन ।  यसका साथै मिटरव्याज पिडितलाई ठोस रुपमा पहिचान गरी लगानीकर्ताहरुसँग छलफल गरी मात्र कानुनी कारवाहीलाई अग्रसारित गर्नुपर्छ ।

१०. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ ।

११. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।

१२. महिला हिंसा, घरेलु हिंसा, धार्मिक द्वन्द्व, वालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ ।

## ५.२ समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन् । आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन् ।

१. बालविवाह, बहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्बन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा वालविवाह, बहुविवाह तथा दाइजोप्रथाको प्रथा उन्मुलन हुन नसकिएको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ । जसबाट वालविवाह, बहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा वन्देज लाग्नेछ ।

२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययनको लागि प्रर्याप्त वजेटको अभाव रहनु ।

३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न कठिनाई हुनु।

४. आयोगको काम बढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु ।

५. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु ।

६. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेलको कमि हुनु।

७. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु ।

८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु ।

९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सवै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु ।

१०. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु ।

११. आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु ।

१२. संविधानद्वारा प्रदत्त समानुपातिक-समावेशी आरक्षित पदसंख्याहरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु ।

१३. मधेशी आयोग लाई "**राष्ट्रिय**" शब्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामांकरण गर्न नसक्नु ।

## ५.३ आयोगको अपेक्षा तथा भावी कदमहरुः-

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "**मधेशी समुदाय**" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (ङ) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ । तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्यका लागि बजेटमाग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य थियो तर बजेट शून्य भएको कारण उक्त कार्य सम्पन्न हुन सकेन तर, अपेक्षा रहेको छ ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ । तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना

अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न भएको छ। आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, वुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ। चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा नमूना प्रोफाइल तयार गर्ने कार्यका लागि बजेट माग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको छ र अझै सम्म बजेट विनियोजन हुन सकेको छैन ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने

भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने । साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने ।सो अनुसार सिफारिस राखिएतापनि बजेटको अभावमा हुन सकेन तर, अपेक्षा रहेको छ ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने ।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने ।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने ।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने ।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ । यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी "उजुरी माथी छानविन गर्ने" अधिकारको प्रत्याभूति गर्नुपर्ने ।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने ।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने ।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगनणाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावधिक गर्ने ।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने ।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्य संवेदनशिल हुन नसकेको अवस्था रहेको छ ।

१८. संघीय संसदका प्रतिनिधसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको छैठौ वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ ।यसका साथै आपदा, विपदालाई अवसरमा रुपान्तरण हुनेछ ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने ।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी यूवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ । यसका लागि विद्यालयमा मानविय जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्ब व्यवस्था हुनुपर्नेछ ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरुलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ ।

२३. विद्यालयमा सवै वालवालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृतिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने। एउटै विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्यता गर्ने,

२४. प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संशाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने । यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगतिमा अगाडि बढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै आउदै गरेका सामाजिक सुविधाहरुलाई तीनै तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तित्वहरुलाई सम्मानको भावनामा वृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ ।

२५. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन । यो अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ । घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सवैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोगको ठम्याई रहेको छ । साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद-६

## ६. कार्यक्रम र लागत

### वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०८०/८१ को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची-९ मा समावेश गरिएको छ ।

# अनुसूची १: (परिच्छेद १ सँग सम्बन्धित)

## मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण




**करार सेवा**

निजी सहायक-५ जना

ह.स.चा.-५ जना

का.स.-२ जना

## कर्मचारी संख्या

| सि. नं. | पद | श्रेणी | सेवा | समूह/ उपसमूह | स्थायी दरबन्दी | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ | २ | |
| ४ | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | २ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | | १ | १ | |
| ७ | निजी सहायक | रा.प. अनं. प्रथम सरह | | | - | ५ | करार |
| ८ | ह.स.चा. | श्रेणीविहिन | | | २ | ७ | करार |
| ९ | कार्यालय सहयोगी (स्वीपर १ समेत) | श्रेणीविहिन | | | ३ | ६ | करार |
| **जम्मा** | | | | | **१३** | **२६** | |

## आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि. नं. | कर्मचारीको नाम | पद | सेवा | समूह/ उपसमूह | सम्पर्क नं. | |
|---|---|---|---|---|---|---|
| १ | नरेश राज खरेल | सचिव | नेपाल प्रशासन | रा.प.प्रथम | ९८४१८१३१०२ | स्थायी |
| २ | सविता डंगोल | उपसचिव | नेपाल प्रशासन/ सा.प्र. | रा.प.द्वितीय | ९८४१२९८४७५ | स्थायी |
| ३ | रमेश कुमार दास | शाखा अधिकृत | | रा.प. तृतीय | ९८५११७९९३६ | स्थायी |
| ४ | विन्दु देवी शर्मा | | | | ९८५७६३३४३३ | स्थायी |
| ५ | गोपाल प्रसाद घिमिरे | लेखापाल | नेपालप्रशासन / लेखा | रा.प.अनं. प्रथम | ९८५११७४९५५ | स्थायी |
| ६ | अमित कुमार साह | क.अ. | विविध | रा.प.अनं. प्रथम | ९८४११५३३७३ | स्थायी |
| ७ | सुन्दर प्रसाद निरौला | ना.सु. | नेपाल प्रशासन/ सा.प्र. | रा.प.अनं. प्रथम | ९८४२५६०३५८ | स्थायी |
| ८ | खगेन्द्र नेपाली | | | | ९८४७१८४१५३ | स्थायी |
| ९ | दिपेन्द्र कुमार कर्ण | मा. अध्यक्षज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९८६३८२१६९२ | करार सेवा |
| १० | रोविन कुमार साह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९८५१०८०८४४ | करार सेवा |
| ११ | अमन कुमार साह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९८०७३६९४९५ | करार सेवा |
| १२ | राजिव ढकाल | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९७०३८२५१५४ | करार सेवा |
| १३ | राजहंश सिंह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९८६२८३३१०० | करार सेवा |
| १४ | ईश्वर प्रसाद गुनी | ह.स. चालक | | | ९८४११२६७४४ | करार सेवा |
| १५ | भुवल भण्डारी | ह.स. चालक | | | ९८४१९६७५९८ | करार सेवा |
| १६ | कुमार गोतामे क्षेत्री | ह.स. चालक | | | ९७४६२८६७५६ | करार सेवा |
| १७ | तिलक बहादुर तामाङ्ग | ह.स. चालक | | | ९८४१५०६६३३ | करार सेवा |
| १८ | मौसम तामाङ्ग | ह.स. चालक | | | ९८१६२६५२७६ | करार सेवा |

| सि. नं. | कर्मचारीको नाम | पद | सेवा | समूह/ उपसमूह | सम्पर्क नं. | |
|---|---|---|---|---|---|---|
| १९ | डम्बर बहादुर विश्वकर्मा | ह.स. चालक | | | ९८४३५५४३२५ | करार सेवा |
| २० | माइला तामाङ | ह.स. चालक | | | ९८६०१७३६०४ | करार सेवा |
| २१ | सिता थापा | का. सहयोगी | | | ९८४४९३९४४५ | करार सेवा |
| २२ | गिरिजेश कोइरी | का. सहयोगी | | | ९८६७२११८७८ | करार सेवा |
| २३ | शारदा अधिकारी | का. सहयोगी | | | ९८६१८१८७०१ | करार सेवा |
| २४ | कमल नारायण लाभ कर्ण | का. सहयोगी | | | ९८४४४५१५२५ | करार सेवा |
| २५ | कृतिवान मौर्य | का. सहयोगी | | | ९८६३५९१४४८ | करार सेवा |
| २६ | माया पोडे पुजारी | का. सहयोगी | | | ०१-५१३७३३० | करार सेवा |

# अनुसूची -२

## आयोगमा प्राप्त उजुरी तथा गुनासाहरुको विवरण

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८०/०४/०३ | सौरभ यादव (नँया पत्रिका) | अप्रत्यक्ष | वलत्कार सम्बन्धमा दोसीलाई कडा भन्दा कडा सजाय हुनुपर्ने | प्रशासन |
| २. | २०८०/०४/०८ | समस्त हिन्दु समाज | प्रत्यक्ष | विगतमा भएको धार्मिक निर्णयहरुको पालना | प्रशासन |
| ३. | २०८०/०४/०८ | रंजित साह गोढ | प्रत्यक्ष | सिफारिस वदर गरी पाउँ | प्रशासन |
| ४. | २०८०/०४/०८ | राज कुमार महासेठ | प्रत्यक्ष | प्रहरीलाई यातना दिएको सम्बन्धमा | प्रशासन |
| ५. | २०८०/०४/०९ | मुकेश मिश्र (मानव अधिकार रक्षक समाज) | ईमेल | आत्महत्याको खबरलाई निष्पक्ष छानविन हुनुपर्ने सम्बन्धमा | प्रशासन |
| ६. | २०८०/०४/११ | जितेन्द्र कुमार साह | ईमेल | धार्मिक पर्वको बहावमा अराजकता फैलाउने तत्व वारे ध्यानाकर्षण गराएको सम्बन्धमा | प्रशासन |
| ७. | २०८०/०४/१४ | ओम कुमार साह | प्रत्यक्ष | नियम अनुसारक वोनस रकम पाउँ बारे | प्रशासन |
| ८. | २०८०/०४/१६ | मधेश दृष्टि, संवाददाता (पत्रिका) | पत्र पत्रिका | मुस्लिम पर्वका नाममा हिन्दुमाथि ज्यादती विरुद्ध धर्ना सम्बन्धमा | प्रशासन |
| ९. | २०८०/०४/१६ | मनोहर कुमार पोखरेल | ईमेल | कुटपिट सम्बन्धमा | प्रशासन |
| १०. | २०८०/०४/१६ | मनिराम ज्ञवाली | ईमेल | प्रेस विज्ञप्तिः लफ वितिय संस्था विरुद्धको संघर्ष समिति | प्रशासन |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| ११. | २०८०/०४/१८ | मा. डिल कुमारी शाह | ईमेल/ पत्रिका | वोक्सीको आरोपमा बराबर यातना सम्बन्धमा | प्रशासन |
| १२ | २०८०/०४/२३ | मनोहर पोखरेल | ईमेल | प्रहरीको ज्यादती विरुद्ध ध्यानाकर्षण | प्रशासन |
| १३. | २०८०/०४/२५ | अनिल मिश्र (फेसबुक मार्फत) | अप्रत्यक्ष | अपहरण र बलात्कारको सम्बन्धमा | प्रशासन |
| १४. | २०८०/०४/२५ | बिनोद प्रसाद साह | प्रत्यक्ष | यातना सम्बन्धमा | प्रशासन |
| १५. | २०८०/०४/२७ | शक्ति यादव | ईमेल | गम्भीर ध्यानाकर्षण लुम्बिनी प्रदेशको निजामती सेवा ऐन सम्बन्धमा | प्रशासन |
| १६. | २०८०/०४/३० | कमल ना. लाभ कर्ण | प्रत्यक्ष | उजुरी सम्बन्धमा | प्रशासन |
| १७. | २०८०/०४/३० | सुनिता साह (क्रान्ति समाजिक संजाल) | अप्रत्यक्ष | मधेशी छोरीलाई प्रहरीद्वारा अभद्र व्यवहारको सम्बन्धमा | प्रशासन |
| १८. | २०८०/०५/०३ | समाजिक संजाल (नँया पत्रिका) | अप्रत्यक्ष | सप्तरीमा नयाँ पत्रिका कर्मी सौरभ माथि सांघातिक आक्रमणको सम्बन्धमा | प्रशासन |
| १९. | २०८०/०५/०३ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | प्रत्षक्ष | ध्यानाकर्षण सम्बन्धमा | प्रशासन |
| २०. | २०८०/०५/०३ | द्वारीका प्रसाद यादव | प्रत्यक्ष | दुर्व्यवहार र भौतिक आक्रमणको छानविन तथा कारवाही गरी सुरक्षा प्रदान गरिदिनुहुने सम्बन्धमा | प्रशासन |
| २१. | २०८०/०५/०४ | चिकित्सक विज्ञान राष्ट्रिय प्रतिष्ठान बारे अस्पताल | प्रत्यक्ष | कारवाही सिफारिसको सम्बन्धमा | प्रशासन |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| २२. | २०८०/०५/०६ | सतिश कुमार अग्रवाल | प्रत्यक्ष | आवश्यक कारवाही गरिदिन बारे | प्रशासन |
| २३. | २०८०/०५/१० | विछानन्द गम | ईमेल | युवकमाथी अमानविय कुटपिट सम्बन्धमा | प्रशासन |
| २४. | २०८०/०५/१३ | अविनाश यादव (हिन्दु समाज नेपाल) | ईमेल | प्रेस विज्ञप्ती | प्रशासन |
| २५. | २०८०/०५/१९ | दिग विजय शाह | प्रत्यक्ष | पारिश्रमिक तथा सेवा भुक्तानी नदिएको सम्बन्धमा | प्रशासन |
| २६. | २०८०/०५/२५ | अविनाश यादव | ईमेल | सामाजिक सदभाव कायम राख्न प्रेस विज्ञप्ती | प्रशासन |
| २७. | २०८०/०५/२६ | प्रकाश अधिकारी | प्रत्यक्ष | कारवाही गरी पाउँ भन्ने बारे | प्रशासन |
| २८. | २०८०/०६/०१ | हरि राउत | प्रत्यक्ष | अधिकार पाउनबाट वन्चित गरिएको सम्बन्धमा | प्रशासन |
| २९. | २०८०/०६/१६ | नेपालगंज नागरिक समाज | प्रत्यक्ष | शान्ति सुरक्षा सम्बन्धमा | प्रशासन |
| ३०. | २०८०/०६/१७ | उजुरी सम्बन्धमा गण्डकी प्रदेश लोक सेवा | प्रत्यक्ष | उजुरी सम्बन्धमा | प्रशासन |
| ३१. | २०८०/०६/२१ | विरेन्द्र कुमार सिंह | प्रत्यक्ष | थर सुचिकरण सम्बन्धमा | प्रशासन |
| ३२. | २०८०/०७/१२ | गोपाल मिश्र | प्रत्यक्ष | उच्च मा. वि. +२ शिक्षक अनुदान कोटामा अनियमितता प्र. ले गरेको सम्बन्धमा | प्रशासन |
| ३३. | २०८०/०७/१२ | रीना यादव | प्रत्यक्ष | नस्ल विभेदको शिकार सम्बन्धमा | प्रशासन |
| ३४. | २०८०/०८/२० | रमण कुमार साह | प्रत्यक्ष | बजेट व्यवस्था सम्बन्धमा | प्रशासन |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| ३५. | २०८०/०९/०८ | चुन्नी खातुन | ईमेल | कोशी प्रदेश निजामती सेवा ऐनमा मधेशी कोटा नछुट्याएको सम्बन्धमा | प्रशासन |
| ३६. | २०८०/०९/११ | शिवनन्दन जयसवाल | ईमेल | मधेशी समुदायको आरक्षण सम्बन्धमा | प्रशासन |
| ३७. | २०८०/१०/०५ | डा. फिरोज क. सर्जन र समुहका | ईमेल | पारिश्रमिक उपलब्ध गराईपाउँ भन्ने बारे सम्बन्धमा | प्रशासन |
| ३८. | २०८०/१०/०७ | राजकरण महतो | ईमेल | मुद्दा दर्ता गरी कारवाही गरी पाउँ | प्रशासन |
| ३९. | २०८०/१०/१४ | इ. हेमशंकर अरगरिया | प्रत्यक्ष | मन्दिरमा आगजनी र तोडफोड सम्बन्धमा | प्रशासन |
| ४०. | २०८०/१०/१४ | सविता कुमारी महतो नायक | प्रत्यक्ष | गाली बेईज्जती तथा मार्ने धम्कि दिएको सम्बन्धमा | प्रशासन |
| ४१. | २०८०/१०/२५ | सविता कुमारी महतो नायक | प्रत्यक्ष | अपराधीलाई कारवाही गरि पाउ सम्बन्धमा | प्रशासन |
| ४२. | २०८०/१०/२६ | निरज साह | अप्रत्यक्ष | गैर मधेशीलाई मधेशी भनि परिणाम कोशी प्रदेशको प्रदेशिक लोक सेवा मा नतिजा प्रकाशन गरिएको सम्बन्धमा | प्रशासन |
| ४३. | २०८०/१०/२९ | कन्हैया प्रसाद गुप्ता, अध्यक्ष, कमलापुरी वैश्य समाज, नेपाल, सिराहा | अप्रत्यक्ष | सुचिकृत सम्बन्धमा | प्रशासन |
| ४४. | २०८०/११/०३ | अमर शर्मा | प्रत्यक्ष | सवारी चालक अनुमती पत्र सम्बन्धमा | प्रशासन |
| ४५. | २०८०/११/१७ | मनोज कुमार शाह | अप्रत्यक्ष | जातिय विभिद गरेको सम्बन्धमा | प्रशासन |
| ४६. | २०८०/१२/०४ | अभिषेक गुप्ता | ईमेल | अभद्र व्यवहार तथा इर्वव्यवहार सम्बन्धमा | प्रशासन |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| ४७. | २०८०/१२/०८ | सचिन कुमार दत्त | प्रत्यक्ष | जागिरबाट हटाइएको सम्बन्धमा | प्रशासन |
| ४८. | २०८०/१२/१८ | विर विछ्रम शाह | ईमेल | राष्ट्रिय जनावर गाईलाई काटेर खाने जस्ता जघन्य अपराध सम्बन्धमा | प्रशासन |
| ४९. | २०८०/१२/२० | दिपक कुमार साह | प्रत्यक्ष | जातिय विभेदको हिसावले अश्लिल गाली, धम्कीपूर्ण कार्य गरेको आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा निर्देशन गरिपाउँ | प्रशासन |
| ५०. | २०८१/०१/०२ | कमल नारायण दास | प्रत्यक्ष | आवश्यक कारवाही गरी पाउँ | प्रशासन |
| ५१. | २०८१/०१/१२ | अभिषेक कुमार साह (प्रतिवेदन मार्फत) | प्रत्यक्ष | हिन्दु युवकमाथि सामुहिक कुटपिट, कोशी प्रदेश, जिल्ला सुनसरी, हरिनगर गा.पा. | प्रशासन |
| ५२. | २०८१/०१/१६ | शुभम राज श्रृष्टि | प्रत्यक्ष | मधेशी समुदायको सुडी जात अन्तर्गत "श्रृष्टि" थर सुचिकरण गराई पाउँ | प्रशासन |
| ५३. | २०८१/०१/३० | अशोक कुमार झा (पुष्पा कुमारी) सुरुङ्गा न.पा. वडा नं. ५, कुशहा | ईमेल | व्यक्ति वेपता परेको सम्बन्धमा | प्रशासन |
| ५४. | २०८१/०२/२५ | डा. अरुण कुमार सिहं | ईमेल | पदमुक्त गरिएको सम्बन्धमा | प्रशासन |
| ५५ | २०८१।०३।०५ | विमला देवी झा | अप्रत्यक्ष | आवश्यक कारवाही गरि पाउ | प्रशासन |
| ५६ | २०८१।०३।०६ | राजेन्द्र लाल कर्ण | अप्रत्यक्ष | व्यक्ती वेपत्ता गरिएको जाहेरी सम्बन्धमा | प्रशासन |
| ५७ | २०८१।०३।१४ | सुधा झा | इमेल | घर भत्काएकोले आवश्यक कारवाही गरि पाउँ | प्रशासन |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| ५८ | २०८१।०३।२६ | शैलेन्द्र अम्बेडकर | सामाजिक संजाल | विभेद सम्बन्धमा | प्रशासन |

# अनुसूची - ३

## प्रदेशगत कार्यक्रमहरु

आ. व. २०८०।८१ मा आयोगमा स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित वजेट रकम भित्र रही सम्पादन गरिएका कार्यहरुलाई प्रदेशगत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**कोशी प्रदेश**

**कार्यक्रमको नामः** मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम (लोकसेवा परीक्षा तयारी अभिमुखी कार्यक्रम)

स्थानः कोशी प्रदेशको सुनसरी जिल्लाको श्री सरस्वती मा.वि. इनरुवा

मितिः २०८१।०२।०९

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| १. मधेशी आयोगको मा. सदस्य रेणु देवी साह<br>२. राजन मेहता (जि.स.स. प्रमुख, सुनसरी)<br>३. विनिता मेहता (उपप्रमुख, इनरुवा न.पा.)<br>४. जयराम आचार्य (प्र.जि.अ. सुनसरी) | १. राज्यको मुलधारमा मधेशी समुदाय आउनुपर्छ र आउन सक्छु भन्ने सहभागिहरुको सोच तयार भएको ।<br>२. मधेशी आयोगको सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम पूर्ण रुपमा सफल भएको। | १. मधेशी समुदायको सशक्तीकरणका लागि यस्ता कार्यक्रमहरु धेरै भन्दा धेरै ठाउँमा हुनुपर्ने।<br>२. विशेषगरी यस्ता कक्षाहरु संचालन गर्दा अतिविपन्न, विपन्न र पिछडिएका वर्गलाई प्राथमिकता दिनुपर्ने ।<br>३. स्थानीय तहले पनि यस्ता कार्यक्रमलाई प्राथमिकतामा राखी |

| | | |
|---|---|---|
| ५. प्रदिप कुमार साह (स. प्र. जि. अ., मोरङ्ग)<br>६. श्री बसिर मुदिन मंसुरी, वडा अध्यक्ष<br>७. शिक्षकहरु<br>८. श्री तेज नारायण यादव प्र.अ.<br>९. कक्षा ११ र १२ का विद्यार्थीहरु | ३. जनप्रतिनिधिहरु आस्थावान भई नयाँ पुस्तालाई राज्यको मुलधारमा आउन प्रोत्साहन गरेको ।<br>४. समग्र मधेशी समुदायको व्यक्तिहरुको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि उक्त कार्यक्रमले विशेष योगदान पुऱ्याई निर्धारित उद्देश्य पुरा गरेको देखिन्छ । | नीति योजना बनाउनुपर्ने।<br>४. निश्चित अवधि र विज्ञ सहितको कक्षा संचालन हुनुपर्ने ।<br>५. सशक्तीकरण कक्षा संचालन गर्नुभन्दा १५ दिन अगाडि सूचना दिनुपर्ने । जसले गर्दा धेरै भन्दा धेरै लक्षित समूह सहभागी हुन सक्ने। |

**अन्य सुझावः**

सो कार्यक्रमको सन्दर्भमा त्यस क्षेत्रका स्थानीय जनप्रतिनिधी सरोकारवाला पक्ष, नागरिक समाज, स्थानीय जनतासँगपनि आयोगले अन्तरक्रिया गरेको थियो । सो सन्दर्भमा प्राप्त भएका नागरिकका अपेक्षा तथा सुझावहरु निम्नानुसार छन ।

- शिक्षा र स्वास्थ्यका क्षेत्रमा तालुक निकायहरुले नियमित अनुगमन गरी सेवालाई प्रभावकारी बनाउने ।
- मधेशी समुदायमा व्याप्त सवै प्रकारका अन्धविश्वास, कुरीति, छुवाछुत, विभेद, शोषणलाई अन्त्य भई समतामूलक समाजको निर्माण गर्ने ।
- भाषा, कला, संस्कृति, लिपीको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको दायित्व भएको हुँदा यसको संरक्षण र सम्बर्द्धन गर्न राज्यका तीनै तहले विशेष ध्यान दिने ।

- स्थानीय जनप्रतिनिधि तथा स्थानीय निकायद्वारा वार्षिक बजेट नै व्यवस्था गरी नयाँ पुस्ताको योद्धाहरुलाई लोकसेवा तयारी सम्बन्धी ३ महिने/६ महिने कार्यक्रम चलाई तालिम संचालन गर्ने ।

## मधेश प्रदेश

### (१) कार्यक्रमको नामः नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम

स्थानः मधेश प्रदेशको वारा जिल्लाको श्री रामराजा (मो.वि.शाह) बहुमुखी क्याम्पस

मितिः २०८१।०२।०६

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| १. मधेशी आयोगको मा. सदस्य जीवछ साह<br>२. शशिधर घिमिरे (प्र.जि.अ.) वारा<br>३. वसन्त अधिकारीः सचिव, मधेशी आयोग<br>४. नवेश कुमार तिमिल्सेना<br>५. जंग बहादुर चौरसिया, रामराजा व. क्याम्पस संचालक समिति, अध्यक्ष<br>६. माध्यमिक विद्यालयका | १. अनुशासन नै गहना हो भने सोच अनुभुति भएको<br>२. राज्यको मुलधारमा आउनुपर्छ र आउन सक्छु भन्ने सहभागिताहरुको सोच तयार भएको ।<br>३. मधेशी आयोगको नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम पूर्ण रुपमा सफल भएको।<br>४. जनप्रतिनिधिहरु आस्थावान भई नयाँ पुस्तालाई नैतिकवान बनाई राज्यको | १. मधेशी आयोगले यस्ता कार्यक्रम मार्फत मधेशी समुदायको नैतिकतामा वृद्धि गराउदै राज्यको मुलप्रवाहमा प्रवेश तथा वाहुल्यतामा वृद्धि गराउने सोच राखेको छ।<br>२. स्थानीय जनप्रतिनिधि तथा स्थानीय निकायद्वारा वार्षिक बजेटमा नै व्यवस्था गरी नयाँ पुस्ताको योद्धाहरुलाई |

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| प्रधानाध्यापक तथा शिक्षकहरु<br>७. माध्यमिक विद्यालयहरुका कक्षा ८, ९, १०, ११ र १२ का विद्यार्थीहरु | मुलधारमा ल्याउन कम्मर कसेको ।<br>५. समग्र मधेशी समुदायको व्यक्तिहरुको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि उक्त कार्यक्रमले विशेष योगदान पुऱ्याई निर्धारित उद्देश्य पुरा गरेको देखिन्छ । | ३ महिने/६ महिने कार्यक्रम चलाई तालिम दिइने सोच बनाइएको।<br>३. मधेशी आयोग र स्थानीय निकाय बीच समन्वय र सहकार्य मार्फत आगामी दिनहरुमा यस्ता कार्यक्रमहरु संचालन गर्ने भावी कार्ययोजना रहेको । |

**(२) कार्यक्रमको नामः नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम**

**स्थानः मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा**

मितिः २०८०।७।२२

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| १. प्रमुख अतिथी डा. राजेन्द्र विमल<br>२. मधेशी आयोगको मा. अध्यक्ष डा. विजय कुमार दत्त | १. अनुशासन नै गहना हो भने सोच अनुभुति भएको<br>२. राज्यको मुलधारमा आउनुपर्छ र आउन | १. मधेशी आयोगले यस्ता कार्यक्रम मार्फत मधेशीहरुको नैतिकतामा वृद्धि गराउदै राज्यको |

| | | |
|---|---|---|
| ३. मधेशी आयोगको मा. सदस्य जीवछ साह<br>४. राजिव कुमार कर्णः राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश<br>५. गाउँपालिकाका नागरिक अगुवाहरु<br>६. विभिन्न ३ वटा माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु र भूपु प्रधानाध्यापकहरु<br>७. ३ वटा माध्यमिक विद्यालयहरुका कक्षा ८, ९, १०, ११ र १२ का विद्यार्थीहरु | सक्छु भन्ने सहभागिताहरुको सोच तयार भएको ।<br>३. मधेशी आयोगको नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम पूर्ण रुपा सफल भएको।<br>४. जनप्रतिनिधिहरु आस्थावान भई नयाँ पुस्तालाई नैतिकवान बनाई राज्यको मुलधारमा ल्याउन कम्मर कसेको ।<br>५. समग्र मधेशी समुदायको व्यक्तिहरुको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि उक्त कार्यक्रमले विशेष योगदान पुऱ्याई निर्धारित उद्देश्य पुरा गरेको देखिन्छ। | मुलप्रवाहमा प्रवेश तथा वाहुल्यतामा वृद्धि गराउने सोच राखेको छ ।<br>२. स्थानीय जनप्रतिनिधि तथा स्थानीय निकायद्वारा वार्षिक बजेटमा नै व्यवस्था गरी नयाँ पुस्ताको योद्धाहरुलाई लोकसेवा तयारी ३ महिने/६ महिने कार्यक्रम चलाई तालिम दिइने सोच बनाइएको ।<br>३. मधेशी आयोग र स्थानीय निकाय बीच समन्वय र सहकार्य मार्फत आगामी दिनहरुमा यस्ता कार्यक्रमहरु संचालन गर्ने भावी कार्ययोजना रहेको। |

## सुदुरपश्चिम प्रदेश

कार्यक्रमको नामः मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

स्थानः महेन्द्रनगर, कञ्चनपुर

मितिः २०८१।०१।३१

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| १. प्रमुख अतिथी, मा. नजिर मियाँ, प्रदेश प्रमुख, सुदुरपश्चिम प्रदेश<br>२. मधेशी आयोगको मा. सदस्य आभा कुमारी<br>३. दुर्गादत्त बोहरा, जि.स.स. प्रमुख<br>४. गोपाल कुमा अधिकारी, प्र.जि.अ. कन्चनपुर<br>५. श्री राजिव जंग ठकुरी, सेनानी, श्रीदल गुल्म भगतपुर<br>६. श्री खगेन्द्र बहादुर चन्द, स. प्र.उ., स.प्र.ब. | १. अनुशासन नै गहना हो भने सोच अनुभुति भएको<br>२. राज्यको मुलधारमा आउनुपर्छ र आउन सक्छु भन्ने सहभागिताहरुको सोच तयार भएको।<br>३. मधेशी आयोगको नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम पूर्ण रुपमा सफल भएको।<br>४. जनप्रतिनिधिहरु आस्थावान भई नयाँ पुस्तालाई नैतिकवान बनाई राज्यको मुलधारमा ल्याउन कम्मर कसेको। | १. मधेशी आयोगले यस्ता कार्यक्रम मार्फत मधेशीहरुको नैतिकतामा वृद्धि गराउदै राज्यको मुलप्रवाहमा प्रवेश तथा वाहुल्यतामा वृद्धि गराउने सोच राखेको छ।<br>२. स्थानीय जनप्रतिनिधि तथा स्थानीय निकायद्वारा वार्षिक बजेटमा नै व्यवस्था गरी नयाँ पुस्ताको योद्धाहरुलाई लोकसेवा तयारी सम्बन्धि ३ महिने/६ महिने कार्यक्रम चलाई |

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| नेपाल नं. ३५ गण हेक्वा<br>७. श्री उमेश जोशी, प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, कन्चनपुर<br>८. श्री हरि प्रसाद ज्ञवाली, प्रमुख, नेपाल राष्ट्रिय मानव अधिकार आयोग सुदुरपश्चिम प्रदेश<br>९. श्री माधव सिंह धामी, अध्यक्ष नेपाल पत्रकार महासंघ<br>१०. श्री इन्द्र बहादुर बोहरा, प्र.ना.उ., प्रदेश प्रमुख कार्यालय, सुदुरपश्चिम<br>११. श्री धर्मराज कठायत, सम्वाददाता, जनता टेलिभिजन | ५. समग्र मधेशी समुदायको व्यक्तिहरुको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि उक्त कार्यक्रमले विशेष योगदान पुऱ्याई निर्धारित उद्देश्य पुरा गरेको देखिन्छ । | तालिम दिइने सोच बनाइएको ।<br>३. मधेशी आयोग र स्थानीय निकाय बीच समन्वय र सहकार्य मार्फत आगामी दिनहरुमा यस्ता कार्यक्रमहरु संचालन गर्ने भावी कार्ययोजना रहेको। |

| कार्यक्रम सहभागिता | उपलब्धी | सुझाव तथा भावी कार्यदिशा |
|---|---|---|
| १२. श्री भगवती थापा, अध्यक्ष, W.H.R.D.<br>१३. श्री लक्ष्मी बोहरा, अध्यक्ष, गै.स.स. महासंघ<br>१४. श्री लिलि कनवार, प्रतिनिधी, INSEC, Kanchanpur | | |

**लुम्बिनी प्रदेशः**

**कार्यक्रमको नामः** नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम

कार्यक्रम स्थलः मंगल प्रसाद महिला कलेज, बाँके ।

कार्यक्रमको भएको मितिः २०८१/०१/१८

| **कार्यक्रम सहभागिता** | **उपलब्धी** | **सुझाव तथा भावी कार्यदिशा** |
|---|---|---|
| १. प्रमुख अतिथी, माननीय सुर्य ढकाल, प्रतिनिधि सभा सदस्य<br>२. अध्यक्षता, मधेशी आयोगका माननीय सदस्य, श्री विजय कुमार गुप्ता<br>३. मा. सदस्य श्री जिवछ साह<br>४. रविन्द्र कर्ण, क्याम्पस प्रमुख, मंगल प्रसाद महिला कलेज<br>५. कौशल बर्मा, डक्टर, अधिवक्ता, लेखापरीक्षक<br>६. मंगल प्रसाद महिला क्याम्पसका स्नातक तहमा अध्ययनरत छात्रछात्राहरु | १. राज्यको मुलधारमा मधेशी समुदाय आउनुपर्छ र आउन सक्छु भन्ने सहभागिहरुको सोच तयार भएको ।<br>२. मधेशी आयोगको सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम पूर्ण रुपमा सफल भएको।<br>३. जनप्रतिनिधिहरु आस्थावान भई नयाँ पुस्तालाई राज्यको मुलधारमा आउन प्रोत्साहन गरेको ।<br>४. समग्र मधेशी समुदायको व्यक्तिहरुको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि उक्त कार्यक्रमले विशेष योगदान पुऱ्याई निर्धारित | १. शिक्षा र स्वास्थ्यका क्षेत्रमा तालुक निकायहरुले नियमित अनुगमन गरी सेवालाई प्रभावकारी बनाउने ।<br>२. मधेशी समुदायमा व्याप्त सबै प्रकारका अन्धविश्वास, कुरीति, छुवाछुत, विभेद, शोषणलाई अन्त्य भई समतामूलक समाजको निर्माण गर्ने।<br>३. भाषा, कला, संस्कृति, लिपीको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको दायित्व भएको हुँदा यसको संरक्षण र सम्बर्द्धन गर्न राज्यका तीनै |

| | | |
|---|---|---|
| | उद्देश्य पुरा गरेको देखिन्छ । | तहले विशेष ध्यान दिने ।<br>४. स्थानीय जनप्रतिनिधि तथा स्थानीय निकायद्वारा वार्षिक बजेटमा नै व्यवस्था गरी नयाँ पुस्ताको योद्धाहरुलाई लोकसेवा तयारी ३ महिने/६ महिने कार्यक्रम चलाई तालिम संचालन गर्ने। |

**सहकारीतामूलक कार्यक्रमः**

Plan Internatinal को सहकार्य र मधेशी आयोगको आयोजनामा मधेश प्रदेशको महोत्तरी जिल्लाको बर्दिवासमा मधेश प्रदेशका ८ वटै जिल्लाको धार्मिक गुरु, पण्डितज्यू, पुरोहित, मोल्वीहरुको सहभागितामा वालविवाह अन्त्यका लागि धार्मिक गुरुहरुको भुमिका विषयक कार्यक्रम मिति २०८० चैत्र २२ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्लान इन्टरनेशनलबाट आर्थिक तथा प्राविधिक सहयोग पुर्ण रुपमा प्राप्त भयो । उक्त कार्यक्रम महोत्तरी जिल्लाको बर्दिबास, होटल गुन्जामा मधेश प्रदेशको आठवटै जिल्लाका ३/३ जना पण्डितज्यू, धर्मगुरु, बैद गुरु, मौलाना मोल्बी, संचार कर्मी तथा सहयोगी संस्था प्लान इन्टरनेशनल नेपालका प्रतिनिधिहरु र मधेशी आयोगका माननीय अध्यक्ष डा. विजय कुमार दत्त, आयोगका माननीय सदस्य श्री जीवछ साह, उपप्रमुखज्यू, आयोगका सचिव श्री बसन्त अधिकारी, शाखा अधिकृत रमेश कुमार दास लगायतको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा मधेश प्रदेशको सभामुखज्यूको प्रमुख

आतिथ्यतामा सम्पन्न भएको थियो । साथै उक्त कार्यक्रममा जनकपुरधाम जानकी मन्दिरको महन्थवावा श्री रामरोशनदास समेतको गरिमामय उपस्थति रहयो ।

**उपलब्धीहरुः**

- वाल विवाह न्युनिकरण हुने चेतना वृद्धि भएको,
- विवाह गराउने पण्डितज्यू, धर्मगुरुहरु, मौलाना मोल्बीहरु सचेत भई नियन्त्रण र न्यूनीकरणमा सहयोग पुगेको,
- मधेशी आयोग र प्लान इन्टरनेशनल नेपाल संस्थाको सहकार्यमा कार्यक्रम सम्पन भएको,
- दाइजो प्रथा न्यूनीकरण तथा उमेर पुगेमात्र विवाह हुने विश्वास,
- वालविवाहको अन्त्यका लागि उपस्थित सम्पुर्ण सहभागीहरुको सामुहिक हस्ताक्षर भई प्रतिवद्धता पत्र तयार भएको,

**मधेशी आयोगको स्थापनाको पाँचौं वार्षिक उत्सव कार्यक्रमः**

मधेशी आयोगको पाँचौ वार्षिक उत्सव कार्यक्रम मिति २०८० चैत्र ७ गते सभ्य र भव्य रुपमा सुसम्पन्न भयो । सम्माननीय उपराष्ट्रपति श्री राम सहाय प्रसाद यादवज्यूको प्रमुख आथित्यतामा तथा मधेशी आयोगका माननीय अध्यक्ष डा. विजय कुमार दत्तज्यूको अध्यक्षतामा उक्त कार्यक्रम आयोजना भएको थियो । सो अवसरमा संवैधानिक निकायका अध्यक्ष तथा सदस्यज्यूहरुको गरिमामय उपस्थिति रहयो । मधेशी आयोगका माननीय सदस्यहरुको समेत उपस्थिति थियो । तत्कालिन सचिव श्री वसन्त अधिकारीज्यूको वौद्धिक तथा प्राविधिक दक्षता र क्षमताको पूर्ण उपयोगका साथ उपस्थिती रहयो । अन्य आयोगका सचिवहरु लगायत मधेशी आयोगका कर्मचारीहरुको पुर्ण उपस्थितिमा पाँचौ वार्षिक उत्सव कार्यक्रम सम्पन्न भयो । वार्षिक उत्सव कार्यक्रमबाट आगामी दिनमा आयोगका कामकाज तथा कर्मचारीहरुको मनोवलमा थप वल पुग्ने अपेक्षा राखेको छ । मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धनका निम्ती आयोग तत्पर रहने विश्वास लिएको छ । मधेशी

आयोगको काम कर्तव्य र अधिकार मार्फत मधेशी समुदायको हितमा कार्य प्रभावकारीता हुने विश्वास साथ कार्यक्रम सम्पन्न भएको थियो ।






नेपालको संविधानको भाग २७,
धारा २६२ बमोजिम गठन भएको
मधेशी आयोग स्थापनाको


नेपालको संविधानको भाग २७,
धारा २६२ बमोजिम गठन भएको
मधेशी आयोग स्थापनाको


मधेशी आयोग स्थापनाको
पाँचौं वार्षिक उत्सव कार्यक्रम

# अनुसूची -४

## आयोगका पदाधिकारीबाट गरिएको अनुगमन

आ.ब. २०८०।८१ मा यस आयोगबाट भएका अनुगमनको विवरण निम्नानुसार रहेका छन ।

## माननीय अध्यक्ष, डा. विजय कुमार दत्तज्यू

| सि. नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १ | २०८०।४।७ | धनुषा जिल्ला | दलितसँगको अन्तरक्रिया कार्यक्रम | • दलित सशक्तीकरण<br>• धार्मिक समन्वय र सहकार्य भएको<br>• धार्मिक द्वन्द्व व्यवस्थापन<br>• कृषिमा सशक्तीकरण |
| २ | २०८०।८।१७ | कोशी प्रदेश | सहकार्य र समन्वय | |
| ३ | २०८०।११।१८ | कोशी प्रदेशको सुनसरी | धार्मिक द्वन्द्व | |
| ४ | २०८१।१।२४ | वागमती प्रदेशको सिन्धुलीको | सुनकोशी मरिन | |

# माननीय सदस्य जीवछ साहज्यूले आ.व. २०८०/८१ मा गर्नु भएको अनुगमनहरु

| क्र. सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
|---|---|---|---|---|
| १. | २०८०/०५/१० गते | धनुषा जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक, ओरेकका प्रतिनिधिहरु मधेशी आयोगका माननीय सदस्य जीवछ साह | आरती साहको मृत्यु तथा जिल्ला प्रहरी कार्यालयमा पीडितले जाहेरी दिने सम्बन्धमा भएका विबाद कुटपिट गरेको भन्ने सम्बन्धमा | मुद्दा दर्तामा सहजीकरण महिला हिंसाको घटना न्युनिकरण गर्न प्रहरी प्रशासन सहमत, घटनाको यथार्थ छानबिन गर्नुको साथै आयोगमा सरोकारवाला निकाय र पिडितहरुसंगको अन्तरक्रिया सम्पन्न भएको, |
| २. | २०८०/०६/०८ गते | सर्लाही जिल्ला प्रशासन कार्यालय प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक, नेपाल पत्रकार महासंघ | २०८० असोज ०४ गते राती मुर्ति पुजनगरी कृष्ण जन्माष्टमी, विश्वकर्मा पुजा, गणेश पुजा पश्चात मुर्ति विसर्जन (जल प्रवाह) को क्रममा विवाद भइ साम्प्रदायिक सद्भाव | सर्लाहीको सदरमुकाम मलंगवामा बिग्रिएको सदभाव कायम भई शान्तिपूर्ण बातावरण कायम भएको, दोषी उपर कानुनी कारवाही |

| क्र.सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
| --- | --- | --- | --- | --- |
| | | मधेश प्रदेश, नेपाल पत्रकार महासंघ सर्लाहीका प्रतिनिधिहरु, मधेशी आयोगका माननीय सदस्य जीवछ साह र शाखा अधिकृत रमेश कुमार दास | खलल भई सोको व्यवस्थापनमा प्रशासनले चालेको कदम र हाल जनजीवनमा आएको सामान्यीकरण सम्बन्धी बिषयमा छलफल | भएको, प्रशासनको सक्रियताको लागी सरोकारवाला निकायमा आयोगबाट पत्राचार भएको |
| ३. | २०८०/१२/१२ गते | सिरहा जिल्ला मिर्चैया न.पा. | मधेशी समुदायमा वडाधुमधामका साथ मनाइने होली पर्व | होली पर्वमा सहभागीता जनाउदा समुदायहरु विच अपनत्वको भावना वृद्धि भएको होलीमा २ दिन विदा दिन माग भएको, |
| ४. | २०८०/१२/२६ गते | महोत्तरी जिल्लाको बर्दिबास, होटल गुंजामा मधेश प्रदेशको आठवटै जिल्लाका ३/३ जना पण्डित (पुरोहित), धर्मगुरु, बौद्धगुरु, मौलाना, मोल्बी, मन्दिरका | वाल विवाह तथा दाइजो प्रथा निर्मुल गरी सभ्य र उन्नत समाजको स्थापना गर्ने अन्तरक्रिया कार्यक्रम संचालन गरिएको | १)वाल विवाह न्यूनीकरण हुने चेतनामा अभिवृद्धि भएको<br>२)विहे गराउने पण्डितज्यू, धर्मगुरुहरु, मौलाना, मोल्बीहरु, मन्दिरका |

| क्र.सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
| --- | --- | --- | --- | --- |
| | | पूजारीहरु, जानकी मन्दिरको महन्थ, संचारकर्मी तथा नागरिक समाज र सहयोगी संस्था प्लान इन्टरनेसनल नेपालका प्रतिनीधिहरु र मधेशी आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्त, माननीय सदस्य श्री जीवछ साह, सचिव श्री बसन्त अधिकारी, शाखा अधिकृत श्री रमेश दास लगायतको सहभागिता रहेको थियो ।उक्त कार्यक्रममा मधेश प्रदेशको सभामुख माननीय श्री रामचन्द्र मण्डलज्यूको प्रमुख आतिथ्यतामा सुसम्पन्न भएको थियो । | | पूजारीहरु, संचारकर्मी तथा नागरिक समाज सचेत भई नियन्त्रण र न्यूनीकरणमा सहयोग पुग्ने, ३)मधेशी आयोग र प्लान इन्टरनेसनल नेपालको सहकार्यमा कार्यक्रम सम्पन्न भएको ४)दाइजो प्रथा न्यूनीकरण तथा उमेर पुगेमात्र विवाह हुने विश्वास बढेको । ५) वाल विवाह अन्त्यका लागि सामुहिक हस्ताक्षरित प्रतिवद्धता प्राप्त भएको । |

| क्र. सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
|---|---|---|---|---|
| ५. | २०८०/ ११/२२ गते | जिल्ला प्रशासन कार्यालय महोत्तरीको प्रमुख जिल्ला अधिकारी, जिल्ला सुरक्षा प्रमुखहरु, राष्ट्रिय मानव अधिकार आयोग जनकपुरका प्रमुख मंजु खतिवडा, मधेशी आयोगका माननीय सदस्य जीवछ साह | मिटर ब्याज पिडितहरुको समस्या, उजुरी सम्बन्धमा, जिल्लामा मानव अधिकार उलंघन, हननका घटनाहरु, महिला हिंसा, घरेलु हिंसा | पिडित र प्रशासन बीच छलफल भएको पिडितहरुलाई प्रशासन समक्ष सहज पहुच हुने भएको, जिल्लामा घट्ने विभिन्न घटनाहरु सबै सरोकारवालाहरु मिलेर न्युनिकरण गर्ने । |
| ६. | २०८०/ ११/२३ गते | मधेश प्रदेशको राजधानी जनकपुरधाममा माननीय मधेश प्रदेश प्रमुख हरिशंकर मिश्रज्यू समक्ष मधेशी आयोगका माननीय सदस्य श्री जीवछ साह | मधेशी आयोगको पाँचौ बार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने कार्यक्रम | प्रत्येक वर्ष आयोगको वार्षिक प्रतिवेदन संघमा सम्माननीय राष्ट्रियपतिज्यू समक्ष र प्रदेशमा माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने कार्य सम्पन्न । |
| ७ . | २०८१/ ०१/१२ गते | जिल्ला प्रशासन कार्यालय सिरहामा प्रमुख जिल्ला | जिल्लामा भएको विभिन्न घटनाहरु | घटनाहरु न्यूनीकरण गर्ने सवै |

| क्र. सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
|---|---|---|---|---|
| | | अधिकारी, जिल्ला सुरक्षा प्रमुखहरु, आयोगका माननीय सदस्य जीवछ साह | वारे छलफल अन्तरक्रिया | सरोकारवालाहरु आ- आफ्नो तर्फबाट पहल गर्ने, पिडित मैत्री वातावरण तथा न्यायमा सहज पहुँच बढाउने वारे छलफल भएको । |
| ८. | २०८१/०१/१० गते | मधेश प्रदेश प्रहरी कार्यालयका डी. आइ. जी. श्री यज्ञबिनोद पोखरेलज्यूसंग सरोकारवालाहरुसाथै आयोगको माननीय सदस्य जीवछ साह | मधेश प्रदेशका ८ वटा जिल्लाहरुमा घटेका बिभिन्न घटनाहरु सम्बन्धमा | अव उप्रान्त घटनाहरु हुन नदिन प्रहरी अझ बढी सम्बेदनशील हुने, घटना न्यूनीकरण गर्न सवै सरोकारवालाहरु सम्बेदनशील हुने |
| ९. | २०८१/०१/१८ गते | मंगल प्रसाद महिला क्याम्पस नेपालगंज बाँकेमा प्रमुख अतिथि संघीय सांसद (बाँके क्षेत्र नं. १) माननीय सदस्य श्री सूर्य ढकाल, आयोगका माननीय सदस्य श्री | नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा कार्यक्रम संचालन गरिएको | बिधार्थीहरु कार्यक्रमवाट लाभान्वित भई नैतिक शिक्षाको ज्ञान भएको साथै मधेशमा आर्थिक अनियमितता रोक्न र गुणस्तरीय |

| क्र. सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
|---|---|---|---|---|
| | | विजय कुमार गुप्ता, माननीय सदस्य श्री जीवछ साह लगायत आयोगका कर्मचारीहरु | | शिक्षामा जोड दिने, सरकारी सेवाहरुमा प्रवेश गर्ने प्रोत्साहन बढेको, राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक आदि आयामहरुमा वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिंग, समुदाय, जात, जातिलाई, शासन, विकास र सेवा प्रवाहमा मूल प्रवाहिकरण गरी समावेशी र अपनत्व कसरी गर्ने त्यस सम्बन्धी जानकारी दिने कार्य भएको । |
| १०. | २०८१/०२/०६ गते | राम राजा मो. वि. साह बहुमुखी क्याम्पस कलैया वारामा आयोगका माननीय सदस्य श्री जीवछ साह, सचिव श्री | मधेशी समुदायको सशक्तीकरण अन्तर्गत नैतिकवान मधेश तथा ससक्त नैतिक शिक्षा कार्यक्रम संचालन गरिएको | - नैतिक शिक्षाको महत्व, भूमिका तथा यसका चुनौतीहरुको वारे जानकारी दिइयो |

| क्र. सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
|---|---|---|---|---|
| | | बसन्त अधिकारी, प्र.जि.अ. श्री शशीधर घिमिरे, क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष, क्याम्पस प्रमुख, उपप्रमुख लगायत प्राध्यापकहरु, कर्मचारीहरु, विद्यार्थीहरु, आयोगका कर्मचारी लेखापाल श्री गोपाल प्र. घिमिरे र ना.सु. श्री सुन्दर प्रसाद निरौला | | - नैतिक शिक्षाको माध्यमवाट समाज परिवर्तनमा युवाहरुले कस्तो भूमिका निर्वाह गर्न सक्छन् भन्ने सम्बन्धी जानकरी, - राजनीतिक, आर्थिक, सामाजिक, संस्कृतिक र प्रशासनिक आदि क्षेत्रका समानुपातिक समावेशीकरण तथा पहुँचका लागि उत्प्रेरणा जागेको, - मधेशी समुदायमा आर्थिक पारदर्शिता, मधेशमा गुणस्तरीय शिक्षामा पहुँच बढाउनुको साथै युवाहरुलाई बढ्दो कुलतवाट छुटाउन सहयोग पुगेको । |

| क्र. सं. | मिति | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमनका विषय | उपलब्धि |
|---|---|---|---|---|
| १ १. | २०८१/ ०३/१२ गते | राम राजा मो. वि. साह बहुमुखी क्याम्पस कलैया बारामा क्याम्पस प्रमुखको श्रद्धान्जली सभामा माननीय सदस्य जीवछ साह सहभागी | राम राजा मो. वि. साह बहुमुखी क्याम्पस प्रमुख हरिभुषण कुशवाहालाई गोलीहानी हत्या गरेको घटना | क्याम्पस व्यवस्थापन समितिका पदाधिकारीहरु, प्राध्यापकहरु, कर्मचारीहरुसँग छलफल, अन्तरक्रिया घटना सम्बन्धी जानकारी लिई कानुनी कारवाहीको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको |
| १ २. | २०८१/ ०३/१२ गते | जिल्ला प्रशासन कार्यालय बारामा प्रमुख जिल्ला अधिकारी, जिल्ला सुरक्षा प्रमुखहरु, आयोगका माननीय सदस्य जीवछ साह | बारा जिल्ला आदर्शकोतवाल गाउँपालिका वडा न. ३ स्थित मिति २०८१/०२/३२ गते राम राजा मो. वि. साह क्याम्पसका प्रमुख हरिभुषण कुशवाहाको हत्या सम्वन्धी घटना | जिल्लाका सुरक्षा प्रमुखहरुसंग घटना वारे छलफल, आयोगबाट सम्वन्धित निकायमा पत्राचार भएको |

# माननीय सदस्य, रेणुदेवी साहज्यूले विभिन्न जिल्लामा गर्नुभएको अनुगमनको विवरण

| सि.नं | प्रदेश / जिल्ला | अनुगमनको विषय |
|---|---|---|
| १ | कोशी प्रदेश मोरङ जिल्ला | प्रदेश प्रमुखलाई प्रतिबेदन हस्तान्तरण |
| २ | कोशी प्रदेश सुनसरी जिल्ला | हिन्दु र मुस्लिम धर्माबलम्बी बीच सामुहिक झैं झगडा कुटपिट हुदा हरिनगर र देवान्गन्ज गाउपालिका कर्फ्युबारे स्थलगत छलफल |
| ३ | कोशी प्रदेश सोलुखुम्बु जिल्ला | सगरमाथा बेसक्याम्पसम्म पुगी जल वायू परिवर्तनको गति र वातावरणीय प्रभाव बारे अनुगमन |
| ४ | मधेश प्रदेश बागमती प्रदेश, मकवानपुर, बारा, पर्सा, चितवन र नवलपरासी जिल्ला | राष्ट्रियमार्ग साप्ताहिक पत्रिका कोवार्षिक उत्सव सहभागी साथै मधेसी जनताहरूको समस्याबारे अनुगमन |
| ५ | कोशी प्रदेश मोरङ जिल्ला सुनसरी जिल्ला वन्यजन्तु आरक्ष | कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्रको जनता र जङ्गली जनावर बीचको द्वन्द अनुगमन र मोरङ जिल्लाको विराटनगर महानगरपालिकामा अनुगमन |
| ६ | मधेस प्रदेश सप्तरी जिल्ला | सप्तकोशी नगरपालिका फतेपुरको बजेट शिक्षा स्वस्थ सडक नाला खोला जङ्गल आदिको स्थिति र पालिकाको समस्याबारे अनुगमन |
| ७ | कोशी प्रदेश सुनसरी जिल्ला | मधेसी समुदायको सशक्तिकरण अन्तर्गत लोकसेवा तयारी कक्षा सञ्चालन अभिमुखीकरण कार्यक्रम |

सुझावहरू

१) जलवायु परिवर्तनको असरबारे तराई मधेशका जनताहरूमा सरकारी सम्बन्धित निकायहरूद्वारा प्रत्यक्ष जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने

२) मधेसका सरकारी विद्यालयहरू वैज्ञानिक र आधुनिक प्रविधिद्वारा सञ्चालन र कडा निगरानी गर्नुपर्ने,

३) कोशी टप्पु वन्यजन्तु आरक्षको पश्चिम सीमा सिमाङ्कन र घेराबार गर्नुपर्ने,

४) मोरङ जिल्लाको जोगवनी भन्सार कार्यालयद्वारा हुने गतिविधि कामकाजहरूबारे अनुगमन गर्नुपर्ने,

५) मधेसका महिला र युवाहरूलाई कृषिप्रति आकर्षण बढाउने कार्यक्रम र योजना सञ्चालन गर्नुपर्ने,

६) एभरेस्ट बेस क्याम्प रूटका पोटर हरूलाई सहज बनाउनका निम्ति राज्यले व्यवस्थित अनुगमन गर्नुपर्ने,

# माननीय सदस्य विजय कुमार गुप्ताज्यूले विभिन्न जिल्लामा गर्नुभएको अनुगमनको विवरण

| सि.नं. | प्रदेश/जिल्ला | अनुगमनको विषय |
|---|---|---|
| १ | लुम्बिनी प्रदेशको, बाँके जिल्ला | नैतिकवान मधेस तथा नैतिक शिक्षा कार्यक्रम मंगल प्रसाद महिला कलेज नेपालगन्ज,बाँके |
| २ | लुम्बिनी प्रदेशको, बाँके जिल्ला | मधेशी समुदायका हित र उन्नतिका सम्बन्धी अभिमुखीकरण कार्यक्रम |
| ३ | लुम्बिनी प्रदेशको, बाँके जिल्ला | राप्ती सोनारी तथा अन्य स्थानका बाढी पिडितहरू को हितका लागि छलफल |
| ४ | कोशी प्रदेशको उदयपुर जिल्ला | "जहां समस्या, त्यही मधेशी आयोग र त्यहीँ समाधान" अन्तरक्रियात्मक कार्यक्रम संचालन |
| ५ | लुम्बिनी प्रदेशको बाँके जिल्ला | नेपालगन्ज वडा न.४ मा रहेको क्रिया पुत्री भवन निर्माण मा सहभागीता |
| ६ | लुम्बिनी प्रदेशको, बाँके जिल्ला | होलिमिलन समोरह |

# मानननीय सदस्य, श्री आभा कुमारीज्यूले विभिन्न जिल्लामा गर्नुभएको अनुगमनको विवरण

<table>
<tr><th>सि.नं.</th><th>मिति</th><th>प्रदेश/जिल्ला</th><th>अनुगमनको विषय</th><th>उपलब्धी</th></tr>
<tr><td>१</td><td>२०८०।१०।३ देखी २०८०।१०।१०</td><td>मधेश प्रदेशका जिल्लाहरु</td><td>सर्लाही जिल्लामा अनुगमन</td><td rowspan="2"><ul><li>समन्वय र सहकार्य।</li><li>हत्या, हिंसा सम्बन्धमा स्थल अनुगमन र निरिक्षण</li><li>मधेशी समुदायहरुबीच एकता, अपनत्व वृद्धि</li><li>सामाजिक रीति रिवाजको संरक्षण र सम्बर्द्धन समसामयिक विषयमा छलफल।</li></ul></td></tr>
<tr><td>२</td><td>२०८०।१२।१२</td><td>वागमती र मधेश प्रदेश</td><td>होली कार्यक्रम</td></tr>
</table>

# अनुसूची -५
# मधेश प्रोफाइल
# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २६२ ले नेपालमा एक मधेशी आयोग रहने व्यवस्था गरेको छ । आयोगमा अध्यक्ष एवम् अन्य चारजनासम्म सदस्य रहने व्यवस्था गरेको छ । यस संवैधानिक व्यवस्था अनुसार गठित मधेशी आयोगलाई मधेशी आयोग ऐन, २०७४ को दफा (७) को खण्ड (ङ) मा भएको "मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने" भन्ने जिम्मेवारी दिइएको छ । यस अख्तियारीका आधारमा मधेशी आयोगले सिफारिश गरेका तथा नेपाल सरकारले सूचीकृत गरेका थर/जातजाति, यी जातजातिका संस्कृति, भाषा, कला, परम्परा, इतिहास सहित नेपालमा मधेशी समुदायको समग्र सामाजिक–आर्थिक अवस्था झल्काउने गरी द्वितिय तथ्याङ्कमा आधारित रहि **नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण** नामक यो अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ उद्देश्य

नेपालमा मधेशी समुदायको वस्तुस्थिति विवरण नामक यस प्रतिवेदनको मुख्य उद्देश्य नेपालभर छरिएर रहेका मधेशी समुदायको जनसाङ्ख्यिक, सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गरी नेपालको समग्र सामाजिक–आर्थिक मूल प्रवाहमा मधेशी समुदायको अवस्था प्रस्तुत गर्नु हो । यसका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- मधेश र मधेशी समुदायको समग्र स्थितिको अध्ययन गर्नु ।
- नेपालको समग्र परिदृश्यमा मधेश र मधेशी समुदायको स्थिति प्रस्तुत गर्नु ।
- मधेशी समुदायसँग सम्बन्धित नीतिगत, कानुनी र संस्थागत सुधारका विषयको अध्ययन गर्नु ।
- मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र ठाउँको पहिचान गर्नु ।
- मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन गर्नु ।

- मधेशको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, राजनीतिक झलक दिने वस्तुस्थितिको तयार गर्नु ।
- मधेशी समुदायको हक, अधिकारको पैरवीका लागि आवश्यक आधार दस्तावेज तयार गर्नु ।

## १.३ औचित्य

मधेशी आयोग ऐन, २०७४ प्रदत्त अख्तियारी बमोजिम मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गर्नु मधेशी आयोगको एक प्रमुख दायित्व हो । समग्रमा मधेशी समुदायको ठूलो हिस्सा सामाजिक आर्थिक रूपमा पिछडिएको भए पनि मधेश र मधेशी समुदायको समग्र स्थितिको चित्रण गर्ने आधिकारिक दस्तावेज भएकाले मधेशी समुदायको हक, हितको पैरवी र प्रवर्द्धन गर्न यस अध्ययनले महत्वपूर्ण आधार प्रदान गर्नेछ । साथै यस अध्ययनले मधेशी समुदायसँग सम्बन्धित नीतिगत, कानुनी र संस्थागत सुधारका लागि सान्दर्भिक सूचना एवम् जानकारीहरु प्रदान गर्ने भएकाले आयोगका लागि यो अध्ययन महत्वपूर्ण रहेको छ । मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र ठाउँको पहिचान गर्न सहयोग गर्ने भएकाले यस अध्ययनले मधेशी समुदायको हक हितका लागि योजना तर्जुमा र कार्यान्वयनका साथै समग्र नेपालको सन्तुलित विकासका लागि सम्भाव्य लक्षित वर्ग पहिचान गर्न महत्वपूर्ण सहयोग गर्नेछ ।

## १.४ कार्यक्षेत्र

मूलतः मधेशी समुदाय केन्द्रित जिल्ला तथा स्थानीय तहहरु यस अध्ययनका मुख्य अध्ययन क्षेत्र निर्धारण गरिएको छ । जसअन्तर्गत कोशी प्रदेशको झापा, मोरङ, सुनसरी र उदयपुर जिल्ला; मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट, बारा र पर्सा जिल्ला; बागमती प्रदेशका काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर र सिन्धुली जिल्ला; गण्डकी प्रदेशका नवलपरासी पूर्व र कास्की जिल्ला; लुम्बिनी प्रदेशका नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्ला; कर्णाली प्रदेशको सुर्खेत जिल्ला र सुदूर पश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्ला गरी कुल २९ जिल्ला रहेका छन् । नेपालको भूगोल अनुसार उक्त जिल्लाहरु देहायअनुसार रहेका छन् :

**तालिका १: भूगोल अनुसार अध्ययन क्षेत्र**

| क्र.सं. | भूगोल | जिल्लाको नाम/अध्ययन क्षेत्र | जिल्ला सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| | तराई-मधेश | झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर | १८ | दाङ भित्री मधेश अन्तर्गत पनि पर्ने |
| | भित्री मधेश | उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत, चितवन, दाङ, नवलपुर | ७ | |
| | उपत्यका | काठमाडौं उपत्यका- काठमाडौं, ललितपुर, भक्तपुर<br>पोखरा उपत्यका- कास्की | ४ | |
| कुल | | | २९ | |

## १.५ अध्ययन विधि तथा प्रक्रिया

यो अध्ययन मूलतः द्वितीय स्रोतका तथ्याङ्कमा आधारित सूचनाहरू सङ्कलन गरी तयार गरिएको छ । यसका लागि प्रारम्भमा मधेशी आयोग ऐन, समावेशीकरण तथा मूलप्रवाहीकरण सम्बन्धमा विद्यमान संवैधानिक एवम् अन्य कानुनी व्यवस्थाहरू, मधेशी समुदायसँग सम्बन्धित अध्ययन प्रतिवेदन तथा लेख रचनाहरू सङ्कलन गरी अध्ययन पश्चात् अध्ययनको उद्देश्य तथा कार्यक्षेत्रमा आधारित रही उपयुक्त अध्ययनविधि तथा प्रक्रिया पहिचान गरी प्रतिवेदनको प्रारम्भिक खाका तयार गरिएको छ । यसपश्चात् सिङ्गो नेपालको जनसाङ्ख्यिक, सामाजिक, आर्थिक, प्रशासनिक सूचनाहरू सङ्कलन गरी आवश्यकताअनुसार कम्प्युटर सफ्टवेयरहरूमा प्रविष्टि गरी मधेशी समुदायको स्थिति पहिचानका लागि सङ्कलित तथ्याङ्क प्रशोधन र विश्लेषण गरिएको छ । यससँगै संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न संघ, संस्था तथा कार्यालयहरूबाट प्रकाशित समावेशीकरण, मूलप्रवाहीकरणलगायत मधेशी समुदायसँग सम्बन्धित विभिन्न सूचना, तथ्याङ्क तथा र सन्दर्भ सामग्रीहरू सङ्कलन अध्ययन गरी मधेशी समुदायको अवस्था पहिचान र विश्लेषण गरिएको छ ।

यस अध्ययनमा प्रयोग गरिएका द्वितीय स्रोतका तथ्याङ्कहरूमा मूलतः केन्द्रीय तथ्याङ्क कार्यालयबाट प्रकाशित राष्ट्रिय जनगणना, २०७८ को अन्तिम प्रतिवेदन, मधेशी आयोगलगायत विभिन्न कार्यालयका अभिलेख एवम् प्रतिवेदनहरू, त्रिभुवन विश्वविद्यालय समाजशास्त्र तथा मानव शास्त्र केन्द्रीय विभागका अध्ययन प्रतिवेदनहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन प्रतिवेदनहरू, विभिन्न पुस्तक तथा लेख रचनाहरू प्रमुख रहेका छन् ।

## १.६ सीमा र प्रष्टीकरण

द्वितीय स्रोतका तथ्याङ्कमा आधारित रही तयार गरिएको यस प्रतिवेदनमा मधेशी ब्राह्मण, मधेशी क्षत्रीलगायत अन्य समुदायको वर्गीकरण प्रस्तुत गर्दा सम्बन्धित अध्ययन प्रतिवेदनको अध्ययनलाई नै आधार बनाइएको छ । मधेशी समुदायको जनसङ्ख्या र भाषासम्बन्धी सूचनाहरू राष्ट्रिय जनगणना, २०७८ का नतिजाहरूबाट लिइएको छ भने अन्य तथ्याङ्कहरू विभिन्न समयमा विभिन्न राष्ट्रियस्तरका आधिकारिक/प्रतिष्ठित र अध्ययन अनुसन्धानमा आधारित/आधिकारिक/विश्वसनीय संस्था निकायहरूका अध्ययनमा आधारित प्रतिवेदनबाट लिइएको छ । यस प्रतिवेदनमा मधेशी समुदायअन्तर्गत थारू र मुसलमान समुदायलाई समावेश गरिएको छैन । गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयनमा आएपश्चात्का तथ्याङ्कहरू समेटिएका छन् । विभिन्न समयका अध्ययनका निचोडहरू प्रस्तुत गर्दा यसबीचमा सम्बन्धित क्षेत्रमा हुनसक्ने सम्भाव्य परिवर्तनलाई ख्याल गरिएको छ अर्थात् मोबाइल फोन, इन्टरनेट पहुँचजस्ता तीव्र गतिमा परिवर्तन भइरहेका तथ्याङ्क उक्त अध्ययनबाट प्रस्तुत गरिएको छैन ।

राष्ट्रियस्तरका प्रतिष्ठित स्रोतका अध्ययन अनुसन्धानमा आधारित भएकाले स्थलगत अध्ययन भ्रमण नगरिएको भए पनि अध्ययन विधिले समग्र अध्ययनलाई न्यूनतम बजेट सीमाभित्र तयार गर्न सहज भएको छ । प्रदेशको नाम नै मधेश प्रदेश रहेकाले नाममा दोहोरोपन नहोस् भन्ने उद्देश्यले मधेश प्रदेश अन्तर्गतका जिल्ला/भौगोलिक क्षेत्रलाई उल्लेख गर्नुपर्दा मधेश र पूर्वदेखि पश्चिम महाकालीसम्म रहेका १८ वटा जिल्लाहरूलाई तराई-मधेश भनी उल्लेख गरिएको छ । उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत, चितवन, नवलपुर र दाङ गरी सात जिल्लाहरूलाई भित्री मधेश भनिएको छ । काठमाडौं, ललितपुर, भक्तपुरलाई काठमाडौं उपत्यका र कास्कीलाई पोखरा उपत्यका भनिएको छ । स्वीकृत कार्यशर्त अनुसार तराई-मधेशका १८ जिल्ला, भित्री मधेशका सात र उपत्यकाका चार गरी जम्मा २९ जिल्लामा अध्ययन केन्द्रित रहेको छ ।

मधेशी समुदायको इतिहास तथा संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन गर्नु मधेशी आयोगको मुख्य उद्देश्य भएको सन्दर्भलाई मध्यनजर गर्दै यस प्रतिवेदनमा मधेशी समुदायको वस्तुस्थितिको पहिचान र विश्लेषण गर्ने कार्यलाई जोड दिइएको छ । यसले गर्दा आयोगलाई मधेशी समुदायको सशक्तीकरणका लागि रणनीति तथा कार्यक्रम तर्जुमा गर्न एवम् नेपाल सरकारलाई नीतिगत सिफारिश गर्न आवश्यक आधार प्रदान गर्ने विश्वास लिइएको छ ।

# परिच्छेद २ : मधेश र मधेशी समुदाय

## २.१ मधेश

नेपाल भौगोलिक रूपमा हिमाल, पहाड र तराई/मधेश गरी तीन क्षेत्रमा वर्गीकृत छ । आयाताकारमा पूर्वमा मेची नदीदेखि पश्चिममा महाकाली नदीसम्म फैलिएको नेपालको भूगोलमा सबैभन्दा उत्तरतर्फ विश्वकै सबैभन्दा अग्ला चुचुराहरु रहेको हिमालय श्रृङ्खला पूर्वी सीमानादेखि पश्चिमी सीमानासम्म नै फैलिएको छ । नेपालको उत्तरी सीमाना विश्वको उदीयमान विश्वशक्ति चीनसँग जोडिएको छ । हिमाली क्षेत्रले नेपालको कुल भूगोलको १५ प्रतिशत भूमि ओगटेको छ । हिमाली क्षेत्रभन्दा दक्षिणमा नेपालको पूर्वदेखि पश्चिमसम्म पहाडी भूगोल रहेको छ । पहाडले नेपालको कुल क्षेत्रफलको ६८ प्रतिशत भूमि आगटेको छ । नेपालको सबैभन्दा दक्षिणमा पूर्वदेखि पश्चिमसम्म नै मधेश क्षेत्र रहेको छ । यस तराई-मधेश क्षेत्रले नेपालको कुल भूभागको १७ प्रतिशत भूमि ओगटेको छ । यो क्षेत्रको दक्षिणी सीमाना विश्वको अर्को उदीयमान देश भारतसँग जोडिएको छ भने उत्तरतर्फ चुरे पर्वत श्रृङ्खला रहेको छ । मधेश शव्दले सामान्यतया नेपालको दक्षिणी भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको उक्त समथर मैदानी क्षेत्रलाई बुझाउने गर्दछ ।

**इतिहासकार बाबुराम आचार्यका मतमा "मधेश" शब्दोत्पत्ति**

**"मध्य-देश" भन्ने नाम ब्राह्मण-आचार्यहरूद्वारा बौद्धहरूको नै अनुकरणमा राखिएको देखिन्छ । महात्मा गौतम-बुद्धले "मज्झिम-मार्ग" अर्थात् मध्यम-मार्गको प्रचार आरम्भ गराएका थिए । यसैअनुसार बौद्धधर्मको पूर्ण-विस्तार भएको क्षेत्र अर्थात् अवध र बिहारको क्षेत्र बौद्ध-आचार्यहरूको मतअनुसार "मज्झिम-देश" मानिन्थ्यो । मज्झिम-देशको संस्कृत-रूप "मध्यम-देश" भएको र यस शब्दको बीचको एक अक्षर लाघव गरेर "मध्य-देश" भनिन थालेको झलक पाइन्छ । तात्कालिक मध्य-देशको ठीक उत्तरपट्टि वर्तमान गढवाल र कुमाउँका पाहाडी-प्रदेशहरू रहेका र यी प्रदेशहरू मध्य-देशभित्र समावेश नगरिएका हुनाले त्यहाँका निवासीहरूले आफू बसेको प्रदेशभन्दा दक्षिणपट्टिको समतल मैदानलाई "मध्य-देश" भन्न थालेका र यही "मध्य-देश" शब्द पछि विकृत भएर "मधेस" बनेको झलक पाइन्छ । पछि पूर्वतर्फ बसाईं सर्दै आएका यसै क्षेत्रका निवासीहरूको देखासिकी गरी वर्तमान नेपालमा रहेका खश जातिका ब्राह्मण र क्षत्रियहरूले पनि आफ्नो देशभन्दा दक्षिणतर्फ रहेको अवध र बिहारको समतल मैदानलाई मात्र होइन आफ्नै देशको तराई-क्षेत्रलाई पनि "मधेस" भन्न थालेको स्पष्ट देखिन्छ । अचेल भने "मधेश" शब्द तराई-क्षेत्रको समतल मैदानको अर्थमा नै रूढ भएको पाइन्छ ।**

- बाबुराम आचार्य
नेपालको साँस्कृतिक परम्परा

नेपाली बृहत् शब्दकोषले मदेस र मदेश नाम शब्द संस्कृत भाषाको मध्यदेश शब्दबाट बनेको र यसको अर्थ (क) अग्लोहोचो र डाँडाकाँडा नभएको एकदम समथर भूमि,

तराई मधेस (ख) हिमालदेखि दक्षिण, विन्ध्यपर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिमपट्टि पर्ने समथर भूभागको पुरानो नाउँ, मध्यप्रदेश भनी उल्लेख गरेको छ ।

उत्तरतर्फ हिमाल तथा पहाड रहेको र दक्षिणतर्फ भारतको बिहार र उत्तर प्रदेशका ठूला फाँटहरूको मध्य भागमा रहेको हुनाले यस क्षेत्रको नाम "मध्यदेश"बाट अपभ्रंश हुँदै मधेश रहेको मानिन्छ । इतिहासकार बाबुराम आचार्यले उल्लेख गरेअनुसार संस्कृत शव्द "मध्यम देश" बाट "मज्झिम-देश" हुँदै "मधेश" शव्द बनेको हो ।

सामान्यतः मधेश क्षेत्र भन्नाले नेपालको दक्षिणी सीमानामा मित्रराष्ट्र भारतसँग जोडिएका २१ वटा जिल्लाहरु भन्ने बुझिन्छ यद्यपि नेपालमा मधेशी समुदायको उपस्थिति नेपालभरि नै फैलिएको भए पनि सबैभन्दा बाक्लो उपस्थिति मधेश प्रदेश तथा समग्र तराई-मधेश क्षेत्रमा रहेको छ । यसबाहेक काठमाडौं उपत्यकाका, सिन्धुली, मकवानपुर, सुर्खेत, उदयपुर र कास्कीमा पनि मधेशी समुदायको उल्लेख्य उपस्थिति/बसोवास रहेको छ । मधेशी समुदायको उल्लेख्य उपस्थिति रहेका जिल्लाहरूलाई यस अध्ययनको मुख्य अध्ययनको क्षेत्रको रूपमा पनि लिइएको छ ।



## २.२ मधेशी समुदाय

मधेशी समुदायको आकार यकिन गर्नुअघि मधेशी समुदायको पहिचान र परिभाषा यकीन हुनु आवश्यक हुन्छ तर हालसम्म मधेशी समुदायको स्पष्ट सर्वमान्य सैद्धान्तिक परिभाषा कायम हुन सकेको छैन । शाव्दिक दृष्टिकोणले हेर्ने हो भने "मधेसी" शब्द "मधेश" शब्दमा "ई" प्रत्यय लागेर बनेको विशेषण शब्द हो । यसर्थ, यस शब्दले मधेशसम्बन्धी व्यक्ति वा वस्तुलाई बुझाउने भएकाले शाव्दिक हिसावले **मधेशमा बसोवास गर्ने समुदायलाई मधेशी भन्ने अर्थ लाग्छ ।**

मधेशी आयोग ऐनले "मधेशी समुदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी व्याख्या गरेको छ । मधेशी आयोगले तयार गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ ले थारू तथा मुसलमान सहित १५१ जात/जातिहरु पहिचान गरेको छ । यसैबीच थारू तथा मुसलमान समुदायले आफ्नो छुट्टै पहिचान रहेको औंल्याउँदै आफूहरु मधेशी समुदायभित्र नपर्ने पनि जनाउँदै आएका कारण मधेशी आयोगले हाल उक्त दुई समुदायलाई यस सूचीबाट झिकी पहिचान भएको नयाँ थर नागवंशीलाई समावेश गरेर मधेशी समुदाय अन्तर्गत १५० जात कायम गरेको छ । यद्यपि नेपाल सरकारले परम्परागतरूपमा मूलतः मधेश क्षेत्रमा बसोवास गर्दै आएका थारू र मुसलमानसहितका ९२ जातजातिलाई मधेशी समुदाय भनी सूचीकृत गरेको कुरा मधेशी आयोगले तयार गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ मा उल्लेख गरेको छ ।

उल्लिखित परिवेशमा मधेशी आयोगले मधेशी समुदायको पहिचान अझै स्पष्ट नभएको भन्दै उक्त समुदायअन्तर्गत पर्ने थरहरूलाई सूचीकृत गरी मधेशीलाई परिभाषित गर्न सरकारसँग आग्रह गर्दै आएको छ । मधेश शब्द आफैंमा खास भौगोलिक क्षेत्रलाई जनाउने शब्द भएको, मधेशी शव्दले ऐतिहासिक रूपमा तत्कालीन मध्यदेशमा बस्ने बासिन्दा र हाल नेपालको मधेश क्षेत्रमा बस्ने बासिन्दालाई अर्थ्याउने भएकाले यस शब्दबाट विशिष्ठ सामुदायिक, सांस्कृतिक, सामाजिक पहिचान भएको त्यसै भौगोलिक क्षेत्रभित्र केन्द्रित रही बसोवास गर्दै आएका विशिष्ठ समुदायलाई मात्र बुझाउन कठिनाइ हुँदै आएको देखिन्छ । यद्यपि मधेशी शव्द मधेशमा ठूलो बसोवास रहेका मूलतः गैरपहाडीमूलका नेपाली समुदायलाई बुझाउन पनि प्रयोग गर्ने गरिएको पाइन्छ ।

पहिलो संविधानसभाको राज्यको पुर्नसंरचना र विभिन्न आयोजगहरूको संवैधानिक व्यवस्था पश्चात आफ्नै तथ्य....... राज्यशक्तिको बाँडफाँड समितिले मधेशी पहिचानलाई चित्रण गर्दै भनेको छ, "प्रागऐतिहासिक, ऐतिहासिक, वैदिक कालखण्डहरूमा समेत रहेको विदेह, विराट, सलहेश, सिम्रौनगढ, शाक्य लगायतका गणराज्यहरूका वासिन्दाहरु कालान्तरमा मधेशी भनेर एउटा विशेष पहिचान र राष्ट्रियताको रूपमा एकतावद्ध भइरहेको समुदाय हो ।[१]"

मधेशी समुदायअन्तर्गत विविधतापूर्ण भाषाभाषी, संस्कृति, परम्परा मान्दै आएकै थुप्रै किसिमका जातजाति समेटिएका हुँदा मधेशी समुदायलाई परिभाषित गर्ने कार्य जटील रहेको छ । साथै, मधेशी समुदायको पहिचान खास भाषा, संस्कृति र भूगोलमा मात्र पनि सीमित नरहेको हुँदा पनि मधेशी समुदायको सर्वस्वीकार्य परिभाषा हालसम्म उपलब्ध हुन सकेको छैन । पछिल्लो समयमा थारु र मुसलमान "मधेशी"समुदायबाट अलग भएको यस परिवेशमा यहाँ नेपालको मधेश क्षेत्रमा केन्द्रित भई बसोवास गर्दैआएका, आफ्नै विशिष्ठ सामुदायिक पहिचान, भाषा, संस्कार भएका तर थारु र मुसलमानलगायत पहाडबाट बसाइ सरी आएका बाहेकको समुदायलाई मधेशी समुदायका रूपमा परिभाषित गरिएको छ ।

तराई-मधेशमा बसोवास गर्ने विविध जातजाति, भाषा भाषीमध्ये राज्यको मूल प्रवाहबाट बञ्चित भएको समुदायलाई बुझाउने साझा शब्दका रूपमा विकास हुँदै गएको छ मधेशी शव्द । मधेशी समुदायभित्र राजवंशी, सन्थाल, मैथिलीभाषी, भोजपुरीभाषी, अवधिभाषी, थारू तथा मुसलमानदेखि अन्य थप वर्ग र समुदाय पनि समेटिएका छन्, जो मूलतः परम्परागत रूपमा तराई-मधेश क्षेत्रमा बसोवास गर्दै आएका छन् र राज्यको विभिन्न विकास सूचकाङ्कमा पछि पर्दै आएका छन् । मधेशी समुदाय बहुजातीय, बहुभाषिक, बहुधार्मिक छ तर मधेशी समुदायको साझा पहिचान मनोविज्ञानमा आधारित छ, जसमा राज्यसत्ताले मधेशी समुदायलाई विभेद गऱ्यो, मधेशी समुदाय सबै नागरिक हकका अधिकारी हुन्, त्यसैले मधेशी समुदाय आफ्नो पहिचानसहित, स्वाभिमानसहित, राज्यमा आफ्नो पहुँच र प्रनिधित्वसहित बाँच्न पाउनुपर्छ भन्ने सङ्केत गर्दछ ।

सांस्कृतिक रूपमा मधेशी समुदाय सम्पन्न छन् र यिनीहरु वर्षैभरि विभिन्न चाडपर्व

---

[१] https://www.bbc.com/nepali/news/2016/04/160415_chandrakishore_analysis

मनाइरहन्छन् । वैशाख महिनामा जुडशीतल र वैशाखी मनाउँदछन् भने जेठमा वैरसाइत (वटसावित्री व्रत) र गंगादसहारा मनाउँछन् । असारमा ग्रामदेवता र कुलदेवताका पुजाका साथै हरिशयनी एकादशीको उल्लासपूर्वक व्रत बसेपछि साउनमा महिनाभरि भगवान् शिवको पूजा आराधना गर्दछन् । साथै यसै महिनामा नागपञ्चमी, मधेसी महिलाले तीज (साउन शुक्ल तृतीया), मधुश्रावणी र रक्षाबन्धन मनाउँदछन् । एवम्रितले भदौमा कृष्ण जन्माष्टमी, कुशेऔंसी, असोजमा जितिया, विजयादशमी, कार्तिकमा लक्ष्मीपूजा, भाइपूजा, छइठ र देवोत्थनी एकादशी, मङ्सिरमा नवान्न र विवाहपञ्चमी, पौष महिनामा पुसी पूर्णिमा, माघमा मकरसङ्क्रान्ति र श्रीपञ्चमी, फागुनमा होली तथा चैतमा रामनवमी मनाउँदछन् । यसरी मधेशी समुदाय सांस्कृतिक दृष्टिकोणले निकै सम्पन्न देखिन्छन् । परम्परागत रूपमा मधेशी समुदायका विशेष खानपिनमा अनरसा, पिरूकिया, दनौरी, तिलौरी, फुलौरी खोभी आदि हुन् । भेषभूषाका रूपमा मधेशी समुदायको परम्परागत प्रमुख भेषभुषा पुरूषले लगाउने धोती, कुर्ता, पाग, गम्छा, लुंगी र महिलाले लगाउने सारी, चोलो हो ।

## २.३ पहिचान भएका मधेशी जात र थरहरु

मधेशी आयोग ऐनले "मधेशी समुदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी व्याख्या गरेको छ । मधेशी आयोगद्वारा प्रकाशित थर सूचीकरण प्रतिवेदन, २०७८ मा नेपाल सरकारद्वारा मधेशी समुदाय पहिचान गरी ९२ जात थर सूचीकृत गरेको विवरण प्रस्तुत गरिएको छ । सोही अध्ययन प्रतिवेदनले नेपालमा मधेशी समुदायअन्तर्गत १५१ जात थर सूचीकरण गरेको छ । हालै मधेशी आयोगले थारू र मुस्लिमलाई उक्त सूचीबाट हटाई नागवंशीलाई समावेश गरेको छ । यसबाट मधेशी आयोगको विवरण अनुसार नेपालमा कुल १५० वटा मधेशी जातहरु कायम भएका छन् । उपर्युक्त दुई आधारमा पहिचान भएका मधेशी समुदायका जात थर देहायका अनुच्छेदहरुमा प्रस्तुत गरिएको छ

### २.३.१ नेपाल सरकारद्वारा सूचीकृत मधेशी समुदायका जात थर

मधेशी आयोगले तयार गरेको मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदनमा नेपाल सरकारले मधेशी समुदाय अन्तर्गत ९२ जात/जातिको सूचीकृत गरेको विवरण प्रस्तुत गरिएको छ, उक्त विवरणमा प्रस्तुत गरिएका जात/जातिहरु देहायअनुसार रहेका छन् :

तालिका २ : नेपाल सरकारले पहिचान गरेका मधेशी समुदायका जात थर

| क्रसं | जात जाति |
|---|---|
| १ | अग्रहरी |
| २ | अमात |
| ३ | उराव |
| ४ | झाँगड |
| ५ | कथवनिया |
| ६ | कमलापुरी |
| ७ | कमार |
| ८ | कहार |
| ९ | किसान |
| १० | कानु |
| ११ | कायस्थ |
| १२ | कुमाल |
| १३ | केवट |
| १४ | कैवरथ |
| १५ | कुम्हार |
| १६ | कुर्मी |
| १७ | कुशवाहा- को इरी |
| १८ | कुस्मा |
| १९ | कुसबाडिया |
| २० | कलर |
| २१ | ककैहिया |

| क्रसं | जात जाति |
|---|---|
| २२ | कोरी |
| २३ | कलवार |
| २४ | कोचे |
| २५ | खटिक |
| २६ | खत्वे |
| २७ | खडिया |
| २८ | गनगाई |
| २९ | गडेरी/पाल/भेडिया |
| ३० | चमार/हरिजन |
| ३१ | चिडिमार |
| ३२ | तत्मा |
| ३३ | ताजपुरिया |
| ३४ | तेली |
| ३५ | देव |
| ३६ | दनुवार |
| ३७ | दरै |
| ३८ | दुसाध/पासवान |
| ३९ | नोनिया |
| ४० | धोवी |
| ४१ | धुनिया |
| ४२ | धानुक |

| क्रसं | जात जाति |
|---|---|
| ४३ | धिमाल |
| ४४ | धामी |
| ४५ | ठठेरी |
| ४६ | डोम |
| ४७ | पथरकटा |
| ४८ | पासी |
| ४९ | बङ्गाली |
| ५० | बिन्द |
| ५१ | बोटे |
| ५२ | बानिया |
| ५३ | ब्राह्मण |
| ५४ | बढई |
| ५५ | बातर |
| ५६ | बरई |
| ५७ | बीन |
| ५८ | भूमिहार |
| ५९ | भेडिया |
| ६० | मलाह/निसाध |
| ६१ | मुसहर |
| ६२ | माझी |
| ६३ | मारवाडी |
| ६४ | मुण्डा |

| क्रसं | जात जाति |
|---|---|
| ६५ | मेचे |
| ६६ | मेहतर |
| ६७ | यादव/अहिर |
| ६८ | रसतोगी |
| ६९ | राजवंशी |
| ७० | राजभर/ राजवहार |
| ७१ | राजपुत |
| ७२ | रौनियार |
| ७३ | राजधोव |

| क्रसं | जात जाति |
|---|---|
| ७४ | राजी |
| ७५ | लोध |
| ७६ | लोहार |
| ७७ | वर्णवाल |
| ७८ | पोद्दार |
| ७९ | सूतिहार |
| ८० | सरभँग |
| ८१ | सरनरियाक |
| ८२ | सुडी |
| ८३ | सरबरिया |

| क्रसं | जात जाति |
|---|---|
| ८४ | सन्यासी/जोगिया |
| ८५ | सतार/सन्थाल |
| ८६ | सिकारी |
| ८७ | सोनार |
| ८८ | शिख/पञ्जावी |
| ८९ | हजाम/नाई |
| ९० | हलुवाई |
| ९१ | थारू |
| ९२ | मुस्लीम/मुसलमान |

स्रोत : नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, मधेशी आयोग

### २.३.२ थर सूचीकरण अध्ययन प्रतिवेदनले पहिचान गरेका जात थर

मधेशी आयोगले द्वितीय स्रोतका तथ्याङ्कमा आधारित भएर तयार गरेको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ ले यस समुदायमा १५१ जातजातिको पहिचान गरेको थियो । मधेशी आयोगको पछिल्लो निर्णय अनुसार उक्त सूचीमा रहेका थारू र मुसलमानलाई हटाई नयाँ पहिचान भएको नागवंशी थर समावेश गरी मधेशी समुदायका कुल १५० थर कायम गरिएको छ, जुन देहाय अनुसार रहेको छ :

तालिका ३ : थर सूचीकरण अध्ययन प्रतिवेदनले पहिचान गरेका मधेशी समुदायका जात थरहरू

| क्रसं | जात जाति |
|---|---|
| १ | अग्रहरी |
| २ | अमात |
| ३ | ककैहिया |
| ४ | कथबनियाँ/ सिन्दुरिया |
| ५ | कंसाकार/कसेरा |
| ६ | कमर/कमार |
| ७ | कमलापुरी वैश्य-बनिया |
| ८ | करूवा |
| ९ | कलर |
| १० | कलर |
| ११ | कलवार |
| १२ | कलाल |
| १३ | कवर |
| १४ | कसौधन |
| १५ | कमकड |
| १६ | कहार |
| १७ | कानु |
| १८ | कायस्थ |
| १९ | किसान |
| २० | कुम्हार /कोहार |

| क्रसं | जात जाति |
|---|---|
| २१ | कुमाल |
| २२ | कुरिन/कुलीन |
| २३ | कलाबञ्जर /कलाबाज |
| २४ | कुश्मा |
| २५ | कुसुण्डा |
| २६ | कुश्वाडिया |
| २७ | केवट |
| २८ | केवरत |
| २९ | केशरी |
| ३० | कोइरी-कुशवाहा |
| ३१ | कोचे |
| ३२ | कोरी |
| ३३ | कोल /कौल |
| ३४ | खटिक |
| ३५ | खडिया |
| ३६ | खत्वे |
| ३७ | खुलवट/खुनोट |
| ३८ | खवास |
| ३९ | गडेडिया |
| ४० | गनगाइ |

| क्रसं | जात जाति |
|---|---|
| ४१ | गवाल/ गोवाल/गवाला |
| ४२ | गोंड |
| ४३ | गौड |
| ४४ | गोडिया |
| ४५ | गोढी |
| ४६ | चमार /हरिजन |
| ४७ | चनउ /चनौ |
| ४८ | चाँय/चायभ/चाइ |
| ४९ | चिडीमार |
| ५० | चौहान |
| ५१ | झाँगड/धाँगड (उँराव) |
| ५२ | ठठर |
| ५३ | डोम |
| ५४ | ढाँडी |
| ५५ | तत्मा |
| ५६ | तमोली |
| ५७ | ताजपुरिया |
| ५८ | तीयार |
| ५९ | तुराहा |
| ६० | तेली |

| क्रसं | जात जाति |
|---|---|
| ६१ | दनुवार |
| ६२ | दशनामी सन्यासी/योगी |
| ६३ | दुसाध/पासवान |
| ६४ | दोसर वैश्य (गो लदार) |
| ६५ | दरै |
| ६६ | देव |
| ६७ | धानुक |
| ६८ | धाम |
| ६९ | धरिकार धन्कार |
| ७० | धिमर /धीवर |
| ७१ | धिमाल |
| ७२ | धुनिया |
| ७३ | धोवी |
| ७४ | नटुवा/नेटछुवा |
| ७५ | नायर |
| ७६ | नुनिया/ नोनिया/लोनिया |
| ७७ | नुराङ |
| ७८ | पञ्जावी/सिन्धी |
| ७९ | पटवा (पटनवार) |
| ८० | पटहार (पटहेरा) |

| क्रसं | जात जाति |
|---|---|
| ८१ | पवँरिया |
| ८२ | पासी |
| ८३ | पाहान |
| ८४ | पोद्दार |
| ८५ | पोरवाल |
| ८६ | बँसखोर /बँसफोर |
| ८७ | बङ्गाली |
| ८८ | बड्ही/बढ्ई |
| ८९ | बञ्जारा (सिकारी) |
| ९० | बरनवाल |
| ९१ | बरई |
| ९२ | बहरदार |
| ९३ | बहेलिया |
| ९४ | बातर |
| ९५ | बादी |
| ९६ | ब्राह्मण |
| ९७ | बाडिया |
| ९८ | बाडी |
| ९९ | बिंद/बीन |
| १०० | बिल्टाउ |
| १०१ | बेल्दार |
| १०२ | बोट |

| क्रसं | जात जाति |
|---|---|
| १०३ | बोटे |
| १०४ | भर |
| १०५ | भाट/भाड |
| १०६ | भुर्जी/भुजवा/भूँज/भूज |
| १०७ | भूमिहार |
| १०८ | मंगता (महाउत) |
| १०९ | मल्लाह |
| ११० | महापात्र |
| १११ | माझी |
| ११२ | मालपाँडे/मालपहाडे |
| ११३ | मारवाडी |
| ११४ | माली/सैनी |
| ११५ | मुडियारी/मोरि यारी |
| ११६ | मुण्डा |
| ११७ | मुराउ |
| ११८ | मुसहर |
| ११९ | मेचे |
| १२० | मेस्तर/हलखोर |
| १२१ | यादव/अहिर |
| १२२ | राजधामी |
| १२३ | राजपुत |
| १२४ | राजवंशी |
| १२५ | राजधोव |

| क्रसं | जात जाति |
|---|---|
| १२६ | राजी |
| १२७ | राङ |
| १२८ | रस्तोगी |
| १२९ | राजभर |
| १३० | रौतिया |
| १३१ | रौनियार |
| १३२ | लखेरा |
| १३३ | लहेरी |
| १३४ | लोध |
| १३५ | लोहार |
| १३६ | वनपर |

| क्रसं | जात जाति |
|---|---|
| १३७ | बालमिकी |
| १३८ | शिवहरे वैश्य |
| १३९ | संथाल/सतार |
| १४० | सरनरियाक |
| १४१ | सरभङ्ग |
| १४२ | सरवरिया |
| १४३ | सिख |
| १४४ | सुडी |
| १४५ | सोनार |
| १४६ | सोरहिया/सोरैया |
| १४७ | सैथवार |

| क्रसं | जात जाति |
|---|---|
| १४८ | हजाम/नाई/नाउँ |
| १४९ | हलुवाइ |
| १५० | नागवंशी |

### २.३.३ नेपाल सरकार र मधेशी आयोगले पहिचान गरेका जात थरमा अन्तर

तराई–मधेशका सम्पूर्ण २१ जिल्लामा मधेशी समुदायको बाक्लो बसोवास रहेको छ । वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको मधेश प्रदेशअन्तर्गतका ८ जिल्लामा कुल जनसङ्ख्याको २०.९ प्रतिशत अर्थात् ६१,१४,६०० जनसङ्ख्या बसोवास गर्ने गरेका छन् भने तराई–मधेश क्षेत्रका २१ जिल्ला (तिन ओटा भित्री मधेश समेत) मा कुल जनसङ्ख्याको ५३.६ प्रतिशत अर्थात् १,५६,३४,००६ जनसङ्ख्या बसोवास गर्ने गरेका छन् । यद्यपि तराई–मधेशमा पनि मिश्रित जनसङ्ख्याकै बसोवास रहेको र हालको समयमा मधेशी समुदाय तराई–मधेशका अतिरिक्त काठमाडौं उपत्यका लगायतका देशभरि नै छरिएर रहेका हुँदा नेपालमा मधेशी समुदायको वस्तुस्थिति अध्ययन गर्न सोही अनुसारको अध्ययन क्षेत्र आवश्यक पर्ने पृष्ठभूमिमा यस अध्ययनमा तराई–मधेशका जिल्ला लगायत काठमाडौं तथा पोखरा उपत्यकालगायत भित्री मधेशका जिल्लाहरूलाई मुख्य अध्ययन क्षेत्र कायम गरी राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कबाट मधेशी समुदायको जनसङ्ख्या यकिन गरिएको छ ।

मधेश के हो ? मधेशी को हुन् ? भन्ने सन्दर्भमा स्पष्ट सर्वमान्य सैद्धान्तिक परिभाषा नरहेको वर्तमान परिवेशमा नेपाल सरकारद्वारा सूचीकृत ९२ जाति[२] र मधेशी आयोगले सूचीकरण गरेका १५१ जात[३] थरलाई मधेशी समुदायको पहिचान र आकार निर्धारणको मुख्य आधार बनाइएको छ । यस आधारमा अध्ययन गर्दा मधेशी आयोगले पहिचान गरेका कंसाकार/कसेरा, करूवा, कलर, कलाल, कवर, कसौधन, कमकड, कुरिन/कुलीन, कलाबञ्जर/कलाबाज, कुश्मा, कुसुण्डा, केशरी, कोल/कौल, खुलवट/खुनोट, खवास, गडेडिया, गवाल/गोवाल/गवाला, गोंड/गौड/गोडिया, गोढी, चनउ/चनौ, चाँय/चायभ/चाइ, चौहान, ढाँडी, तमोली, दोसर वैश्य (गोलदार), धाम, धरिकार/धन्कार, धिमर/धीवर, नटुवा/नेटछुवा, नायर, नुराङ, पटवा (पटनवार), पटहार (पटहेरा), पवँरिया, पोरवाल, बँसखोर/बँसफोर, बरनवाल, बहरदार, बहेलिया, बादी, बाडिया, बाडी, बिल्टाउ, बेल्दार, बोट, भर, भाट/भाड, भुर्जी/भुजवा/भूँज/भूज, मंगता (महाउत), महापात्रलगायतका थरहरु नेपाल सरकारले पहिचान गरेका मधेशी समुदायको सूचीमा रहेको पाइँदैन ।

---

[२] मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, मधेशी आयोग, ज्वागल, ललितपुर

[३] ऐ.

# परिच्छेद ३ : तराई मधेशको राजनीतिक प्रशासनिक संरचना र जनसङ्ख्या

## ३.१ पृष्ठभूमि

भौगोलिक रूपमा नेपाल हिमाल, पहाड र तराई/मधेश गरी तीन भागमा वर्गीकृत छ; जसमध्ये उत्तरी भागमा पूर्वी सीमानादेखि पश्चिमी सीमानासम्म फैलिएका अग्ला हिमालहरूले ढाकिएको क्षेत्रलाई हिमाल, नेपालको बीच भागमा पूर्वदेखि पश्चिमसम्म पहाडहरूले ढाकिएको क्षेत्रलाई पहाड र दक्षिणको समथर मैदानी भागलाई मधेश अथवा तराई भनिन्छ । तराई-मधेश नै मधेशी समुदायको बसोवास केन्द्रित रहेको मुख्य क्षेत्र भएकाले यस परिच्छेदमा नेपालको प्रशासनिक संरचनामा तराई-मधेशको स्थान र यहाँको जनसङ्ख्याका बारेमा चर्चा गरिएको छ ।

राजनीतिक प्रशासनिक रूपमा नेपाललाई सात प्रदेश, सतहत्तर जिल्ला र ७५३ स्थानीय तहहरूमा वर्गीकृत गरिएको छ । स्थानीय तहहरूलाई ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा वर्गीकृत गरिएको छ । मेचीदेखि महाकालीसम्म फैलिएका नेपालको समग्र मधेश क्षेत्रका सबै २१ जिल्लामा मधेशी समुदायको बाक्लो उपस्थिति रहेको छ । यस अध्ययनमा नेपालका यिनै २१ जिल्लाहरूलाई तराई-मधेशका रूपमा लिइएको छ । नेपालको प्रशासनिक संरचनामा तराई-मधेश क्षेत्र अन्तर्गतका जिल्लाहरु, स्थानीय तहहरूको सङ्ख्या तथा जनसङ्ख्यालगायतको विवरण देहायका परिच्छेदहरूमा प्रस्तुत गरिएको छ ।

## ३.२ प्रदेश अनुसार तराई मधेशका जिल्लाहरु

छवटा प्रदेशमा पर्ने तराई-मधेशका २१ वटा जिल्लाहरूमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा आठ वटा रहेका छन् भने लुम्बिनीमा ६ वटा रहेका छन् र सबैभन्दा कम बागमती र गण्डकी प्रदेशमा एक-एकवटा जिल्ला मात्र रहेका छन् । थप विवरण देहायअनुसार रहेको छ :

तालिका ४ : प्रदेश अनुसार तराई मधेशका जिल्लाहरु

| क्र.सं. | प्रदेश | जिल्लाको नाम | जिल्ला सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| | कोशी | झापा, मोरङ, सुनसरी | ३ | |
| | मधेश | सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा | ८ | |
| | बागमती | चितवन | १ | |
| | गण्डकी | नवलपरासी पूर्व | १ | |
| | लुम्बिनी | नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, | ६ | |
| | सुदूरपश्चिम | कैलाली, कञ्चनपुर | २ | |
| **कुल** | | | २१ | |

## ३.३ जिल्ला अनुसार तराई मधेशका स्थानीय तहहरू

तराई–मधेशका २१ वटा जिल्लाहरुमा नेपालका कुल ७५३ स्थानीय तहहरुमध्ये २७६ वटा अर्थात् ३७ प्रतिशत स्थानीय तहहरु रहेका छन् । यसैगरी, नेपालका ६ वटा महानगरपालिकामध्ये ३ वटा र ११ वटा उपमहानगरपालिकामध्ये १० वटा तराई–मधेश क्षेत्रमा रहेका छन् । साथै, नेपालका ५० प्रतिशत नगरपालिका र २७ प्रतिशत गाउँपालिका यस क्षेत्रमा रहेका छन् । जिल्लागत विवरण निम्नअनुसार रहेको छ :

तालिका ५ : जिल्लाअनुसार तराई मधेशका स्थानीय तहहरूको सङ्ख्या

| क्र.सं. | जिल्ला | स्थानीय तहको सङ्ख्या | | | | स्थानीय तह सङ्ख्या | जम्मा वडा |
|---|---|---|---|---|---|---|---|
| | | गापा | नपा | उमनपा | मनपा | | |
| | झापा | ७ | ८ | | | १५ | १३९ |
| | मोरङ | ८ | ८ | | १ | १७ | १५९ |
| | सुनसरी | ६ | ४ | २ | | १२ | १२४ |
| | सप्तरी | ९ | ९ | | | १८ | १६४ |
| | सिरहा | ९ | ८ | | | १७ | १६४ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको सङ्ख्या | | | | स्थानीय तह सङ्ख्या | जम्मा वडा |
|---|---|---|---|---|---|---|---|
| | | गापा | नपा | उमनपा | मनपा | | |
| | धनुषा | ६ | ११ | १ | | १८ | १६९ |
| | महोत्तरी | ५ | १० | | | १५ | १३८ |
| | सर्लाही | ९ | ११ | | | २० | २०० |
| | रौतहट | २ | १६ | | | १८ | १५७ |
| | बारा | ९ | ५ | २ | | १६ | १६७ |
| | पर्सा | १० | ३ | | १ | १४ | ११२ |
| | चितवन | १ | ५ | | १ | ७ | ९८ |
| | पूर्व नवलपरासी | ४ | ४ | | ० | ८ | ९२ |
| | पश्चिम नवलपरासी | ४ | ३ | | | ७ | ७४ |
| | रूपन्देही | १० | ५ | १ | | १६ | १५५ |
| | कपिलवस्तु | ४ | ६ | | | १० | ९६ |
| | बाँके | ६ | १ | १ | | ८ | ८९ |
| | बर्दिया | २ | ६ | | | ८ | ७५ |
| | दाङ | ७ | १ | २ | | १० | १०० |
| | कैलाली | ६ | ६ | १ | | १३ | १२६ |
| | कञ्चनपुर | २ | ७ | | | ९ | ९२ |
| तराई-मधेश | | १२६ | १३७ | १० | ३ | २७६ | २६९० |
| नेपाल | | ४६० | २७६ | ११ | ६ | ७५३ | ६७४३ |
| तराई-मधेशका स्थानीय तहहरूको हिस्सा (प्रतिशत) | | २७ | ५० | ९१ | ५० | ३७ | ४० |

## ३.४ तराई मधेशअन्तर्गतका स्थानीय तहहरूको विवरण

तराई-मधेशका २१ जिल्लामा कुल २७६ वटा स्थानीय तहहरु अर्थात् नेपालका कुल स्थानीय तहहरूमध्ये ३६.६ प्रतिशत स्थानीय तहहरु रहेका छन् । यी स्थानीय तहहरूमा

विराटनगर, बीरगञ्ज र भरतपुर गरी तीनवटा महानगरपालिका, धरान, इटहरी, जनकपुर, जितपुर सिमारा, कलैया, बुटवल, घोराही, तुलसीपुर, नेपालगञ्ज र धनगढी गरी १० वटा उपमहानगरपालिका, १३६ वटा नगरपालिका र १२७ वटा गाउँपालिकाहरु रहेका छन् । यी स्थानीय तहहरुका अलावा चितवन, बर्दिया र शुक्लाफाँटा गरी तीनवटा राष्ट्रिय निकुञ्ज, तथा कोशी टप्पु तथा पर्सा गरी दुईवटा वन्यजन्तु आरक्षहरु र लुम्बिनी सांस्कृतिक क्षेत्र पनि यहाँ रहेका छन् । तराई–मधेश र अन्तर्गतका यी सबै क्षेत्रहरूले कुल ३३ हजार ४४२ व.कि.मी क्षेत्रफल ओगटेका छन् । जिल्लागत विवरण देहायको तालिकामा दिइएको छ :

तालिका ६ : तराई मधेशअन्तर्गतका स्थानीय तहहरु

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| **१.००** | **झापा** | | **१६२१.८** |
| १ | अर्जुनधारा | नगरपालिका | ११०.७ |
| २ | बाह्रदशी | गाउँपालिका | ८०.९ |
| ३ | भद्रपुर | नगरपालिका | ९७.१ |
| ४ | बीर्तामोड | नगरपालिका | ७८.८ |
| ५ | बुद्धशान्ती | गाउँपालिका | ८०.४ |
| ६ | दमक | नगरपालिका | ७१.४ |
| ७ | गौरादह | नगरपालिका | १५१.० |
| ८ | गौरीगञ्ज | नगरपालिका | १०२.१ |
| ९ | हल्दीबारी | गाउँपालिका | ११८.३ |
| १० | झापा | गाउँपालिका | ९४.८ |
| ११ | केचनाकवल | गाउँपालिका | ११०.५ |
| १२ | कमल | गाउँपालिका | १०५.३ |
| १३ | कन्काई | नगरपालिका | ७९.७ |
| १४ | मेचीनगर | नगरपालिका | १९४.१ |
| १५ | शिवसताक्षी | नगरपालिका | १४६.६ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| **२.००** | **मोरङ** | **जिल्ला** | **१८४०** |
| १ | बेलबारी | नगरपालिका | १३३.७ |
| २ | बिराटनगर | म.न.पा. | ७७.५ |
| ३ | बुढीगङ्गा | गाउँपालिका | ५६.८ |
| ४ | धनपालथान | गाउँपालिका | ७०.७ |
| ५ | ग्रामथान | गाउँपालिका | ७२.३ |
| ६ | जहदा | गाउँपालिका | ६२.८ |
| ७ | कानेपोखरी | गाउँपालिका | ८२.९ |
| ८ | कटहरी | गाउँपालिका | ५१.९ |
| ९ | केराबारी | गाउँपालिका | २२१.३ |
| १० | लेटाङ | गाउँपालिका | २२०.८ |
| ११ | मिक्लाजुङ | गाउँपालिका | १६०.१ |
| १२ | पथरीशनिश्चरे | नगरपालिका | ८०.२ |
| १३ | रङ्गेली | नगरपालिका | ११२.६ |
| १४ | रतुवामाई | नगरपालिका | १४३.२ |
| १५ | सुन्दर हरैंचा | नगरपालिका | ११०.९ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| १६ | सुनवर्सी | नगरपालिका | १०७.२ |
| १७ | उर्लाबारी | नगरपालिका | ७५.२ |
| **३.००** | **सुनसरी** | **जिल्ला** | **१२०२.४** |
| १ | बहारा | नगरपालिका | २२३.५ |
| २ | बर्जु | गाउँपालिका | ६९.९ |
| ३ | भोक्राहा | गाउँपालिका | ६३.८ |
| ४ | देवानगञ्ज | गाउँपालिका | ५३.९ |
| ५ | धरान | उ.म.न.पा. | १९३.९ |
| ६ | दुहवी | नगरपालिका | ६८.२ |
| ७ | गढी | गाउँपालिका | ६७.५ |
| ८ | हरिनगर | गाउँपालिका | ५२.६ |
| ९ | इनरुवा | नगरपालिका | ७८.४ |
| १० | इटहरी | उ.म.न.पा. | ९४.४ |
| ११ | कोशी | गाउँपालिका | ७६.५ |
| १२ | कोशी टप्पु वन्यजन्तु | आरक्ष | ६७.४ |
| १३ | रामधुनी | नगरपालिका | ९२.३ |
| **४.००** | **ससरी** | **जिल्ला** | **१२९१.०** |
| १ | अग्निसैर कृष्णसरावन | गाउँपालिका | १०३.७ |
| २ | बलन बिहुल | गाउँपालिका | ३३.२ |
| ३ | बेल्ही चपेना | गाउँपालिका | ४८.२ |
| ४ | विष्णुपुर | गाउँपालिका | ३६.८ |
| ५ | बोडे बर्सैं | नगरपालिका | ५९.३ |
| ६ | छिन्नमस्ता | गाउँपालिका | ३८.९ |
| ७ | डाक्नेश्वरी | नगरपालिका | ६९.५ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ८ | हनुमाननगर कङ्कालिनी | नगरपालिका | ११८.९ |
| ९ | कञ्चनरुप | नगरपालिका | ११८.१ |
| १० | खडक | नगरपालिका | ९७.३ |
| ११ | कोशीटप्पु वन्यजन्तु | आरक्ष | ७१.१ |
| १२ | महादेव | गाउँपालिका | ३५.२ |
| १३ | राजबिराज | नगरपालिका | ५५.६ |
| १४ | रुपनी | गाउँपालिका | ५६.४ |
| १५ | सप्तकोशी | गाउँपालिका | ६०.६ |
| १६ | शम्भुनाथ | नगरपालिका | १०९.३ |
| १७ | सुरुङ्गा | नगरपालिका | १०७.६ |
| १८ | तिलाठी कोइलाडी | गाउँपालिका | ३३.१ |
| १९ | तिरहुत | गाउँपालिका | ३८.० |
| **५.००** | **सिराहा** | **जिल्ला** | **११४६.६** |
| १ | अर्नमा | गाउँपालिका | ३८.० |
| २ | औरही | गाउँपालिका | ३६.१ |
| ३ | बरियारपट्टि | गाउँपालिका | ३७.९ |
| ४ | भगवानपुर | गाउँपालिका | ३३.२ |
| ५ | विष्णुपुर | गाउँपालिका | २६.५ |
| ६ | धनगढीमाई | नगरपालिका | १६०.४ |
| ७ | गोलबजार | नगरपालिका | ११२.५ |
| ८ | कल्यानपुर | नगरपालिका | ७७.२ |
| ९ | कर्जन्हा | नगरपालिका | ७७.२ |
| १० | लाहान | नगरपालिका | १६८.१ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ११ | लक्ष्मीपुर पटरी | गाउँपालिका | ४२.६ |
| १२ | मिर्चैया | नगरपालिका | ९२.४ |
| १३ | नराहा | गाउँपालिका | २९.४ |
| १४ | नवराजपुर | गाउँपालिका | ३२.४ |
| १५ | सखुवा नकरकटी | गाउँपालिका | ३३.० |
| १६ | सिराहा | नगरपालिका | ९४.७ |
| १७ | सुखीपुर | नगरपालिका | ५५.१ |
| **६.००** | **धनुषा** | **जिल्ला** | **११९५.४** |
| १ | औरही | गाउँपालिका | २५.७ |
| २ | बटेश्वर | गाउँपालिका | ३१.८ |
| ३ | बिदेह | नगरपालिका | ४५.७ |
| ४ | छिरेश्वरनाथ | नगरपालिका | ५१.१ |
| ५ | धनौजी | गाउँपालिका | २२.२ |
| ६ | धनुषाधाम | नगरपालिका | ९२.१ |
| ७ | गणेशमानचारनाथ | नगरपालिका | २४५.५ |
| ८ | हसनपुर | नगरपालिका | ४८.९ |
| ९ | जानकीनन्दिनी | गाउँपालिका | २७.८ |
| १० | जनकपुरधाम | उपम.न.पा. | ९२.४ |
| ११ | कमला | नगरपालिका | ६६.२ |
| १२ | लक्ष्मिनिया | गाउँपालिका | ३०.८ |
| १३ | मिथिलाबिहारी | नगरपालिका | ३७.८ |
| १४ | मिथिला | नगरपालिका | १८८.८ |
| १५ | मुखियापट्टी मुसरनिया | गाउँपालिका | २७.० |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| १६ | नगराइन | नगरपालिका | ३९.२ |
| १७ | सबैला | नगरपालिका | ६४.८ |
| १८ | शहीदनगर | नगरपालिका | ५७.७ |
| **७.००** | **महोत्तरी** | **जिल्ला** | **१००५.९** |
| १ | औरही | नगरपालिका | ३५.९ |
| २ | बलवा | नगरपालिका | ४४.३ |
| ३ | बर्दिवास | नगरपालिका | ३१७.० |
| ४ | भँगाहा | नगरपालिका | ७७.६ |
| ५ | एकडारा | गाउँपालिका | २४.१ |
| ६ | गौशाला | नगरपालिका | १४५.४ |
| ७ | जलेश्वर | नगरपालिका | ४४.५ |
| ८ | लोहारपट्टी | नगरपालिका | ५०.३ |
| ९ | महोत्तरी | गाउँपालिका | २८.२ |
| १० | मनरा सिसवा | नगरपालिका | ४९.९ |
| ११ | मटिहानी | नगरपालिका | २९.२ |
| १२ | पिपरा | गाउँपालिका | ४०.२ |
| १३ | रामगोपालपुर | नगरपालिका | ३९.७ |
| १४ | सम्सी | गाउँपालिका | २१.७ |
| १५ | सोनमा | गाउँपालिका | ५८.० |
| **८.००** | **सर्लाही** | **जिल्ला** | **१२६९.१** |
| १ | बागमती | नगरपालिका | १०१.६ |
| २ | बलरा | नगरपालिका | ४८.७ |
| ३ | बरहथवा | नगरपालिका | १०७.५ |
| ४ | बसबरिया | गाउँपालिका | २९.५ |
| ५ | विष्णु | गाउँपालिका | २८.२ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ६ | ब्रह्मपुरी | गाउँपालिका | ३४.० |
| ७ | चक्रघट्टा | गाउँपालिका | २५.३ |
| ८ | चन्द्रनगर | गाउँपालिका | ४७.७ |
| ९ | धनकौल | गाउँपालिका | ४६.१ |
| १० | गोडैता | नगरपालिका | ४८.८ |
| ११ | हरिपुर | नगरपालिका | ६७.१ |
| १२ | हरिपुर्वा | नगरपालिका | ३०.६ |
| १३ | हरिवन | नगरपालिका | ९५.८ |
| १४ | ईश्वरपुर | नगरपालिका | १६४.५ |
| १५ | कविलासी | नगरपालिका | ४८.३ |
| १६ | कौडेना | गाउँपालिका | २५.४ |
| १७ | लालबन्दी | नगरपालिका | २३९.५ |
| १८ | मलङ्गवा | नगरपालिका | ३०.६ |
| १९ | पर्सा | गाउँपालिका | २३.२ |
| २० | रामनगर | गाउँपालिका | २६.५ |
| **९.००** | **रौतहट** | **जिल्ला** | **१०४२.३** |
| १ | बौधिमाई | नगरपालिका | ३५.५ |
| २ | वृन्दावन | नगरपालिका | ९५.८ |
| ३ | चन्द्रपुर | नगरपालिका | २५०.९ |
| ४ | देवाही गोनाही | नगरपालिका | ३४.१ |
| ५ | दुर्गा भगवती | गाउँपालिका | १९.९ |
| ६ | गढीमाई | नगरपालिका | ४९.६ |
| ७ | गरुडा | नगरपालिका | ४४.६ |
| ८ | गौर | नगरपालिका | २१.६ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| ९ | गुजारा | नगरपालिका | १५०.९ |
| १० | ईशनाथ | नगरपालिका | ३५.३ |
| ११ | कटहरिया | नगरपालिका | ४०.८ |
| १२ | माधव नारायण | नगरपालिका | ४८.७ |
| १३ | मौलापुर | नगरपालिका | ३४.९ |
| १४ | परोहा | नगरपालिका | ३७.६ |
| १५ | फतुवा बिजयपुर | नगरपालिका | ६५.५ |
| १६ | राजदेवी | नगरपालिका | २८.३ |
| १७ | राजपुर | नगरपालिका | ३१.५ |
| १८ | यमुनामाई | नगरपालिका | १६.८ |
| **१०.०** | **बारा** | **जिल्ला** | **१२७६.९** |
| १ | आदर्शकोटवाल | गाउँपालिका | ३६.४ |
| २ | बराहगढी | गाउँपालिका | ३९.४ |
| ३ | बिश्रामपुर | गाउँपालिका | १९.९ |
| ४ | देवताल | गाउँपालिका | २३.४ |
| ५ | जितपुर सिमारा | उ.म.न.पा. | ३१२.२ |
| ६ | कलैया | उ.म.न.पा. | ११०.४ |
| ७ | करैयामाई | गाउँपालिका | ४७.८ |
| ८ | कोल्हवी | नगरपालिका | १५८.० |
| ९ | महगढीमाई | नगरपालिका | ५५.५ |
| १० | निजगढ | नगरपालिका | २९०.४ |
| ११ | पचरौता | नगरपालिका | ४४.२ |
| १२ | पर्सा वन्यजन्तु | आरक्ष | १.३ |

| क्र.सं. | नाम | प्रकार | क्षेत्रफल |
|---|---|---|---|
| १३ | परवानीपुर | गाउँपालिका | १५.५ |
| १४ | फेटा | गाउँपालिका | २३.७ |
| १५ | प्रसौनी | गाउँपालिका | २०.३ |
| १६ | सिम्रौनगढ | नगरपालिका | ४१.६ |
| १७ | सुवर्ना | गाउँपालिका | ३७.० |
| **११.०** | **पर्सा** | **जिल्ला** | **१४१०.६** |
| १ | बहुदरमाई | नगरपालिका | ३१.६ |
| २ | बिन्दावासिनी | गाउँपालिका | २६.१ |
| ३ | बीरगञ्ज | म.न.पा. | १३२.५ |
| क्र. सं. | जिल्ला | स्वामित्वमा रहेका कुल जग्गा सङ्ख्या (No. of landholding) | स्वामित्वमा रहेका जग्गाको आकार (Size of landholding) | खण्डिकृत जग्गाको सङ्ख्या (Number of parcels) | सिंचित क्षेत्र (Irrigated area (ha.) |
|---|---|---|---|---|---|
| १९ | कैलाली | १२७०१६ | ६२७३४ | ३०१५७९ | ५५०४२ |
| २० | कञ्चनपुर | ८६१७० | ४२२४९ | १६४३८१ | ३७६९१ |
| २१ | उदयपुर | ६१५४६ | २६२४२ | १२६८०५ | ११२९६ |
| २२ | काठमाडौं | ५०८५७ | ७४०६ | ८७४३२ | ३६५६ |
| २३ | भक्तपुर | २५९८३ | ३८९६ | ६८९०९ | १९०३ |
| २४ | ललितपुर | २९९९१ | ६१७८ | ४५२७६ | २८५४ |
| २५ | सिन्धुली | ५४७३५ | २५०३८ | १२८४०८ | ११३९६ |
| २६ | मकवानपुर | ६७५२३ | २८२०८ | १२१४३७ | ७९४५ |
| २७ | सुर्खेत | ६२५२६ | २४१३९ | १३३८७९ | १०९८३ |
| २८ | कास्की | ५३२२८ | १९१६४ | ११७४७६ | १०३१६ |
| २९ | दाङ | १०१८८० | ४९२७८ | २३६८८२ | ३३६६३ |

स्रोत : राष्ट्रिय कृषि गणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

## ८.४ घरधुरीको आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषी क्षेत्रको हिस्सा

घरधुरीको आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषी क्षेत्रको हिस्सासम्बन्धी तथ्याङ्कले समुदायको आर्थिक आधारलाई स्पष्ट सङ्केत गर्दछ । राष्ट्रिय कृषि गणनाको नतिजा अनुसार तराई मधेशका २१ र अध्ययन क्षेत्रका सम्पूर्ण २९ जिल्लामा ६५ प्रतिशत घरधुरीको आम्दानीको मुख्य स्रोत कृषि देखिएको छ भने ३५ प्रतिशतको आम्दानीको मुख्य स्रोत गैरकृषि क्षेत्र देखिएको छ । तर समग्र नेपालमा ७० प्रतिशत घरधुरीको आम्दानीको मुख्य स्रोत कृषि देखिएको छ भने ३० प्रतिशतको आम्दानीको मुख्य स्रोत गैरकृषि क्षेत्र देखिएको छ । यस तथ्याङ्ले नेपालका अन्य क्षेत्रहरुको

तुलनामा तराई–मधेश क्षेत्रमा गैरकृषि क्षेत्र बढी सक्रिय रहेको देखिन्छ । यस्तैगरी, सिङ्गो नेपालमा कृषि उपजले ४५ प्रतिशतलाई मात्र घरधुरीको उपभोगका लागि कृषि उपजको पर्याप्तता हुने देखिन्छ भने तराई–मधेशका २१ जिल्लामा ५८ प्रतिशतलाई र अध्ययन क्षेत्रका २९ जिल्लामा ५५ प्रतिशतलाई उत्पादित कृषि उपज घरधुरीको उपभोगका लागि पर्याप्त हुने देखिएको छ । यस सम्बन्धी थप तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २७ : आम्दानीको मुख्य स्रोत र कुल आम्दानीमा कृषि क्षेत्रको हिस्सा

| क्र. सं. | जिल्ला | भोगचलनका कुल जग्गा (Number of holdings) | घरधुरीको मुख्य आम्दानी स्रोत | | घरधुरीको कुल आम्दानीमध्ये कृषि क्षेत्रको आम्दानीको हिस्सा (प्रतिशतमा) | | | | घरधुरीको उपभोगका लागि कृषि उपजको पर्यासता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषी | गैरकृषी | <२५ | २५-४९ | ५०-७४ | ७५-१०० | पर्याप्त हुने | अपर्याप्त हुने |
| १ | झापा | १४८,१३३ | ८९,१११ | ५९,०२२ | ३६,८५५ | २६,८४६ | ३८,९५२ | ४५,४८० | ७९,५१३ | ६८,६२० |
| २ | मोरङ | १४५,३१८ | ९३,६३३ | ५१,६८५ | २७,८०९ | २८,७१६ | ४०,५९३ | ४८,२०० | ८१,०८३ | ६४,२३५ |
| ३ | सुनसरी | ९७,७७० | ५७,०९८ | ४०,६७२ | २१,२८० | २०,८१३ | २९,३२३ | २६,३५३ | ५३,९२६ | ४३,८४४ |
| ४ | सप्तरी | १०४,६६० | ७१,२२० | ३३,४४० | १५,५४८ | २४,८६५ | ३०,५३१ | ३३,७१६ | ६३,०७३ | ४१,५८७ |
| ५ | सिराहा | १०४,९४३ | ७०,००७ | ३४,९३६ | १९,०४४ | २४,६५८ | ३३,१२२ | २८,११९ | ५९,८५० | ४५,०९३ |
| ६ | धनुषा | १०५,२५५ | ५९,२७८ | ४५,९७८ | २२,९७२ | २६,५६५ | ३२,८५० | २२,८६७ | ५५,४५५ | ४९,८०१ |
| ७ | महोत्तरी | ८७,०६२ | ५२,८१२ | ३४,२५० | १९,७६७ | २३,२११ | २३,८३२ | २०,२५२ | ४६,२६६ | ४०,७९६ |
| ८ | सर्लाही | १०५,२३० | ७१,२२५ | ३४,००५ | २१,५८३ | २१,८११ | २९,३०३ | ३२,५३३ | ५६,७५८ | ४८,४७३ |
| ९ | रौतहट | ८६,८३५ | ५६,६१० | ३०,२२५ | १४,६९९ | १८,९४५ | २९,०७२ | २४,११९ | ४७,२२० | ३९,६१५ |
| १० | बारा | ८४,१३८ | ५५,२९८ | २८,८४० | ९,६४४ | १८,९५४ | २६,९६९ | २८,५७१ | ५३,०८४ | ३१,०५३ |
| ११ | पर्सा | ६०,२१७ | ३७,९५४ | २२,२६३ | ८,४०७ | १३,५२३ | १९,२६९ | १९,०१८ | ३९,०८७ | २१,१२९ |
| १२ | चितवन | ८९,५१९ | ६०,०३१ | २९,४८८ | १५,१३६ | २०,८४४ | २७,६४७ | २५,८९१ | ५१,५५५ | ३७,९६४ |

| क्र. सं. | जिल्ला | भोगचलनका कुल जग्गा (Number of holdings) | घरधुरीको मुख्य आम्दानी स्रोत | | घरधुरीको कुल आम्दानीमध्ये कृषि क्षेत्रको आम्दानीको हिस्सा (प्रतिशतमा) | | | | घरधुरीको उपभोगका लागि कृषि उपजको पर्याप्तता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषी | गैरकृषी | <२५ | २५-४९ | ५०-७४ | ७५-१०० | पर्याप्त हुने | अपर्याप्त हुने |
| १३ | परासी पूर्व | ५५,४१२ | ३३,४४२ | २१,९७० | ९,७१२ | १३,४३३ | १५,५३३ | १६,७३३ | २७,३७३ | २८,०३९ |
| १४ | परासीपश्चिम | ५५,०९८ | ३६,८५२ | १८,२४७ | १०,४७६ | ११,८१५ | १६,७९९ | १६,००९ | ३५,६७७ | १९,४२१ |
| १५ | रुपन्देही | ११७,३३३ | ७५,४४९ | ४१,८८४ | १८,४६७ | ३०,९३९ | ३९,८५८ | २८,०६९ | ७९,८७६ | ३७,४५७ |
| १६ | कपिलवस्तु | ८४,६७५ | ६५,०३६ | १९,६३९ | ७,४४२ | १६,८८१ | ३३,८७६ | २६,४७६ | ४९,६८१ | ३४,९९३ |
| १७ | दाङ | १०१,८८० | ६१,८२८ | ४०,०५२ | १८,८३० | २३,२२८ | ३४,९७७ | २४,८४५ | ५१,७६६ | ५०,११४ |
| १८ | बाँके | ६७,८८५ | ४६,४४८ | २१,४३८ | १२,५०६ | १५,३७४ | २१,४४२ | १८,५६४ | ३८,०८५ | २९,८०१ |
| १९ | बर्दिया | ८०,७४४ | ५८,५३४ | २२,२११ | १३,५२० | १८,०३२ | २८,३६० | २०,८३२ | ५२,७७८ | २७,९६६ |
| २० | कैलाली | १२७,०१६ | ८०,४१७ | ४६,६०० | २७,२६७ | ३०,६४० | ४०,६२२ | २८,४८७ | ७६,३१२ | ५०,७०४ |
| २१ | कञ्चनपुर | ८६,१७० | ६१,२१० | २४,९५९ | ११,९१९ | १८,५५७ | २८,११७ | २७,५७६ | ५४,७२१ | ३१,४४८ |
| तराई- मधेशको कुल | | १,९९५,२९३ | १२९३४८९ | ७०१,८०३ | ३६२८८४ | ४४८६५० | ६२१०४८ | ५६२७११ | १,१५३,१४१ | ८४२,१५२ |
| प्रतिशत | | | ६५ | ३५ | १८ | २२ | ३१ | २८ | ५८ | ४२ |
| २२ | उदयपुर | ६१,५४६ | ४७,९३० | १३,६१६ | १०,४५२ | १२,६३३ | २१,६७७ | १६,७८४ | २६,०६५ | ३५,४८१ |

| क्र. सं. | जिल्ला | भोगचलनका कुल जग्गा (Number of holdings) | घरधुरीको मुख्य आम्दानी स्रोत | | घरधुरीको कुल आम्दानीमध्ये कृषि क्षेत्रको आम्दानीको हिस्सा (प्रतिशतमा) | | | | घरधुरीको उपभोगका लागि कृषि उपजको पर्याप्तता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषी | गैरकृषी | <२५ | २५-४९ | ५०-७४ | ७५-१०० | पर्याप्त हुने | अपर्याप्त हुने |
| २३ | काठमाडौं | ५०,८५७ | २२,८४१ | २८,०१६ | १८,७०२ | १०,८२२ | ११,६४१ | ९,६९१ | १६,४६२ | ३४,३९५ |
| २४ | भक्तपुर | २५,९८३ | ११,१५५ | १४,८२८ | ४,९१५ | ७,९७१ | ७,२६२ | ५,८३५ | ९,४९३ | १६,४९० |
| २५ | ललितपुर | २९,९९१ | १५,०९५ | १४,८९६ | ५,६५२ | ५,४६१ | ९,९०३ | ८,९७४ | १०,८०० | १९,१९१ |
| २६ | सिन्धुली | ५४,७३५ | ४३,६२५ | ११,११० | ३,८८५ | ८,५१८ | २०,६८९ | २१,६४३ | २६,५५२ | २८,१८३ |
| २७ | मकवानपुर | ६७,५२३ | ५४,८१५ | १२,७०९ | ५,१५० | ११,८४७ | २५,४५३ | २५,०७४ | ३८,२२२ | २९,३०१ |
| २८ | कास्की | ५३,२२८ | २६,१९४ | २७,०३४ | १३,९४२ | १४,४५६ | १३,८२४ | ११,००६ | २०,८३१ | ३२,३९७ |
| २९ | सुर्खेत | ६२,५२६ | ४८,१५३ | १४,३७३ | ७,७६२ | १४,५८६ | २२,६१४ | १७,५६४ | २७,१४९ | ३५,३७८ |
| अध्ययन क्षेत्रको कुल | | २,४०१,६८२ | १,५६३,३६२ | ८३८,४२१ | ४३३,३६३ | ५३४,९६६ | ७५४,१४२ | ६७९,३१२ | १,३२८,७७१ | १,०७३,०११ |
| प्रतिशत | | | ६५ | ३५ | १८ | २२ | ३१ | २८ | ५५ | ४५ |
| नेपालको कुल | | ४,१३०,७८९ | २,९०६,६०७ | १,२२४,१८२ | ६३९,५७९ | ९५७,९५३ | १,४१८,५०२ | १११४७५५ | १,८५६,७९४ | २,२७३,९९५ |
| | | | ७० | ३० | १५ | २३ | ३४ | २७ | ४५ | ५५ |

स्रोत : राष्ट्रिय कृषि गणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

# परिच्छेद ९ : निष्कर्ष एवम् सुझाव

द्वितीय स्रोतको तथ्याङ्कामा आधारित रही तयार गरिएको यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको वस्तुस्थिति चित्रण गर्ने दृष्टिकोणले महत्वपूर्ण कार्य गरेको छ । यस प्रतिवेदनले नेपालमा मधेशी समुदायको आकार यकीन गर्न, मधेशी समुदायका भाषभाषीको सङ्ख्या यकीन गर्न, मधेशी समुदायसँग सम्बन्धित प्रमुख कला, संस्कृति, परम्पराको एकीकृत अभिलेख कायम गर्न तथा नेपालको मूल प्रवाहमा मधेशी समुदायको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गर्ने दिशामा उपलब्ध साधन स्रोत तथा तथ्याङ्कलाई मध्यनजर गर्दा यस प्रतिवेदनको योगदान निकै महत्वपूर्ण रहेको अपेक्षा गरिएको छ ।

## ९.१ निष्कर्ष

यस अध्ययनका प्रमुख निष्कर्षहरू देहायअनुसार रहेका छन् ।

१. मधेशी समुदायको स्पष्ट सर्वमान्य परिभाषा कायम नभएको हुँदा मधेशी समुदायको आकार यकीन गर्न, मधेशी समुदायसँग सम्बन्धित भाषा, कला, संस्कृति, परम्परा जस्ता विषयहरूको यकीन गर्नेलगायतका कार्यहरू कठिन हुन गएको छ ।

२. मधेशी समुदायको मुल बसोवास रहेको तराई–मधेश क्षेत्रमा विगत आधी शताव्दीयता जनसङ्ख्या तीव्र रूपमा वृद्धि हुँदै आएको छ । हाल यस क्षेत्रमा नेपालको बहुमत जनसङ्ख्या केन्द्रिकृत भएको छ । (तालिका–८)

३. नेपालमा मधेशी समुदायको कुल जनसङ्ख्या थारू र मुसलमान समुदायबाहेक करिब २५ प्रतिशत रहेको देखिएको छ । (तालिका–९)

४. तराई–मधेशका २१ जिल्लामा मधेशी समुदायको हिस्सा कुल जनसङ्ख्याको ४० प्रतिशत रहेको छ । (तालिका–७)

५. भित्री–मधेशका चारवटा जिल्लाहरू (उदयपुर, सिन्धुली, मकवानपुर, सुर्खेत) मा मधेशी समुदायको हिस्सा कुल जनसङ्ख्याको ५.२ प्रतिशत रहेको छ ।

६. काठमाडौं उपत्यकामा मधेशी समुदायको हिस्सा ४.१ प्रतिशत र पोखरा उपत्यका (कास्की) मा २.३ प्रतिशत रहेको छ ।

७. राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजमा नेपालमा कुल १२६ भाषाभाषी

पहिचान गरेकोमा मधेशी आयोगले पहिचान गरेका मधेशी समुदायहरूले बोल्ने भाषा-भाषीको सङ्ख्या ३७ वटा रहेको पाइयो ।

८. सङ्घ तथा प्रदेश सरकारले समावेशी नीति प्रवर्द्धन गर्दै मधेशी समुदायलगायत अन्य समुदायहरूका लागि आरक्षणको व्यवस्था गरिएको छ । महत्वपूर्ण सार्वजनिक क्षेत्रहरु जस्तै- निर्वाचन, निजामती सेवा, सशस्त्र प्रहरी, प्रहरी सेवा, शिक्षक सेवा, स्वास्थ्य सेवालगायतका क्षेत्रमा मधेशी समुदायलगायत अन्य समुदायलाई आरक्षणको व्यवस्था गरिएको छ (परिच्छेद ५) । यसैगरी नेपालका सातवटै प्रदेश सरकारहरूले पनि मधेशी समुदायलगायत अन्य समुदायलाई निजामती सेवामा आरक्षणको व्यवस्था गरिएको छ । यसरी सङ्घीय तथा प्रदेश सरकारहरूले कार्यान्वयनमा ल्याएको समावेशी नीतिले राज्यका महत्वपूर्ण निकाय तथा अङ्गहरूमा मधेशीलगायत अन्य समुदायको उपस्थिति/सहभागिता वृद्धि गर्न महत्वपूर्ण सहयोग पुगेको देखिएको छ । तर समग्र जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व भइसकेको छैन (तालिका १८) । केही उदाहरणहरू-

- ♦ नेपाली सेनामा मधेशी जनसङ्ख्याको प्रतिनिधित्व (मधेशी समुदायका कर्मचारीको हिस्सा) २.९ प्रतिशत, सशस्त्र प्रहरीमा ७.०९ प्रतिशत, राष्ट्रिय मानव अधिकार आयोगमा १४.८ प्रतिशत, राष्ट्रिय महिला आयोगमा ७.४ प्रतिशत, लोक सेवा आयोगमा ६.० प्रतिशत, सङ्घीय संसद् सचिवालयमा ४.५ प्रतिशत, त्रिभुवन विश्वविद्यालयमा २.१ प्रतिशत, रेडियो नेपालमा ११.८ प्रतिशत रहेको ।

१. मधेशी समुदायअन्तर्गत १५० जातजाति, ८९ भाषाभाषी, अनेकौं संस्कृति एवम् परम्परा रहेकोले यो समुदाय सांस्कृतिक विविधताले भरिपूर्ण समुदायका रूपमा रहेको देखिएको छ । विविधतापूर्ण जातिगत संरचना, भाषा र संस्कृतिले यस समुदायलाई सम्पन्न बनाएको छ ।

१. मधेशी समुदायका ब्राह्मण क्षेत्रीको अवस्था यस समुदायका अन्य जातिको तुलनामा सुदृढ रहेको देखिन्छ । तर राजनीतिक दलमा सहभागिताका दृष्टिकोणले समग्रमा कमजोर नै रहेको छ । केही उदाहरण-

- ♦ कुल जनसङ्ख्यामा मधेशी ब्राह्मण क्षत्रीको हिस्सा ०.८ र अन्य मधेशी जातको हिस्सा १४.५ प्रतिशत रहेको छ भने निजामति सेवामा मधेशी ब्राह्मण क्षेत्री ३.३ प्रतिशत र अन्य मधेशी जात ९.७ प्रतिशत रहेका छन् (तालिका-१७) ।

- राजनीतिक दलका केन्द्रीय समितिमा तराईका ब्राह्मण क्षेत्रीको प्रतिनिधित्व ४.१ प्रतिशत मात्र रहेको छ । पहाडी ब्राह्मणको २४.३ प्रतिशत र पहाडी क्षेत्रीको १८.१ प्रतिशत रहेको छ ।

१. **मधेशका दलितहरूको अवस्था सामाजिक आर्थिक रुपमा अन्य समुदायको तुलनामा निकै कमजोर रहेको देखिन्छ । केही उदाहरणहरू :**

- तराईका ब्राह्मण क्षेत्रीको प्रौढ साक्षरता दर ८० प्रतिशत रहेको छ भने तराई दलितको प्रौढ साक्षरता दर २३.१ प्रतिशत मात्र रहेको छ (तालिका २१) ।

- आधुनिक शौचालय सुविधामा घरधुरीको पहुँच हेर्दा तराई ब्राह्मण क्षेत्री ४९ प्रतिशतका घरमा आधुनिक शौचालय सुविधा रहेको देखिन्छ भने तराई दलितमध्ये ५.५ प्रतिशतका घरमा मात्र आधुनिक शौचालय सुविधा रहेको पाइन्छ (तालिका २१) ।

- तराईका ब्राह्मण क्षेत्रीहरूमा जमिनमाथिको स्वामित्व औसत ०.५७९९ हे (०.८५ बिघा) रहेको देखिन्छ भने तराईका तराईका दलितहरूमा ०.१८९५ हे (०.२८ बिघा) मात्र रहेको देखिन्छ (तालिका २१) ।

- तराईका ब्राह्मण क्षेत्रीहरूको आर्थिक पहुँच सूचक ०.५२११ रहेको देखिन्छ भने तराई दलितको आर्थिक पहुँच सूचक ०.२३१० रहेको देखिन्छ (तालिका २१) ।

- गरिबीको दृष्टिकोणले हेर्दा तराईका ब्राह्मणहरूमध्येमा १८.६१ प्रतिशत गरिबीको रेखामुनि, तराईका मध्यम जातिहरूमध्ये २८.६९ प्रतिशत गरिबीको रेखामुनि र तराईका दलितमध्ये ३८.१६ प्रतिशत गरिबीको रेखामुनि रहेको देखिन्छ (तालिका २५) ।

## ९.२ सुझाव

१. सङ्घीय, प्रदेश, स्थानीय तह तथा अन्य संस्थाहरूले कर्मचारी, पदाधिकारी नियुक्तिलगायतका कार्यहरूमा जनसाङ्ख्यिक अनुपातलाई आधार लिई समानुपातिक रूपमा सम्बन्धित समुदायभित्र प्रतिस्पर्धा गराई उपलब्ध गराउनु बाञ्छनीय देखिन्छ ।

२. मधेशी समुदायभित्र पनि तराई दलितको अवस्था अन्य मधेशी समुदायको तुलनामा निकै पछि परेको हुँदा मूल प्रवाहीकरण तथा सामाजिक आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने तराई दलितहरु रहेको क्षेत्रलाई केन्द्रीकृत गर्न र तराई दलितलाई लक्ष्यित वर्गका रूपमा छनोट गर्नु आवश्यक देखिन्छ ।

३. सन्दर्भ सामग्री


१. विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन, २०७६¸ राष्ट्रिय समावेशी आयोग, पुल्चोक ललितपुर

२. मधेसी संस्कृति र यसको सामाजिक रुपान्तरण, हिरालाल कर्ण, HISAN Journal, Vol -8, No- 1, Dec. 2022)

१. मिथिलाका चाडपर्व र तिनको वैशिष्ट्य - साहित्य सङ्ग्रहालय (sahityasangraha.com)

२. The Nepal Multidimensional Social Inclusion Index, march, 2014, Central Department Of Sociology/Anthropology, Tribhuvan University, Kathmandu.

३. Nepal National Governance Survey, Nepal Administrative Staff College, Lalitput, 2017/18

४. Gender Equality and Social Inclusion Diagnostic of Selected Sectors in Nepal, October 2020, Asian Development Bank.

५. https://hamrakura.com/news-details/163211/2024-01-27

६. https://nepalisahityaghar.com/2021/07/24/5499/

७. https://www.prasashan.com/2020/05/21/179611/

८. https://www.prasashan.com/2020/01/03/158737/

९. https://www.nayapatrikadaily.com/news-details/77575/2021-12-30

१०. https://beta.gorkhapatraonline.com/arts/2020-03-07-9799

११. https://www.nepalgunjnews.com/views/20180726139/

१२. https://ratokalam.com/news/detail/74881/

१३. https://indigenousvoice.com/ra-java-sha

१४. https://kathmandupost.com/national/2023/07/21/numerical-strength-of-nepal-army-comes-into-focus-once-again

१५. https://hi.wikipedia.org/wiki/%E0%A4%AD%E0%A5%8B%E0%A4%9C%E0%A4%AA%E0%A5%81%E0%A4%B0%E0%A5%80_%E0%A4%AD%E0%A4%BE%E0%A4%B7%E0%A4%BE

१६. https://hindivivek.org/370

# अनुसूची -६

## आयोगका वैठकहरु

## २०८० श्रावण देखि २०८१ असार मसान्त सम्मका बैठकहरु

**सम्बत् २०८० साल भाद्र २६ गते बसेको आयोगको वैठकका निर्णयहरु**

**निर्णयः**

**प्रस्ताव नं १** माथि छलफल गर्दा चालु आ.व. २०८०/८१ मा विनियोजित भएको बजेट मध्ये निम्न बमोजिमको वार्षिक कार्यक्रमको लागि रकम बाँडफाँड गरी समापन गर्ने निर्णय गरियो ।

| क्र. स. | कार्यक्रमको नाम | विनियोजित बजेट | कार्यक्रम हुने सम्भावित स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | (२२५१२-२.६.६.१) नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | रु ४,००,०००। | • मधेश प्रदेशमा दुई वटा कार्यक्रमहरु<br>• लुम्बिनी प्रदेशमा एक वटा कार्यक्रम | |
| २ | (२२५१२-२.६.५.६)मधेशी समुदायको सशक्तिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | रु ३,००,०००। | • कर्णाली प्रदेशमा एक वटा<br>• सुदूरपश्चिम प्रदेशमा एक वटा कार्यक्रम | |

**प्रस्ताव नं २** माथि छलफल गर्दा निम्नानुसारको निर्यण गरियो ।

(क) चालु आ.व. २०८०/८१ मा विनियोजित भएको बजेटमध्ये (२२४११-२.५.२.४) शिर्षकको बजेट रु. २ लाखबाट मधेश प्रोफाइल अध्यावधिक गर्ने र सोको लागि कार्तिक मसान्तभित्र सम्पूर्ण खरिद प्रक्रियाहरु सम्पन्न गरी काम सुरु गर्नुपर्ने ।

(ख) समन्वय र सहकार्यमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यक्रम गर्दा आवश्यक परामर्श गरी गर्ने ।

(ग) आ.ब. २०८०।८१ को स्विकृत वार्षिक बजेट अध्ययन गरियो ।

## सम्बत् २०८० साल भाद्र २६ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णयः संविधानसभाका अध्यक्ष तथा वर्तमान संघीय प्रतिनिधी सभाका माननीय सदस्य सुभासचन्द्र नेम्वाङ्गको असामयिक निधनले मधेशी आयोग स्तब्ध भएको छ। मृतकप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा धैर्य धारणा गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी आयोग कामना गर्दछ ।

## सम्बत् २०८० साल भाद्र २९ गते गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णयः मधेशी आयोगको पाँचौ वार्षिक प्रतिवेदन (आ.ब. २०७९।८०) सम्माननीय राष्ट्रपतिज्यूमा संविधानको धारा २९४ अनुसार पेश गर्नका लागि २०८०।०६।०२ गते सम्माननीय राष्ट्रपतिज्यूमा समय उपलब्ध गराउनुको लागि पत्राचार गर्ने ।

निर्णयः नेपालको संविधान धारा २९४ अनुसार सम्माननीय राष्ट्रपतिज्यूमा प्रतिवेदन प्रस्तुत गर्नको लागि पारित गरिएको प्रतिवेदन प्रकाशन गर्ने ।

## सम्बत् २०८० साल फागुन १० गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णयः प्रस्ताव नं. १ माथी छलफल गर्दा आयोगको क्यालेण्डर प्रकाशन गर्ने ।

निर्णयः प्रस्ताव नं. २ माथी छलफल गर्दा संघीय निजामती सेवा विधेयकको सम्बन्धमा मिति २०८०।११।६ गते बसेको बैठकबाट प्राप्त भएको सुझावहरु समेतलाई समावेश गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

निर्णयः प्रस्ताव नं. ३ माथी छलफल गर्दा आयोगको बार्षिकोत्सव २०८० साल चैत्र ७ गते मनाउने र प्रमुख अतिथी सम्माननीय उपराष्ट्रपतिज्यूलाई आमन्त्रण गर्न अनुरोध गर्ने। साथै विशिष्ट अतिथीको रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूलाई आमन्त्रण गर्न अनुरोध गर्ने ।

निर्णयः प्रस्ताव ४ माथी छलफल गर्दा आयोगका माननीय सदस्य श्री आभा कुमारी चढ्ने सवारीसाधन हाल सम्म पनि प्राप्त नभएकोले तत्काल उहाँले प्रयोग गर्ने गरी एक थान नयाँ सवारी साधन खरिद गर्न आवश्यक रकम माग गर्न श्री अर्थ मन्त्रालयसँग अनुरोध गर्ने । साथै आयोगको नाममा रहेको पुरानो सवारी साधन मर्मत तथा लिलाम सम्बन्धी प्रकृया अगाडि बढाउने ।

**निर्णयः**

संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा ४(३) बमोजिम एवं पछि भएको निर्णय बमोजिम घर भाडा रकममा वृद्धि गर्न, पोशाक रकम उपलब्ध गराउन विद्युत महशुल र काठमाडौंमै घर हुने पदाधिकारीको घर मर्मत खर्चमा वृद्धि हुन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने ।

प्रस्ताव ५ माथी छलफल गर्दा आगामी आ.ब. २०८१।८२ को लागि यस आयोगबाट संचालन गर्ने गरी निम्न कार्यक्रमको लागि निम्नानुसारको बजेट विनियोजन हुन श्री राष्ट्रिय योजना आयोग र श्री अर्थ मन्त्रालयमा लेखी पठाउने ।

## आगामी वर्षको लागि २०८१।८२ को अनुमान

| सि. नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | सचेतनामूलक कार्यक्रम संचालन (२ लाख x १० वटा) | रु २० लाख |
| २ | अध्ययन अनुसन्धान (१० वटा x ५ लाख) | रु ५० लाख |
| ३ | सीमान्तकृत वर्गको लागि विशेष कार्यक्रम संचालन (१० बटा x १० लाख) | रु १ करोड |
| ४ | कार्यबिधि निर्देशिका, मापदण्ड निर्माण (५ वटा x २ लाख। | रु १० लाख |
| ५ | तथ्याङ्क संकलन (सफ्टवेयर प्रोफाइल सहित) | रु ५० लाख |
| ६ | कार्यालय सुधार (फर्निचर सहित) | रु २० लाख |
| ७ | सवारी साधन मर्मत (७ वटा) | रु १५ लाख |
| | **जम्मा** | **रु २ करोड ६५ लाख** |

## सम्बत् २०८० साल चैत्र ८ गते विहिवार बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णयः**

**प्रस्ताव नं १** माथि छलफल गर्दा आयोगको हाल सम्मको वैठकको निर्णयहरु कार्यान्वयन गर्न आवश्यक प्रवन्ध गर्ने ।

**प्रस्ताव नं २** माथि छलफल गर्दा तराई मधेशको महत्वपूर्ण चाड होली पूर्णिमाको अवसरमा आयोग परिसरमा होली उत्सव कार्यक्रम संचालन गर्ने ।

**प्रस्ताव नं ३** माथि छलफल गर्दा मधेश प्रोफाइललाई अन्तिम रुप दिन आयोगको सचिवलाई जिम्मेवारी दिने ।

**प्रस्ताव नं ४** माथि छलफल गर्दा

- आयोगको स्थापना दिवसको अवसरमा कर्मचारी र स्थापित श्रष्टाहरुलाई सम्मान गर्ने ।
- आयोगको स्थापना दिवसमा हामीलाई सहयोग उपलब्ध गराउने काठमाडौ महानगरपालिका र पर्यटन बोर्डलाई धन्यवाद दिने ।

## सम्बत् २०८१ साल जेठ २८ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय १**ः मिति २०८० असार १० गते मधेशी आयोगको निर्णय अनुसार मधेश दिवस मनाउने सम्बन्धमा विज्ञ, कानुन व्यवसायी, संवैधानिक आयोगहरु तथा राजनैतिक दलहरुसँग गहन रुपमा विमर्श गर्ने ।

**निर्णय २ः**

मधेशी आयोगको छैठौ वार्षिक प्रतिवेदन २०८१ श्रावण मसान्त भित्र सम्मानीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने/वार्षिक प्रतिवेदन तयार गर्ने कार्य तपशिल बमोजिमको कर्मचारीहरुबाट वार्षिक प्रतिवेदन तयार गर्ने ।

**तपशिल**

| | |
|---|---|
| श्री नरेश राज खरेल | : संयोजक |
| श्री सविता डंगोल | : सदस्य |
| श्री रमेश कुमार दास | : सदस्य |
| श्री विन्दु देवी शर्मा | : सदस्य |
| श्री गोपाल प्रसाद घिमिरे | : सदस्य |
| श्री अमित कुमार साह | : सदस्य |
| श्री सुन्दर प्रसाद निरौला | : सदस्य |
| श्री खगेन्द्र नेपाली | : सदस्य |

**निर्णय नं. ३**

निवेदक शुभम राज सृष्टीले दिएको निवेदन अनुसार म सुडी जातको सृष्टी थर भएको भनी निवेदन आयोगमा परेको हुँदा सो सृष्टी थर सुडी जातको थर गर्ने ।

**निर्णय ४:**

निवेदक राम कुमार दिक्षितले दिएको निवेदन अनुसार उक्त जातिको सम्बन्धमा यस आयोगका माननीय सदस्य श्री विजय कुमार गुप्ता एवं यस आयोगका कर्मचारी समेतबाट उक्त जातिका सम्बन्धमा स्थलगत अध्ययन समेतको आधारमा आगामी वैठकमा पुनः छलफल गर्ने ।

**निर्णय ५:**

चुरे संरक्षण सम्बन्धमा विज्ञप्ती प्रकासित गर्ने ।

**निर्णय ६:**

निजामती सेवा वाहेकमा ७ वटा आयोगबाट संयुक्त अध्ययनको लागी प्रा. डा. राजकिशोर सिंहलाई विज्ञको रुपमा सिफारिस गर्ने । अन्य विज्ञ आवश्यक भएमा माननीय अध्यक्षज्यूबाट विज्ञ सिफारिस गर्ने ।

**निर्णय ७:**

२०७५ चैत्र ७ गते देखी हालसम्मका सम्पुर्ण आवश्यक कागजातहरुलाई Electronic version मा राख्ने । आवश्यक सामाग्रीहरु Portable Hard disk भन्डारण गर्ने । सो को जिम्मेवारी Computer operator लाई दिने तथा आवश्यक परे परामर्श सेवा समेत लिई कार्य गर्ने ।

**निर्णय ८ः**

आयोगको रणनीतिक योजना पञ्चवर्षिय योजना लगायतका विधान, कार्यविधिलाईहरुलाई अध्यावधिक गर्ने र विज्ञलाई आमन्त्रण गर्ने जसमा श्री प्रकाश पोखरेल समेतलाई विज्ञको रुपमा आमन्त्रण गर्ने ।

**निर्णय ९ :**

मधेशी आयोगका सिफारिस, उपलब्धी, चुनौती र समस्या समाधान लगायतका विषयमा अध्ययन गराउने ।

**निर्णय १०ः**

आयोगको प्रकाशनहरुलाई आयोगको Website मा राख्ने ।

**निर्णय ११ः**

नवनियुक्त निजामती राजपत्रांकित अधिकृतहरुलाई हरेक वर्ष बधाइ तथा सम्मान कार्यक्रम आयोगबाट गर्ने ।

**निर्णय १२ः**

Public Affairs Research and Communication Pvt Ltd संस्था मार्फत तयार भएको मधेश प्रदेशको लोगो प्रयोग गरे वापत रु २५००० (पचीस हजार मात्र भ्याट/कर समेत) भुक्तानी गर्ने साथै सो संस्थालाई धन्यवाद समेत दिने ।

## सम्बत् २०८१ साल असार २० गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय १ः**

(क) आयोगले जनक दर्शन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने, प्रकाशन गराउने ।

(ख) जनक दर्शन सम्बन्धमा नेपाल सरकारको आङ्गिक विश्वविद्यालय श्री राजश्री जनक विश्वविद्यालय, जनकपुरधामले आफ्नो पाठ्यक्रममा अनिवार्यत जनक दर्शन सम्बन्धी विषयलाई अध्ययन अध्यापन गराउनको लागि विश्वविद्यालयसँग अनुरोध गर्ने ।

(ग) आयोगले जनकदर्शन लगायतका अन्य ऐतिहासिक, धार्मिक व्यक्तित्वहरुको सम्बन्धमा अध्ययन गराउनको लागि अन्तरक्रियात्मक कार्यक्रम गर्ने र आवश्यकता अनुसार अन्य विश्वविद्यालयसँग समन्वय र सहकार्य गर्ने ।

**निर्णय २**ः मधेशी समुदायको थर सूचिकरण अध्ययन प्रतिवेदन २०७८ लाई पुनः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवारमा राजपत्रमा प्रकाशित गर्नको लागि प्रेषित गर्ने ।

**निर्णय ३**ः

(क) मधेशी समुदायको भाषाहरुको लागि मातृभाषा दशकको लागि सवै सरोकारवालाहरुसँग छलफल र पत्राचार गर्ने ।

(ख) मधेशी समुदायका भाषाहरुको औपचारिता प्रदान गर्न भाषा आयोगको सिफारिस अनुसार सिफारिस गरिएको भाषाहरुलाई मातृभाषाको लागि विज्ञहरुसँग छलफल गरी तिथि मिति तोक्ने ।

**निर्णय ४**ः राजपत्रमा प्रकाशित तलब वृद्धि सम्बन्धमा हेर्दा २०७९ श्रावण १ गते देखि संवैधानिक आयोगहरुको प्रमुख पदाधिकारी तथा पदाधिकारीहरुलाई तलब/पारिश्रमिक वृद्धि भएतापनि हालसम्म निकासा नभएकोले २०७९ श्रावण १ गते देखी २०८० श्रावण मसान्त सम्मको वृद्धि भएको तलब/पारिश्रमिक निकासाको लागि अर्थ मन्त्रालय लगायतका निकायलाई पत्राचार गर्ने ।

## सम्बत् २०८१ साल असार २१ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णयः**

१(क) UPR को सम्बन्धमा छलफल गरियो

(ख) UPR को सम्बन्धमा नेपालले गरेको प्रतिबद्धतामा मधेशी समुदायको अल्पसंख्यक, सिमान्तीकृत, जातिय बिभेद, बर्ण बिभेदलाई के कति अगिंकार गरेको छ सो सम्बन्धमा छलफल गरियो र आवश्यकता अनुसार थप विज्ञहरु सगँ छलफल गर्ने।

२.मधेशी आयोगले तयार पारेको "मधेशी समुदायको थर सुचिकरण अध्ययन प्रतिवेदन २०७८ " मा व्राम्हण जातमा दिक्षित थर समावेश गर्ने ।

# अनुसूची -७

## आयोगका प्रेस विज्ञप्ती

मिति : २०८०।०४।०८

# प्रेस बिज्ञप्ति

जवाफदेहीता कायम गर्न अपील !

विभिन्न प्रकारका चुनौतीहरुको सामना गरिरहेको मधेश प्रदेशमा विगतका केहि साताहरुमा नै केही अस्वभाविक घटनाहरु घटेका छन् । मिति २०८० जेठ ३२ गते घरेलु हिंसाको चपेटामा परी ज्यान गुमाएका आरती साहकी वहिनी मनिषा साह माथि जिल्ला प्रहरी कार्यालय, धनुषामा यातना दिएको र त्यसपछि विगत एक महिना देखि न्यायका लागि परिवारजनले काठमाडौंको माइतीघर मण्डलामा धर्नारत रहेकोमा त्यसको अझैसम्म सम्वोधन हुन सकेको छैन। मिति २०८० आषाढ २५ गते जिल्ला प्रहरी कार्यालय सिरहामा प्रहरी निरीक्षकले प्रहरी जवानलाई हात बाँधी निर्घात कुटपिट गरेको अमानवीय घटना, मिति २०८० साउन ३ गते जिल्ला प्रहरी कार्यालय बारामा नेपाली कांग्रेसका सचिव भैयाराम यादवलाई यातना दिएको घटना, मिति २०८० साउन ४ गते जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा रहेकी ३८ बर्षीया हजरा खातुनको हिरासतमै मृत्यु भएको घटना एवम् महोतरी जिल्ला प्रहरी कार्यालयद्वारा मीटर ब्याजीको मुद्दामा पक्राउ परेका साह थरका एक व्यक्तिको यातनाको क्रममै खुट्टाको बुढी औंलाको नङ्ग नै झिकिएको घटनाहरुको सम्बन्धमा विभिन्न संस्थाहरुवाट उजुरीहरु आयोगमा प्राप्त भएका छन् । साथै, यी घटनाहरु विभिन्न संचार माध्यमहरुबाट समेत सार्वजनिक भएका छन् ।

यी मानव अधिकार उल्लंघनका घटनाहरुका पिडित वा पिडितका परिवारजनलाई न्याय मिलोस् र पिडकहरुलाई कानुन बमोजिम कारबाही गरी राज्यप्रति आमजनताको विश्वास बढोस् । यसका लागि आयोग कार्यान्वयनकारी निकायहरुसंग अपिल गर्दछ। साथै यस्ता किसिमका घटनाहरु नदोहोरियोस् भन्ने अपेक्षा समेत गर्दछ ।

मिति : २०८०।०४।११

# प्रेस बिज्ञप्ति

## धार्मिक र सामाजिक सदभावको लागि अपील !

विविध संस्कृतिको पवित्र थलो नेपालमा सवै धर्मावलम्बीहरुले आ-आफ्नो धार्मिक पर्वहरु मनाउने गर्दछन् ।

विगतका केहि बर्षहरुका धार्मिक उत्सवहरु आयोजना हुने क्रममा केहि कानुन विपरीतका घटनाहरु घटाइएका थिए, जसवाट सामाजिक र धार्मिक सद्भाव खलवलिएका थिए । समाजमा सद्भाव कायम राख्न स्थानीय प्रशासनले धार्मिक र सामाजिक सम्प्रदाय एवम् नागरिक समाजको बीचमा समझदारी र सम्झौता गराएका थिए। यो सुखद पक्ष हो र सोही अनुसार कार्यहरु भई राखेका थिए ।

गरिएका समझदारी र सम्झौता अनुसार नै प्रत्येक धर्मावलम्बीहरुले प्राप्त धार्मिक र कानुनी अधिकार उपयोग र उपभोग गर्दै सामाजिक सद्भाव कायम राख सरोकारवाला निकायहरुसंग आयोग हार्दिक अपील गर्दछ ।

मिति : २०८०।०४।२२

# प्रेस बिज्ञप्ति

## किसानलाई राहतको व्यवस्था गर्न अपिल

नेपाल कृषिप्रधान मुलुक हो र झण्डै दुई तिहाइ जनसंख्या कृषि मै आश्रित छन्।नेपालकै अन्न भण्डारको रुपमा तराई मधेश रहेको छ र त्यहाँका प्रायः जनता कृषि मै केन्द्रित रहेका छन् । विगत केहि महिना देखि तराई मधेश लगायत मुलुकभर पशुहरुमा लम्पी स्किन रोगले महामारीको रुप लिएको देखिन्छ। यसबाट पशु चौपायाहरुको मृत्यु भइरहेको छ, जसबाट किसानहरुलाई अपूरणीय क्षति भइरहेको छ । किसानहरुको खेति कर्म गर्ने बेलामा पशुजन्य चौपायाहरुको मृत्युले किसानहरु थप मर्कामा परेका छन् ।क्षति भएका पशुजन्य चौपायाहरुको विमा भुक्तानि वा क्षतिपूर्ति दिन बिमा कम्पनीहरु उदासिन देखिएका छन् ।

खेति किसान गर्ने समयमा पानी नपरेको कारणले खेती हुन नसकिरहेको गम्भीर अवस्था सिर्जना भएको छ । एकातिर वर्षा नभएर किसानहरु खडेरीको चपेटामा परेका छन् भने अर्कोतर्फ कृषि कर्मका लागि भएका चौपायाहरु मरेका छन् । दुवै समस्याबाट किसानलाई जीवनयापन गर्न समेत कठिन भइरहेको छ ।

तसर्थ, किसानहरुलाई आहातमा राहत प्रदान गर्न तराई मधेशका जिल्लाहरुलाई "सुक्खा क्षेत्र" घोषणा गरी पशुजन्य रोगको कारणबाट मरेका चौपायाहरुको क्षतिपूर्तिको लागि आयोग हार्दिक

अपिल गर्दछ ।

मिति : २०८०।०५।०६

# प्रेस बिज्ञप्ती

नेपालको संविधानको धारा १६ मा भएको **स्वतन्त्रताको हक** र धारा १८ मा **समानताको हकले** नेपाली नागरिकहरुलाई राज्यका सरकारी तथा गैरसरकारी क्षेत्रहरुमा कार्य गर्ने संवैधानिक प्रावधानको अवसर प्रदान गरेको छ ।यसै अनुसार राज्य र प्रत्येक नागरिकले व्यवहार गर्नुपर्दछ तर यस आयोगमा प्राप्त उजुरी तथा विभिन्न संघ संस्थाको विज्ञप्तीलाई आयोगले अध्ययन एवं मनन गर्दा सामाजिक तथा सांस्कृतिक विभेदका साथै संवैधानिक अधिकार माथी प्रहार गरेको देखिन्छ । तसर्थ यस्ता खालका असंवैधानिक क्रियाकलाप गर्ने दुर्गा प्रसाईलाई आफु जिम्मेवार भई कार्य गर्न तथा राज्यले समेत सोही अनुसार कार्य गराउन सक्ने वातावरण निर्माण गर्नुपर्दछ । यसका लागि आयोग अपिल गर्दछ ।

मुलुक निर्माणको लागि मधेशी समुदायमा रहेका मारवाडी समुदायको अहं भूमिका रहेको देखिन्छ । रोजगारी सृजना देखि मुलुकका वहुआयामिक क्षेत्रको निर्माणार्थ अहोरात्र लागि परेका समुदायलाई होच्याउने, गिज्याउने वा विभेदात्मक व्यवहार गरी मानमर्दन गर्ने कार्य गैरसंवैधानिक, गैरकानुनी, गैरसामाजिक तथा गैरसांस्कृतिक भएकोले यस्ता कार्य अविलम्ब बन्द गरी राज्यमा समानताको हक यथार्थतामा कार्यान्वयन होस् भन्ने मनसायका साथ आयोग यो प्रेस विज्ञप्ती जारी गर्दछ ।

मितिः २०८०।०५।१०

# संविधानको मूल मर्मलाई संरक्षण गर्न अपील

नेपालको संविधानको भाग–१ प्रारम्भिकको धारा(४ को स्पष्टीकरणमा “ सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायतका धार्मिक, साँस्कृतिक स्वतन्त्रतालाई अक्षुण्य राख्न पर्दछ” भनी उल्लेख गरेको छ । ठीक त्यसै भागको धारा–९ को उपधारा– ३ अनुसार “राष्ट्रिय जनावर गाई हुनेछ” भनी उल्लेख भएको छ ।

यस संवैधानिक प्राबधानलाई प्रत्येक नागरिकले बाध्यकारी रुपमा पालन गर्नुपर्ने हुन्छ । तर यस संवैधानिक प्राबधान विपरीत मुलकका विभिन्न भागहरुमा क्रियाकलाप गरिदै आएको देखिन्छ । संवैधानिक प्राबधानहरुलाई कडाईका साथ पालन गराउन आयोग नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ ।

यसै क्रममा सुनसरी जिल्लाको धरानमा संवैधानिक प्राबधान विपरीत गाई गोरुलाई हत्या गरी सार्वजनिक रुपमै भोजको आयोजना भएको छ । यो क्रियाकलाप संविधान विपरीत रहेको छ । संविधान विपरीत कार्य गर्ने जो कोहिलाई कानुनी दायरामा ल्याई संविधानको सुरक्षा गर्दै .धार्मिक, सामाजिक, साँस्कृतिक एवं सामुदायिक सद्भाव कायम राखी दोषी माथि अविलम्ब कारवाही गरी शान्ति सुरक्षा एवं समस्या समाधानका लागि यथाशिघ्र पहल हुन आयोग अपेक्षा गर्दछ ।

मिति: २०८०।०५।२७

# प्रेस विज्ञप्ति

भावपुर्ण श्रद्धाञ्जली अर्पण !

संविधानसभाका अध्यक्ष, सज्जन, सभ्य, सुशील, साम्य, शौम्य, सरल, शालिन तथा मानवीय मुल्यका " हिमालयन व्यक्तित्व" चतुर्दिक सुभाषित सुभाषचन्द्र नेम्वाङ्गको असामयिक स्वर्गारोहण मधेशी आयोग स्तब्ध भएको छ । उहाँप्रति हार्दिक तथा अश्रुपुर्ण श्रद्धाञ्जली अर्पण ! साथै शोकाकुल परिवारजनमा हार्दिक सम्वेदना ।

मिति: २०८०।०५।२७

# प्रेस विज्ञप्ति

संविधानमा व्यवस्था भएअनुसार नेपालमा बसोबास गर्ने सबै जातजातिहरुले आ-आफ्नो पर्व रीतिरिवाज मान्ने स्वतन्त्रता दिइएको छ तर केही व्यक्तिहरुले सर्लाही जिल्लाको मलंगवामा कृष्ण जन्माष्टमीको भोलीपल्ट मूर्ति सेलाउन क्रममा केही उछृङ्खल गतिविधिहरु गरिएको आयोगमा विभिन्न संघसस्थाहरुबाट प्राप्त विज्ञप्तीहरु मार्फत जानकारी भएको छ। यस सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस्तो गतिविधि हुन नदिन सामाजिक सद्भाव कायम राख्न स्थानीय सरकार, प्रदेश सरकार र सरोकारवालाहरुसँग आयोग अपील गर्दछ ।

मिति: २०८०।०५।३१

# प्रेस विज्ञप्ति

## स्वतन्त्र न्यायिक छानवीन समिति गठन गरी समस्या समाधान गर्न अनुरोध !

२०८० साल आषाढ १ गतेदेखि निरन्तर माइतीघर मण्डला, काठमाडौमा धर्नारत "**आरती साह मृत्यु प्रकरण**" सम्वन्धी सरोकारवालाहरुसंग मधेशी आयोगको सभाहलमा गहन, सघन तथा फलदायी छलफल सुसम्पन्न भएको छ । पिडित पक्ष निर्मलादेवी साह, मनीषा साह, सन्तोष साह, नागरिक संगठनहरुबाट एडभोकेसी फोरम, ओरेक नेपाल, इन्सेक, एनजीओ फेडरेसन, नेपाल वार एशोसिएसन, महिला मानव अधिकारवादी, युवा अधिकारवादी र राज्यका कार्यकारी संगठनहरुबाट प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय लगायतका प्रतिनिधिहरुले तत्काल समस्याको समाधानका लागि गठित समितिहरुको प्रतिवेदन अविलम्ब सार्वजनिक गरी समाधान तर्फ जानुपर्ने या त स्वतन्त्र न्यायिक आयोग गठन गरी समस्या समाधानार्थ अग्रसारित हुनुपर्ने देखिन्छ।

मितिः २०८०।०६।०५

# प्रेस विज्ञप्ति

## बालबालिकाको हक कायम गरियोस् !

संघीय संसदको प्रतिनिधिसभामा पंजीकृत गरिएका शिक्षा विधेयकमाथि असन्तुष्टि जाहेर गर्दै विगत असोज ३ गतेदेखि शिक्षकहरुले काठमाण्डौ केन्द्रित आन्दोलन शुरु गरेका छन् । जसबाट लाखौं बालबालिकाहरुको संविधानतः प्राप्त भाग ३ को धारा ३९ अनुसार बालबालिकासम्बन्धि मौलिक हक गम्भीर संकटमा परेको छ । मुलुकमा २७ हजार भन्दा बढि सामुदायिक विद्यालयहरुका पचासौं लाख बालबालिकाहरुको भविष्य संकटमा परेको छ । एक त पहिले देखि नै सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था कमजोर रहेको त्यसमा पनि तराई-मधेशमा रहेका सामुदायिक विद्यालयहरुको अवस्था त झन् कहालीलाग्दो नै रहेको छ । त्यसमाथि विद्यालयहरु बन्द गरिएका छन् जसबाट हुने अपुरणीय क्षतीको आँकलन गर्न सकिन्न ।अध्ययनहरुले प्रमाणित गरेको छ कि तराई मधेशका स्थानीय तहहरुको तानाशाही प्रकृति र प्रवृत्ति क्रमशः चरमोत्कर्षमा पुग्दै गरेको देखिन्छ । समन्वय र सहकार्य कहि कतै देखिएको भान हुँदैन । शिक्षकहरूले गरेका आन्दोलन सम्भवतः यसैको कारण पनि एउटा हो ।

तसर्थ,वैज्ञानिक विधि-प्रकृया अवलम्बन गरी वार्ताको माध्यमबाट राज्यबाट सकारात्मक निकास दिइनु पर्छ ।यसर्थ अविलम्ब समस्याको समाधान गरी बालबालिकाहरुको संविधानतः प्रदत्त हकलाई सकारात्मक वातावरणमा उपयोग र उपभोग गर्न पाउन यसका लागि मधेशी आयोग सबै सरोकारवालाहरुसँग अपील गर्दछ ।

मितिः २०८०।०६।०७

# प्रेस विज्ञप्ति

२०८० साउन यता सर्लाही जिल्लाको मलङ्गवा नगरपालिकामा कृष्णाष्टमी पुजाको मूर्ती जलप्रवाह विश्वकर्मा पुजाको मुर्ति जलप्रवाह र गणेश 'पुजाको मुर्ति जलप्रवाह गर्न जाँदा पथमा अवरोध उत्पन्न गराई द्धन्द्ध सिर्जना गरिएको र सो बाट सृजित प्रतिकुल अवस्थाले समाजलाई नै विभक्त र चिन्तित तुल्याएको छ ।

यसै क्रममा गत शुक्रबार साँझ गणेश चतुर्थीको मुर्ति सेलाउन जाने क्रममा पुनः झडप भएको र सो घटनाले उग्र रुप लिएको छ । उक्त घटनामा १ जना गम्भीर घाइते समेत भएको कुरा सम्प्रेषित भएको छ । घाइतेहरुको शीघ्र स्वास्थलाभको लागि राज्यले संसाधनहरुको तत्कालै व्यवस्था गरोस् । साथै धार्मिक तथा सामाजिक सद्भावमा श्रीवृद्धिको लागि सबैमा अपिल गरिन्छ ।

यसका साथै कानुन विपरीत कार्य गर्ने जो कोहीलाई पनि कानुनको दायराभित्र ल्याउन प्रशासन हिचकिचाउनु हुँदैन । घटनाहरूको स्थलगत सत्य, तथ्य जानकारी प्राप्त गर्न मधेशी आयोगले अनुगमन टोली पठाएको छ । सम्बन्धित सबै सरोकारवालाहरुले घटनाहरूको सम्बन्धमा अनुगमन टोलीलाई यथोचित जानकारी गराई सहयोग गरी दिनु हुन आयोग पुनः अपील गर्दछ ।

मितिः २०८०।०६।१६

**प्रेस विज्ञप्ति**

# सामाजिक सद्भाव कायम गर्न अपिल

विगत केही दिनदेखी लुम्बिनी प्रदेशको बाँके जिल्लामा केही अराजक तत्वहरुद्वारा सामाजिक सद्भाव विगारिएको र सोको कारण दुई समुदाय (हिन्दु र मुस्लिम) बीच सामाजिक सद्भावमा खलल पुगेको र वैमनस्यता नै उत्कर्षमा पुगेको देखिन्छ । नेपालमा कानून सबै नागरिकले अनिवार्य रुपमा पालन गर्नुको साथै यसका विरुद्धका सम्प्रदायिक गतिविधि गर्ने, गराउने तथा उकास्ने माथी प्रशासनले तत्कालै कडा कारवाही गरी शान्ति सुरक्षा कायम गर्नको लागि प्रभावकारिताका साथ कार्यान्वयन गरोस् । यसका साथै नागरिक समाज, समुदायका अगुवाहरुका साथै सबै सरोकारवालाहरुले सामाजिक सद्भाव कायम गर्न प्रशासनलाई सहयोग गरी अपराधीहरु माथी कारबाही गर्न मधेशी आयोग अपिल गर्दछ ।

मितिः २०८०।०६।१८

# प्रेस विज्ञप्ति

## जितियाको शुभकामना !

प्रायः हिन्दु विवाहिता महिलाहरुद्धारा गरिने पवित्र र निर्जला व्रत जितिया/जिवित पुत्रिका व्रत हो। यस व्रतका व्रतीहरुले आश्विन कृष्ण सप्तमी देखि शुरुगरी अष्टमीका दिन निर्जला व्रतमा रही भगवान् जीतमहानको पूजा-आराधना गर्दछिन् र नवमीका दिन भगवान् जीतमहानको अन्तिम पूजा गरी व्रतको समापन गर्दछिन् जसलाई "**पारन/पार्वन**" भनिन्छ। यो व्रत परिवारजनको सुख, शान्ति, प्रगति, उन्नति, समृद्धि, सुस्वास्थ्य एवं दिर्घायुको लागि गर्ने गरिन्छ। यो व्रतमा समानता, सौहार्द्रता, सामाजिक एकता, सांस्कृतिक विश्वसनीयता, पवित्रताका साथै प्रकृतिमा रहेका जीव-सजीवको पूजा गरिन्छ।

यस व्रतका व्रती लगायत परिवारजनले नुहाए-खाएका दिन च्युरा-दहि, कोदोका रोटी सहितका भोजन ग्रहण गर्दछन् । व्रतीहरुले आ-आफ्ना पुर्वजलाई श्रद्धा पुर्वक पोखरी, ईनार वा खोलाको तटमा तेल, खरी लगायतका सामग्रीहरुले पूजा गरी श्रद्धाञ्जली अर्पण गर्दछिन्। यो व्रत सोह्र श्राद्धको अवधिमै हुने भएकोले यसको विशेष महत्त्व रहेको छ ।

यस वर्षको यो पर्व आश्विन १८, १९ र २० गते रहेको छ । समान सोच र समान बुझाईको यो पर्वले सामाजिक र सांस्कृतिक एकताको लागि मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले सार्वजनिक विदा दिने गरेको छ। यो पर्वले सबैमा ऐश्वर्यता र माधुर्यता थप गरोस्। यसको मंगलमय शुभकामना अर्पण ।

**मिति : २०८० असोज २६**

# प्रेस विज्ञप्ति

मधेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन राष्ट्रपतिज्यू समक्ष पेश भैसकेको छ ।प्रतिवेदनको अवधिमा प्राप्त उजुरी मध्ये ९०.८२% उजुरीमा सिफारिस भएको छ । आयोगको यस प्रतिवेदनले नेपालको संविधानको धारा २६२ मा रहेको मधेशी आयोगको सट्टा "**राष्ट्रिय मधेशी आयोग**" उल्लेख हुनुपर्ने, मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा "**सिफारिस गर्ने** " को सट्टा "**निर्देशन दिने**" शब्दको व्यवस्था, कर्मचारी दरबन्दी हेरफेर, आरक्षणको नीतिमा सुधार र पुनरावलोकन गरी आरक्षण वर्गिय आधारमा व्यवस्थापन गर्ने, निर्वाचन अनुगमनमा भूमिका, नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाका प्रभावकारी कार्यान्वयन, सरकारी सेवामा मधेशी समुदायको पहुँच, असहाय, आय आर्जन र उत्पादनमूलक क्षेत्रमा लगानी, औद्योगिकमूलक कृषि पेशाको थालनी, कृषिको लागि चाहिने मलखादको व्यवस्था, जनचेतनामुलक कार्यक्रमको प्रशस्त थालनी, शिक्षा र रोजगारीको शुरुवात, डिजिटल शिक्षालाई पहुँचयोग्य बनाउने, केही सम्पदालाई नेपाल सम्पदा र विश्व सम्पदा सूचिमा राख्नुपर्ने, तराई मधेशमा आर्सेनिकरहित पानीको व्यवस्था, मधेश दिवसको व्यवस्था, प्रज्ञाप्रतिष्ठानहरुमा "**विद्वत वृद्धि**" लाई समानुपातिक रुपमा स्थान दिइनुपर्ने, तराई मधेशसँग सम्बन्धित मातृभाषाका संरक्षण, सम्बर्द्धन र सशक्तीकरणको व्यवस्था गर्ने, वित्तीय शिक्षाको जानकारी गराई सर्वसाधारणलाई गरिवीको दुस्चक्रबाट मुक्ति दिलाउने, मानव वेचविखन अन्त्य गर्ने, चुरे क्षेत्रको वचावट र उक्त क्षेत्रमा पानी पुनभरणको कार्यक्रम तय गर्ने, न्याय प्रशासनलाई छिटो, छरितो र चुस्त दुरुस्त बनाउन थप पहल कदमी गर्ने, जातीय सद्भावको लागि आवश्यक कार्यक्रम संचालन गर्ने, आधुनिक शिक्षा र वैज्ञानिक शिक्षा पद्धतिबाट धार्मिक शिक्षा समेतको सिकाई कार्यक्रम संचालन गर्ने, सीमाको विषयमा संवेदनशिल भई सोको उचित व्यवस्थापनको लागि कार्य गर्ने, पारदर्शी निर्वाचन प्रणालीको लागि E-Voting को व्यवस्था गर्नुपर्ने, अन्धविश्वास तथा कुरीतिको अन्त्यको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, "**गाई र माई**" का संरक्षणका लागि थप पहल कदमी गर्ने, तराई मधेशमा संचालित राष्ट्रिय गौरबका आयोजनाहरु अविलम्ब सम्पन्न गरिनुपर्ने, स्थान विशेषमा रहेका

ऐतिहासिक पुरातात्विक स्थलको संरक्षण गर्नुपर्ने, परम्परागत पेशामा प्रविधिको उपयोग गरिनुपर्ने, युवावर्गमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, हिमाल, पहाड र तराईलाई सेतुको रुपमा विकास गर्ने, विपन्न र पिछडिएका महिला उत्थानको लागि विशेष पहल गर्ने, भ्रुण हत्याको अन्त्य गर्ने, तराई मधेश क्षेत्रमा शैक्षिक, सामाजिक, प्राविधिक, सांस्कृतिक, आर्थिक र कानुनी वातावरणमा सामाञ्जस्यता कायम गर्ने, नेतृत्व वर्गमा भएका विचलनको अन्त्य गरिनुपर्ने, सामुदायिक विद्यालयका शिक्षाकर्मीहरुलाई जिम्मेवार बनाउनु पर्ने, तराई मधेश क्षेत्रमा प्रचलित भाषाभाषी उत्थानका विशेष कार्यक्रम संचालन गर्नुपर्ने, गुणस्तरीय मानव संशासनको विकासमा जोड दिने, कमाउदै सिक्दै (Earning & learning, Learning & earning) Approach संचालन गरिनुपर्ने, राज्य प्रणालीलाई चुस्त दुरुस्त बनाइनुपर्ने, तराई मधेशमा अवस्थित विशेष धार्मिक स्थललाई थप संरक्षणका लागि पहल गर्नुपर्ने, वालसुधार गृहमा थप सुधार कार्यक्रम संचालन गरी वास्तवमै सुधार केन्द्रको रुपमा खडा गर्ने, कैदीवन्दी रह्ने कारागारको उचित व्यवस्था गरिनुपर्ने आदि विषयहरु यस प्रतिवेदनमा सुझावको रुपमा पेश गरिएका हुँदा सो को कार्यान्वयमा सरकारको ध्यान उचित रुपमा जानको लागि आयोग हार्दिक अपिल गर्दछ ।

मितिः २०८०।०६।२९

# प्रेस विज्ञप्ति

## शुभकामना !

*या देवी सर्वभुतेषु सर्वकार्य शिद्धिरुपेण संस्थिता।*
*नमतस्यै नमतस्यै नमतस्यै नमोनमः।।*

*प्रथमम् शैलपुत्री च द्वितीयम व्रम्हचारिणी*
*तृतीय चन्द्रघण्टति कुशमाण्डा चतुर्थयम्*
*पन्चम् स्कन्ध मातेती षष्ठम् कात्यायनी*
*सप्तम् कालरात्रेती महागौरी अष्टमम्*
*नवमम् शिद्धिदात्रीती नवदुर्गा साष्टांग नमामी।*

विश्वकै हिन्दुहरुको शैव, शक्ति र वैष्णवहरुको आराध्या र अपराजिता देवी दुर्गाको व्रत, उपवास र उपासना गरि असत्य माथि सत्यको विजय, असुरमाथि सुरको विजयको प्रत्यक्षानुभूति र जनानुभूति पर्व विजयादशमीको पर्व हो ।
माता दुर्गाले असुर महिषासुरको वध गरि सुर-देउताहरुलाई असुरको आतंकबाट भयमुक्त गरिन् र त्रेतायुगीन भगवान् रामले असुर रावणलाई बध गरि माता सीतालाई रावणेश्वर लंकाबाट मुक्त गरे। यी महानतम् दैविक कार्यहरुको प्रारम्भ आश्विनको शुक्ल प्रतिपदाका तिथिमा भएकोले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाकै तिथिमा घटस्थापना गरि आरम्भ हुन्छ र विजयोत्सव नवमी तिथिमा शिद्धिदात्रीको पूजा गरि मनाउने धार्मिक परम्परा रहेको छ ।
यस पर्वले जनतामा सामाजिक र सांस्कृतिक सदभावलाई थप प्रगाढ बनाउन मद्दत गरेको छ । आर्थिक क्रियाकलापमा अत्यधिक वृद्धि हुने गरेकोले प्रत्येक वर्गको जीवनमा सजीवीकरण र संचारीकरण हुने गर्छ र हुन्छ पनि ।
तर विगत केहि वर्षदेखि माता दुर्गाको पुजन र विर्सजन कार्यमा केहि विर्धमीहरुबाट अवरोध उत्पन्न गरि/गराई समाजमा अराजकता र शान्तिपूर्ण रहेको नेपाली समाजमा द्वेष फैलाउने

अधर्मी कार्य गरेको देखिन्छ । यी अपराधिक र असामाजिक कार्यलाई सुरक्षा निकायहरूले निर्मुलीकरण गर्नै पर्छ । तथा, समयमै सचेत रहि ती असामाजिक तत्वहरुलाई कानुन वमोजिमको कारवाही गरोस् भनि अपेक्षा समेत गर्दछु ।

अन्त्यमा, यस पावन पर्वले सबैमा खुशी, समपन्नता, सौहार्दता अपनत्व, माधुर्यता र आनन्दमा श्रीवृद्धि गरोस् ।

**हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।**

जय जानकी जय जनपाल
जय वुद्ध जय नेपाल ।

२०८०।०८।०१

# प्रेस विज्ञप्ति

## छठ/छईठ पर्वको हार्दिक शुभकामना अर्पण !

नेपाल अनादीकाल देखि नै सनातन संस्कृतिको मुख्य स्थल र मुहान हो। जहाँ सत्य अहिंसा, दया, क्षमा, दान, जप, तप, यम, नियम, योग, ध्यान, जागरण एकनिष्टता, संहिताका मार्गबाट "जीवस्य जीवो जीवनम्" को ज्ञान, विज्ञान, संज्ञान र मनोविज्ञान पुरित र लक्षित भएका छन् । यस पवित्र भुगोल र हिमवत् श्रृङखलामा विभिन्न पर्व-तिहार आयोजना हुने गर्दछ र गर्ने गर्दछ। जहाँ परिवार त्यहीं तिहार र जहाँ तिहार त्यहीं परिवारको मनोवैज्ञानिक महत्त्वलाई शिरोधार्यगरि यी पर्वहरु मनाउने गर्छ ।

दशै, दिपावली पर्वसँगै नेपालको तराई-मधेशको मुख्य भु-भागमा कार्तिक शुक्ल षष्ठिको तिथिमा छठि/छईठ पर्व मनाइन्छ । यो लोक संस्कृतिको महापर्व रहेको छ । यस पर्वले सामाजिकता, सांस्कृतिकता, धार्मिकता, अध्यात्मिकता र वैज्ञानिकताको मुल मर्म, कर्म, धर्मलाई अंगिकार गरेको छ । सामाजिक अनुशासनको कसिलो कसमा बांधिएको यो पर्व नैतिकताको आधारमा ऋषि कर्म र कृषि कर्मलाई अक्षरशः अंगिकार गरेको छ । सामाजिक, भौगोलिक र सांस्कृतिक एकताका आधारस्तम्भ बनेको यो छईठ पर्वमा साम्यवादी स्वरुप प्रस्तुत गरेको छ । समाजमा सबभन्दा आर्थिक र सामाजिक रुपमा पछाडि परेकाहरुको "पूजा सामग्री" व्यवस्थापन र आर्थिक सुदृढीकरण भएकाहरुको बीचमा कुनै फरक-अन्तर हुंदैन । सबै श्रद्धालु पायक पर्ने एउटै सरोवर, नदि, खोला, पोखरीमा "पूजा-अर्चना" गर्दछन् ।

पुर्णतः धार्मिक र नैतिक अनुशासनको कसिमा कसिलो गरी कसिएका यो पर्व मुख्यतः चार दिने पर्व हो जसको प्रथम दिनमा "नहाई-खाए" [चोखो भई चोखो अन्न ग्रहण, दोस्रो दिन "खरना" [गुड/सक्खर हालेको खीर, तेस्रो दिन सन्ध्या अर्घ्य र चौथो दिन विहानको अर्घ्य

अर्पण गरी त्यस पश्चात् "पारण" [ पार्वण] गरी समापन हुन्छ । यस प्रकार "सूर्य पूजा" को यो लौकिक महापर्व समापन हुन्छ । यो महापर्व अस्ताउदै सूर्य, उषा, प्रकृति, जल, वायु र उदाउँदो सूर्यकी बहिनी "षष्ठीमात" लाई समर्पित हुन्छ ।

यस पर्वको अवसरमा संघीय सरकारले राष्ट्रिय विदा दिने गरेको छ । जसबाट यो पर्वले राष्ट्रिय रुप र स्वरुप ग्रहण गरेको छ । सूर्य नै शक्ति र उर्जाको स्रोत हुन भने प्रमाणिकता रामायणकाल देखि नै "विदेह सभ्यता" मा रहेको छ। लंका विजय पछि जननी जगदम्बा सीताजीले रावणवधबाट त्राण पाउन ऋषि गौतमको सल्लाह अनुसार "सूर्य पूजा" गरेकी थिइन भने महाभारतकालीन समयमा "अज्ञातवास" लाई सफल बनाउन द्रोपदीले "सूर्य पूजन" गरेकी थिइन् ।यसप्रकार बहुआयामिक महत्त्व र अस्तित्व बोकेको यो पर्व नेपाल र नेपालीलाई सुख, समृद्धि, शान्ति, सह-अस्तित्व, समभाव, समरस र समत्व प्रदान गरोस् ।हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।

२०८०।०९।१७

# प्रेस विज्ञप्ति

## मौलिक हकको संरक्षण गर्न अपील !

नेपालको संविधानको भाग -३ मा मौलिक हकको व्यवस्था गरेको छ । जसमा धारा-१७, धारा- १८, धारा-३२ लगायतका धाराहरुले प्रत्येक नेपाली नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक प्रदान गरेको छ ।

राज्यले उल्लेखित मौलिक हकको पूर्णतः उपभोग गर्ने वातावरणको सृजना गर्न दिनुपर्छ। नकि कुनै विशेष भेषभुषा, रंग-रुप, भाषा भएकालाई धडपकड वा गिरफ्तार गरी कारवाही गर्ने ।

तसर्थ, संविधान प्रदत्त मौलिक हकको वेरोक-टोक र निर्वाधरुपमा नागरिकलाई उपयोग र उपभोग गर्न दिनका लागि आयोग हार्दिक अपील तथा अनुरोध गर्दछ ।

मितिः २०८०।१२।०७

# प्रेस विज्ञप्ति

## आयोगको पाँचौ वार्षिकोत्सब

"मधेशी आयोगको सतत् सदिच्छा

राज्यमा समुचित पहुँचको लागि

नैतिकवान् मधेशःसशक्त नैतिक शिक्षा ।"

नेपालको संविधानको भाग २७ र धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। यो आयोगलाई स्वतन्त्र संवैधानिक निकायको रुपमा चित्रित गरिएको छ । यसबाट के प्रष्टिन्छ भने सामाजिक समावेशीता, मानव अधिकार, संविधानवाद र परिभाषित कानुनी शासनलाई प्रभावकारी रुपमा स्थापित गर्नका लागि नै यो आयोग बनाइएको हो । संविधानको प्रस्तावना देखि भाग र धाराहरुमा अक्षरांकित गरिएका मानव अधिकार, समानुपातिक समावेशिता र सामाजिक न्यायप्रति राज्यलाई अझ जिम्मेवार बनाउन सक्रिय भूमिका निर्वाह गर्नु पर्छ भन्ने दायित्वमुखी जिम्मेवारी रहेको छ ।

मधेशी आयोगको स्थापना बर्ष २०७५ तथा कार्यसंचालन वर्ष पनि २०७५ चैत ७ गते नै रहेको छ । स्थापना काल देखि नै यो आयोगले प्राप्त संवैधानिक र कानुनतः परिभाषित गरिएका कार्यहरु अहोरात्र सम्पादन गर्दै आएको छ । यसै क्रममा कोभिड-१९ को पहिलो, दोस्रो र तेस्रो लहरको विश्वव्यापी महामारीले नेपाललाई पनि निकै अप्ठेरोमा पारेको थियो र अझैसम्म त्यसको नकारात्मक प्रभाव आर्थिक र सामाजिक लगायतका क्षेत्रमा देखा परेकै छ । यसको कुप्रभाववाट यो आयोग पनि निकै प्रभावित

भए । विश्व संकटका वावजुद पनि यो आयोगले प्राप्त जिम्मेवारीलाई अक्षरशः वहन गर्दै आयोगलाई सकेसम्म प्रविधिको माध्यमवाट जनमैत्री बनाएको छ । प्राप्त वैधानिक जिम्मेवारी अनुसार "**मधेश**" शव्द र भूगोगको परिभाषा गरिएको छ । त्यस्तै, मधेशी समुदाय को को हुन ? परिभाषित गरिएको छ। मधेशीको खण्डिकृत जनसंख्या कति छ ? त्यसको लागि मधेश प्रोफाइल र सांस्कृतिक अवस्थाको यर्थाथ चित्रणको लागि वृत्तचित्र निर्माण गरिएको छ । मधेशी समुदायको समस्या पहिचान र वर्ग पहिचान गरिएका छन् । पञ्चवर्षिय रणनीतिक योजना तयार गरी सरोकारवालाहरुमा कार्यान्वयनको लागि सिफारिस गरिएको छ । आयोगले प्राप्त अधिकार अनुसार, अनुगमन, समिक्षा र मुल्यांकन गर्ने कार्य गरेको छ। प्राप्त सयकडौं उजुरीहरु माथि कारवाहीको लागि कार्यसम्पादन भएको छ । संघीय संसद, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा तीन पटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग सघन छलफल भएको छ । आयोगको स्थापनाकालदेखि वर्तमान सम्म शुन्य वेरुजु भएको लगायतका ऐतिहासिक कार्यहरु सुसम्पन्न भएका छन् ।

यी कालजयी अध्यापन र अनुसन्धानहरु नेपालको इतिहासमै प्रथम पटक भएका छन्। यसै क्रममा आ.व. ०७९/०८० मा आयोगले "**राज्यमा मधेशी समुदायको पहुँच**" सम्वन्धमा अध्ययन सुसम्पन्न गरेको छ । यस अध्ययन अनुसार, मधेशी समुदायको पहुँच नेपाली सेनामा ०३%, निजामती सेवामा ०८%, सशस्त्र प्रहरी बलमा ०९%, नेपाल प्रहरीमा १२% र नेपाल राष्ट्र बैंकमा १२.११% रहेको छ । २०८० वैशाख महिनासम्म जो जसले मधेशी प्रमाणपत्र लिएका छन् ती सबैको यस अध्ययनको प्रतिवेदनमा सहभागिता रहेका छन् । यसमा मधेशी दलित, मधेशी आदिवासी जनजाति, थारु, मुस्लिम लगायतका समुदायहरु रहेका छन् ।

यसप्रकार सवै जात र समुदायलाई एकत्रित गर्दा जम्मा जनसंख्या ४९% हुन जान्छ। यो अध्ययन प्रतिवेदनको डिजिटल प्रकाशन र हार्डकपी दुबैमा प्रकाशन गरिएको छ। यसै वार्षिक प्रतिवेदन मार्फत राज्यलाई सिफारिस गरिनेछ । जसबाट मधेशी समुदायको

राज्यमा यथेष्ट पहुँचको लागि आधारस्तम्भ स्थापित हुनेछ । यसै अध्ययनको आधारमा मधेशी आयोगले प्रभावकारी रुपमा समस्या समाधान गर्न सिफारिस नेपाल सरकारलाई गर्नेछ । थप अध्ययन तथा अनुसन्धानको निरन्तरता आयोगले गर्ने नै छ । यस्तै, २०७८ को जनगणना अनुसारको "**मधेश प्रोफाइल**" अद्यावधिक गरिएको छ ।

सबै अधिकारमुखी संवैधानिक आयोगहरुसँगको समन्वय र सहकार्यमा लक्षित समुदायको राज्यमा समुचित र न्यायिक पहुँचको लागि आयोगले अहोरात्र कार्य गर्दै आएको छ ।

नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षाको माध्यमवाट आयोगले स्थापनाकाल देखि नै केन्द्रिय तह, प्रादेशिक तह र तराई-मधेशका सीमावर्ती जिल्लाहरुका स्थानीय तहमा समेत नेपाल सरकारको सहकार्यमा अभिमुखीकरण कार्यक्रम संचालन गर्दै आएको छ। यी कार्यक्रमहरु अत्यन्तै फलदायी रहेका छन् ।

आयोगको ऐनको प्रस्तावना अनुसार "**इतिहास र संस्कृतिको पहिचान गरी त्यसलाई संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्नु**" प्राप्त वैधानिक जिम्मेवारी अनुसार आयोगले विदेह सभ्यतालाई सशक्तीकरण गर्ने अभियानलाई समेत अग्रसारित गरेको छ । यसै क्रममा गरिएका केहि परिदृश्य यसप्रकार रहेका छन् :

सभ्यताहरुको कठिन संघर्ष - माझ र समूहमा मानव जातिको उदय र उदगम् भएको देखिन्छ। विभिन्न विचार र धर्मावलम्बीहरुले मानव जातिको सम्वन्धमा आ-आफ्ना विचार राखेता पनि सिन्धु/हिन्दु सभ्यताको वैज्ञानिक दस्तावेजीकरण भएको प्रमाणिकता देखिन्छ । अनेकानेक सभ्यताहरुसंग संघर्ष गर्दै सिन्धु नदिदेखि व्रम्हपुत्र र भगिरथी-गंगा उत्तरमा हिमालयसम्म एउटा सभ्यताले सुदृढ अस्तित्व कायम गरे जसलाई आर्य भनिएको देखिन्छ । यो आर्य सभ्यताका सामाजिक, सांस्कृतिक र राजनीतिक नेतृत्वकर्ता "**मनु**" थिए । मनु लाई मनुष्य वा मानवको संक्षिप्त शव्दरुप मानिन्छ । सम्भवतः मनुवाट नै अंग्रेजीको Man शव्द आएको भान हुन्छ । मनुलाई मानव जातिको प्रथम सन्देशवाहक पनि भनिन्छ । मनु सृष्टिकर्ता व्रम्हाका सृष्टि अंश थिए र उनी सतरुपाका पति थिए । भनिन्छ, मनुको जन्म १९७०० वर्ष पहिले नै भएको थियो।

उनको १० रुप थियो वा सृष्टिकर्ताले दसवटा मनुको सृजना गरे । प्रथम मनु-सतरुपाका पाँच सन्तान भए । जसमा दुई छोरा र तिन छोरी भईन् । छोराहरुमा प्रियव्रत र उत्तानपादु भए र छोरीहरुमा आकृति, देवभुमि र प्रसुति भईन् । कपिलमुनि देवभुमिका भए । मनुले राज्यकाज सुन्दरतम् जिम्मेवारीका साथ पूरा गरे । राजा भएर गरेका कामहरु सुनौलो अक्षरमा अक्षरांकित भएको थियो तैपनि केहि सामाजिक विवादहरु अर्थको अनर्थ लगाए पछि देखिन्छ । मनुले जीवनको उत्तरार्द्धमा मुनि मनु भए पछि उहाँ द्वारा ऋषि-मुनिहरुलाई दिएका वा प्रदान गरिएका वचनहरुमा "मनुसंहिता" प्रतिपादन भए जसको सवल अस्तित्व अझै रहेको देखिन्छ । उहाँ द्वारा भनित र चयनित श्लोक "**जन्मनाजायते शुद्रः, कर्मणाद्विज भवेत्**" ले वैज्ञानिक आधार प्रस्तुत गरेको छ । जन्मले सवै शुद्र तुच्छकर्मी हुन्छन् तर कर्मले उच्चकर्मी वा व्राम्हण हुन्छन् ।

वाल्मीकि रामायण अनुसार, मनुका वंशजहरु जसलाई सीतायन-रामायण पूर्वका वंशज मानिन्छन्। यस प्रकार रहेका छन् :-

१. मनु २.ऋषभ/ इक्ष्वाकु ३.निमि ४.मिथि ५.जनक ६.उदावसु ७.नन्दिवर्धन ८.सुकेतु ९.देवरात १०.बृहद्रथ ११.महावीर १२.सुधृति १३.धृष्टिकेतु १४.हर्यरब १५.मरु १६.प्रतिन्धक १७.किर्तिरथ १८.देवमीठ १९.विवुध २०.महिध्रक २१.किर्तिरात २२.महोरमा २३.स्वर्णरोमा २४.हर्षरोमा २५.शीरध्वज जनक [सीताको पिता]

माथीबाट गणना गर्दा शिरध्वज जनक विदेह सभ्यताका वाइसौ राजा भए । यस्ता ऐतिहासिक अध्ययन कार्यमा समेत आयोग प्रतिवद्ध रहेको छ।

